International
Labour
Organization

# अन्तर्राष्ट्रिय श्रम संगठन

## शहरी क्षेत्रहरुमा सामुदायिक पूर्वाधार विकास


## शहरी क्षेत्रहरुमा न्यून आय अभिवृद्धिका निम्ति रोजगारीको श्रृजना











# नेपालको लागि कार्यन्वयन निर्देशीका

# अन्तर्राष्ट्रिय श्रम संगठन

शहरी क्षेत्रहरुमा सामुदायिक पूर्वाधार विकास

शहरी क्षेत्रहरुमा न्यून आय अभिवृद्धिका निम्ति रोजगारीको श्रृजना

# नेपालको लागि कार्यन्वयन निर्देशीका

**Serge Cartier van Dissel**

शहरी क्षेत्रहरुमा सामुदायिक पूर्वाधार विकास - नेपालको लागि कार्यान्वयन निर्देशिका

प्रतिलिपि अधिकार © अन्तर्राष्ट्रिय श्रम संगठन २००९

प्रथम संस्करण २००९

अन्तर्राष्ट्रिय श्रम संगठनसँग विश्वव्यापी प्रतिलिपि अधिकार महासन्धिको प्रोटोकोल २ अन्तर्गतको प्रतिलिपि अधिकार छ । जे होस, स्रोत सूचित गरिने खण्डमा कुनै अधिकार बिना यसका साना अंशहरु पुनः प्रकाशित गर्न सकिन्छ । यसको पुनः प्रकाशन वा अनुवादको अधिकारका लागि अन्तर्राष्ट्रिय श्रम संगठन प्रकाशन (अधिकार तथा अनुमति), अन्तर्राष्ट्रिय श्रम कार्यालय, CH-१२११ जेनेभा २२, स्विजरल्यान्डलाई दरखास्त गर्नुपर्छ वा pubdroit@ilo.org मा इमेल गर्न सकिन्छ । अन्तर्राष्ट्रिय श्रम कार्यालयले त्यस्ता दरखास्तहरुलाई स्वागत गर्दछ ।

पुनः प्रकाशनका अधिकारका लागि दर्ता भएका पुस्तकालयहरु, संस्थाहरु र अन्य प्रयोगकर्ताहरुले यो उद्देश्यका लागि उनीहरुलाई दिइएको इजाजतपत्रका अनुसार यसको प्रतिलिपिहरु बनाउन सक्छ । तपाईंको देशमा पुनः प्रकाशनको अधिकारको लागि www.ifrro.org वेबसाइट हेर्नुहोस् ।

CARTIER VAN DISSEL, Serge
*अन्तराष्ट्रिय श्रम संगठन - शहरी क्षेत्रहरुमा सामुदायिक पूर्वाधार विकास शहरी क्षेत्रहरुमा न्यून आय अभिवृदिका निम्ति रोजगारीको श्रृजना - नेपालको लागि कार्यन्वयन निर्देशीका*

अन्तर्राष्ट्रिय श्रम संगठनको नेपाल स्थित कार्यालय तथा रोजगार मुलक लगानी कार्यक्रम (ई.आई.आई.पी.), अन्तर्राष्ट्रिय श्रम संगठन, २००९, ६४ पेज

प्रकाशन तथ्यांकमा अन्तर्राष्ट्रिय श्रम संगठनको सूचीकरण

संयुक्त राष्ट्रसंघले अभ्यास गरेअनुसार एकरुपता भएको अन्तर्राष्ट्रिय श्रम संगठनका प्रकाशनहरुमा प्रयोग गरिएका नाम र सामग्रीहरुको प्रस्तुतीले देशको, क्षेत्रको वा इलाकाको जे जस्तो भएता पनि त्यहाँका अधिकारीहरुको कानुनी अवस्था सम्बन्धी अन्तर्राष्ट्रिय श्रम कार्यालयको कुनै पनि धारणा व्यक्त गर्दैन ।

हस्ताक्षर गरिएका लेख, अध्ययन र अन्य योगदानहरुमा व्यक्त गरिएका धारणाहरुको जिम्मेवारी पूर्ण रुपमा लेखकसँग सम्बन्धित हुन्छ र त्यहाँ व्यक्त भएका धारणाहरुलाई प्रकाशकले समर्थन गरेको हुँदैन ।

कुनै कार्यालय वा व्यापारिक उत्पादनहरु वा पद्धतिहरुको सन्दर्भलाई अन्तर्राष्ट्रिय श्रम कार्यालयले समर्थन दिएको भन्ने अर्थ दिदैन र कुनै पनि विशेष कार्यालय, व्यापारिक उत्पादन वा पद्धतिको उल्लेख गर्न छुटिएमा त्यो अस्वीकृतिको संकेत होइन ।

अन्तर्राष्ट्रिय श्रम संगठन प्रकाशन तथा यससम्बद्ध विद्युतीय लेखन सामग्रीहरु, मुख्य पुस्तक बिक्रेताहरु वा विभिन्न देशका स्थानीय अन्तर्राष्ट्रिय श्रम संगठनका कार्यालयहरु वा सोझै अन्तर्राष्ट्रिय श्रम संगठन प्रकाशन, अन्तर्राष्ट्रिय श्रम कार्यालय, CH-१२११ जेनेभा २२, स्विजरल्यान्डबाट प्राप्त गर्न सकिन्छ । नयाँ प्रकाशनहरुको सूची निःशुल्क रुपमा माथि उल्लेखित ठेगाना वा इमेल ठेगाना pubvente@ilo.org बाट प्राप्त गर्न सकिन्छ ।

हाम्रो वेबसाइट हेर्नुहोस् : www.ilo.org/publns

नेपालमा मुद्रित

# बिषयसुची


परिचय ..... १
शहरी विकास र गरीवी ..... १
शहरी क्षेत्रहरुमा पूर्वाधार विकास ..... १
करार गर्ने समुदाय ..... २
नगर निकायहरु ..... २
अन्तर्राष्ट्रिय श्रम संगठन र शहरी योजनाहरु ..... ३
यो निर्देशिका ..... ३

१. समुदायको छनौट ..... ४
वडा, टोल र समुदायहरु ..... ४
छनौट प्रकियाहरु ..... ५

२. परियोजना-प्राथमिकता ..... ८
परियोजनाको परिचय ..... ८
सहभागितामूलक रेखाङ्कन ..... ९
समस्या र आवश्यकताहरुको क्रमवद्धता ..... ९
छड्के भ्रमण ..... ११
जोखिममा रहेका समुहहरुको सहभागिता ..... १२

३. सामुदायिक संस्था ..... १३
समुदायमा आधारित संस्थाको गठन ..... १३
समुदायमा आधारित संस्थाको दर्ता ..... १४

४. परियोजना तयारी ..... १६
सर्वेक्षण ..... १६
नगर योजना र स्तरहरुको पुनरावलोकन ..... १६
डिजाइन विकल्प ..... १७
लागत र रोजगारी अनुमान ..... १९
डिजाइन र अनुमानहरुको छलफल र स्वीकार ..... २०

५. करार गर्ने समुदाय ..... २२
करारको तयारी ..... २२
सेवा प्रदायकसँग (उप) करार ..... २३
वित्तिय प्रवन्धहरु ..... २४
रकम भुक्तानी प्रवन्धहरु ..... २४
करार लिखत ..... २६
करारको हस्ताक्षर ..... २७

६. क्षमता अभिबृद्धि ..... २८
समुदायमा आधारित संस्थाको लागि क्षमता अभिबृद्धि ..... २८
साना खालका ठेकेदारहरुको लागि क्षमता अभिबृद्धि ..... २८
कामदारहरुको तालिम ..... २९
संचालन र मर्मतसम्भार ..... २९

७. कार्य कार्यान्वयन ..... ३०
कामदारहरुको भर्ती र पारिश्रमिक ..... ३०
सामाग्रीहरुको खरिद ..... ३३
उपकरार ..... ३३
परियोजना संशोधन ..... ३३

८. परिवेक्षण र रिर्पोटिंग ..... ३५
परिवेक्षण ..... ३५
परियोजना खर्च र सार्वजनिक लेखापरिक्षण ..... ३६

**९. संचालन र मर्मतसम्भार ........ ३८**
संचालन र मर्मतसम्भार क्रियाकलापहरु ........ ३८
संचालन र मर्मतसम्भारको वित्तिय पक्ष ........ ३९
संचालन र मर्मतसम्भारको व्यवस्थापन ........ ४०
संचालन र मर्मतसम्भारको कार्यान्वयन ........ ४१
संचालन र मर्मतसम्भार प्रवन्धहरु ........ ४१

**परिशिष्टहरु ........ ४३**
परिशिष्ट १ : नेपालमा नमूना परियोजनाहरु ........ ४४
परिशिष्ट २ : जनकपुर नगरपालिकाको गरिबी तथ्यांक ........ ४६
परिशिष्ट ३ : डिजाइन निर्देशिका ........ ४९
परिशिष्ट ४ : नमूना बिल अफ क्वान्टिटीज ........ ५१
परिशिष्ट ५ : करार लिखत उदाहरण ........ ५२
परिशिष्ट ६ : परियोजना नक्साको नमूना ........ ५५
परिशिष्ट ७ : नमूना कार्ययोजना ........ ५६
परिशिष्ट ८ : डिजाइन नक्साको नमूना ........ ५७
परिशिष्ट ९ : करार संशोधनको नमूना ........ ५८
परिशिष्ट १० : नमूना अनुगमन स्प्रेडसिट ........ ५९
परिशिष्ट ११ : संचालन र मर्मतहरुको निर्देशीकाहरु ........ ६०

## परिचय

प्राकृतिकरुपमा शहरी जनसंख्या बृद्धि र ग्रामीण क्षेत्रहरुबाट (विशेषत ग्रामीण भेगका गरिवहरुको) शहर-बजारहरुतर्फ बढ्दो प्रवाह दुबै कारणहरु गरी, मुख्यत विश्वको जनसंख्याको सामान्य शहरीकरणको प्रतिफल स्वरुप, विश्वमा गरिवी झन् झन् शहरीकरण हुँदैछ । ती शहरका गरिवहरु न्यून आय बस्तीमा बसोबास गर्छन्, जहाँ तिनीहरुले उच्च तहको न्यून रोजगारी र वेरोजगारी व्यहोर्नु पर्ने हुन्छ र तिनीहरुको आधारभूत सेवाहरुमा समेत पहुँच हुँदैन ।

यो निर्देशिकाले, कामहरु सिर्जना गर्नुको साथै न्यून आय भएकाहरुको स्थितिमा सुधार गरी, नेपालको शहरी क्षेत्रहरुमा सामुदायिक पूर्वाधारहरु विकास गर्न कार्यान्वयनको लागि संरचना प्रदान गर्दछ । यस परिच्छेदले शहरी विकास र गरिवीको आधारभूत तथ्याङ्कहरु समेटेको छ तथा करार गर्ने समुदायलाई रोजगारी र आय सिर्जना गर्ने श्रोतको रुपमा चित्रण गर्दै, न्यून आय बस्तीमा बसोबास गर्ने गरीवहरुको आधारभूत सेवाहरुमा पहुँच अभिबृद्धि गरी, गरीवी र भौतिक पूर्वाधार विकासबीचको सम्वन्धलाई प्रष्ट्याउँछ । बाँकी परिच्छेदहरुमा शहरी क्षेत्रहरुमा सामुदायिक पूर्वाधार विकासमा रहेका विभिन्न चरणहरु सम्वन्धी विस्तृत व्याख्या गरिएको छ ।

## शहरी विकास र गरीवी

सन् २००३ मा करीव एसियाको एक तिहाई जनसंख्या, १ अब ५० करोर्ड मानिस वा विश्वको २०% जनसंख्या शहरी क्षेत्रमा बसोवास गर्थे । सन् २०३० सम्ममा आधा भन्दा धेरै एसियाली जनसंख्या शहरीया हुनेछन् र शहरी जनसंख्याको आकार करीव तेव्वर २ अब हुनेछ वा विश्वको ३०% जनसंख्या हुनेछ भनी अनुमान गरिएको छ ।[१]

एसियाको जनसंख्याको ३०% भन्दा कमलाई मात्र गरीव मानिएको भएतापनि तिनीहरु विश्वको गरिवहरुको ७०% हुन आउँछ । एसियाको शहरी जनसंख्याको करीव २५% गरीव छन् र यो प्रतिशत गरीव मानिसहरुको निरन्तर शहरहरुतिर प्रवाहसँगै बृद्धि हुँदै आएको छ । विशेषगरी सहशताव्दी विकास लक्ष्यहरुमा समावेश गर्दै, एसियाली शहर र बजारहरुमा यो धेरै र बढ्दो गरीवहरुको संख्यासँगै शहरी क्षेत्रहरुमा रहेको गरीवीलाई सम्वोधन गर्नु पर्ने आवश्यकतालाई व्यापकरुपमा मान्यता दिइएको छ,।

शहरी गरिवहरु न्यून आय बस्तीमा बसोबास गर्छन, जुन आधारभूत आवश्यकताहरुको अभाव र न्यून पहुँचबाट चिनिन्छ । आधा शहरी जनसंख्याको उचित खानेपानी व्यवस्थामाथि पहुँच नभएको र अधिकांश शहरहरुमा आवश्यक मात्रामा ढलनिकास र फोहर व्यवस्थापन गर्ने सुविधाहरुको साथै प्रभावकारी फोहर संकलन प्रणाली नहुनुले, पहुँच र आधारभूत सेवाहरु पर्याप्त मात्रामा बढ्दो संख्याको शहरी बासिन्दाहरुलाई पुऱ्याउन सकिएको छैन ।[२] अर्को विशेष विषय भनेको अनौपचारिक अर्थतन्त्रमा निर्भर रहने न्यून आय बस्तीमा बसोबास गर्ने लाखौं मानिसहरुसँग सँगै न्यून रोजगारी र बेरोजगारी हो, जहाँ तिनीहरुले बाँच्न पुग्ने मात्र कमाइ गर्छन् ।

शहरी क्षेत्रहरुमा पूर्वाधार विकासको मुख्य सोच भनेको यि दुबै बिषयलाई मिम्न आय भएको शहरी गरिबि तथा रोजगारी निर्माणमा सुधारिएको मार्ग बाट संबोधन गर्नु हो । जसमा यसले थुप्रै शहस्राब्दी उद्देश्य, उत्पादनमुलक रोजगारी निर्माण, सम्मानजनक काम तथा शहरी गरिबिका आय (एम डी जी १), छात्र छात्रा का लागि शिक्षामा सुधार (एम डी जी २), महिलाका लागि रोजगारी तथा अबसरको प्रबन्ध (एम डी जी ३), स्वास्थ्य सुरक्षा तथा आधारभुत स्वास्थ्य सेवा साथै स्वास्थ्य प्रदुशणको कमी (एम डी जी ४, ५ र ६) र निम्न आय भएको ठाउँमा स्वच्छ खानेपानी तथा आधारभुत सरसफाईका बाटाहरु वृद्धि गरी जिवनस्तरमा सुधार ल्याउने (एम डी जी ७) का बारे संबोधन गर्छ ।

## शहरी क्षेत्रहरुमा पूर्वाधार विकास

शहरीकरणले चुनौतीहरु मात्र सिर्जना गर्दैन, अवसरहरु पनि ल्याउने गर्दछ । शहरहरुसँग आर्थिक बृद्धि, सामाजिक विकास र शहरीया गरिवहरुको लागि जीविकोपार्जन तथा काम गर्ने अवस्थाहरुमा सुधारहरु गर्ने क्षमता छ । शहरीया गरिवहरुको लागि जीविकोपार्जन तथा काम गर्ने अवस्थाहरुमा सुधारहरु गर्ने कुनै पनि रणनीतिमा, यद्यपी भौतिक, सामाजिक, आर्थिक, संगठनात्मक र वातावरणीय सुधारहरु सहित बस्ती सुधारलाई मुख्यकेन्द्र

[१] स्रोतः http://www.adb.org/urbandev/fags.asp

[२] स्रोत: http://www.adb.org/urbandev/fags.asp

बनाइनुपर्दछ । भौतिक पूर्वाधार विकासले कुनै बस्ती सुधारको महत्वपूर्ण भाग ओगटेको हुन्छ र उचित भौतिक पूर्वाधार र सुविधाहरुको अभाव भएमा जीविकोपार्जन तथा काम गर्ने अवस्थाहरुमा आवश्यक सुधार गर्न सकिदैन । भौतिक पूर्वाधार विकासले शहरीया गरिवहरुको जीवनको गुणस्तरमा उच्चरुपमा देखिने गरी तत्काल र ठूलो फरक पार्दछ, साथै त्यहाँका बासिन्दाहरुबाट निजी लगानी गर्न उत्प्रेरक बन्दछ ।

जीविकोपार्जन तथा काम गर्ने अवस्थाहरुमा पार्ने प्रभाव बाहेक, भौतिक विकासले शहरीया गरिवको लागि रोजगारी र आर्यआर्जन सिर्जना गर्न अवसर पनि प्रदान गर्छ । मानव र साधन दुवै, स्थानिय स्रोतसाधनहरुको उचित प्रयोग तथा भौतिक पूर्वाधार र सम्वन्धित सेवाहरुको विकास, संचालन र मर्मतसुधारमा राम्रो र आधारभूत कार्य पद्धतिहरु र प्रविधिहरुको प्रयोगबाट, ग्रामीण गरीवहरुको लागि लाभ बृद्धि गर्न सकिन्छ ।

यसले अदक्ष गरीवको साथै दक्ष कामदारहरु तथा स्थानिय ठेकेदारहरु र उद्योगहरुको लागि रोजगारी र आयआर्जनको अवसरहरुको सिर्जना गर्दै, श्रममा आधारित पद्धतिको उचित र सक्षम प्रयोग तथा तिनीहरुको स्थानियरुपमा उपलब्ध साधन र सामानहरुसँगको संमिश्रणलाई समेट्छ । योजना र प्राथमिकता निर्धारण देखि संचालन र मर्मतसुधारको कार्यान्वयनसम्म सम्पूर्ण भौतिक पूर्वाधार विकास प्रकृयामा शहरी समुदायहरुको संलग्नताले, उचित र दिगो भौतिक पूर्वाधारको सुनिश्चितता तथा सिप विकास र संगठनात्मक सुदृढिकरणबाट, ती लाभहरुलाई अझ बढाउन सक्छ । यसले अदक्ष गरीवको साथै दक्ष कामदारहरु तथा स्थानिय ठेकेदारहरु र उद्योगहरुको लागि रोजगारी र आयआर्जनको अवसरहरुको सिर्जना गर्दै, श्रममा आधारित पद्धतिको उचित र सक्षम प्रयोग तथा तिनीहरुको स्थानियरुपमा उपलब्ध साधन र सामानहरुसँगको संमिश्रणलाई समेट्छ । योजना र प्राथमिकता निर्धारण देखि संचालन र मर्मतसुधारको कार्यान्वयनसम्म सम्पूर्ण भौतिक पूर्वाधार विकास प्रकृयामा शहरी समुदायहरुको संलग्नताले, उचित र दिगो भौतिक पूर्वाधारको सुनिश्चितता तथा सिप विकास र संगठनात्मक सुदृढिकरणबाट, ती लाभहरुलाई अझ बढाउन सक्छ (एम डी जी १)। यस्ता आधारभुत कार्य अवस्थाले न्युनतम तलव स्तर, कार्य घण्टा, समान मुल्यको समान पारिश्रमिक, कामदार छनोटमा बिभेदको अन्त्य, कामदारको स्वास्थ्य र सुरक्षाको ग्यारेन्टी र कार्यक्षेत्रमा सुरक्षात्मक तरिकाको प्रयोग, कामदारलाई क्षतिपुर्तिको प्रबन्ध, काममा बालबालिका र जबरजस्तीको अन्त्य समेट्छ । यो निर्देशिकाले यिनै कुराहरु बारे बिस्तृत ब्याख्या गर्छ, जसको उद्देश्य सामुदायिक पुर्वाधार बिकास मार्फत रोजगारी उत्पादन गरी शहरी क्षेत्रमा सम्मानजनक कामको उत्पादन गर्नु हो ।

शहरी समुदायहरुको सम्पुर्ण पुर्वाधार बिकास पद्दतिमा योजना र प्राथमिकता मार्फत संचालन र मर्मत को कार्यन्वयनको सहभागिताले यस्ता फाइदाहरुलाई उचित र दिगो पुर्वाधार अनि क्षमता अविबृद्दि र संगठनात्मक सुधार मार्फत दरिलो बनाउने काम गर्छ ।

## करार गर्ने समुदाय

कार्यान्वयन प्रकृयामा प्रत्यक्ष समुदाय संलग्नतालाई सामान्यरुपमा करार गर्ने समुदाय भनिन्छ र यो प्राय पूर्व र पछि -योजना तथा संचालन र मर्मतसुधारको कार्यान्वयन चरणहरुसम्म हुने गर्दछ । यस्ता तरिकामा, समुदाय प्रथमतः आफ्नो आवश्यकताहरु निर्धारण र प्राथमिकताबद्ध गर्न र उचित समाधानहरु पत्ता लगाउन संलग्न हुन्छन्, त्यसपछि छनौट गरिएको समाधान लागू गर्न सहभागि हुन्छन् । कार्यान्वयन चरणमा भएको संलग्नतालाई करार गर्ने निकाय र समुदायमा आधारित संस्थाका प्रतिनिधिहरु बीच, दुवै साझेदारहरुको भूमिका र जिम्मेवारीहरुको निर्धारण गरी, करारनामामा हस्ताक्षर गरेर औपचारिक बनाइन्छ । यो सामुदायिक करारले निर्माण गरिने भौतिक पूर्वाधारको संचालन र मर्मतसुधारको विशेषताहरु परिभाषित गर्छ वा यसलाई छुट्टै सम्झौता बनाइन सक्छ ।

सम्पूर्ण भौतिक पूर्वाधार विकास प्रकृयामा समुदायहरुलाई संलग्न गराईनुको फाइदाहरु दुवै भौतिक र अभौतिक छन् । भौतिक फाइदाले निर्माण गरिएको भौतिक पूर्वाधारको उच्च प्रभाव र दिगोपनलाई समेट्छ किनभने यसो गर्दा समुदायको आवश्यकता र प्रथाहरुको लागि धेरै उचित हुन्छ र प्रकृयाहरुभरि तिनीहरुको संलग्नताले पछि संचालन र मर्मतसुधारको लागि आवश्यक सिपहरु र जिम्मेवारी बोध गराउँदछ । तर अभौतिक रुपमा, सम्पूर्ण परियोजना प्रकृयामा समुदायको संलग्नताले स्थानिय सीपहरुको विकास र समुदायमा आधारित संस्थाहरुको सुदृढिकरणको सुनिश्चितता प्रदान गर्नुका साथै सिंगो समुदायलाई अन्य सामुदायिक अभियानहरु संचालन गर्न मार्गनिर्देश तथा अन्य रोजगारीका अवसरहरुमा उच्च पहुँचको सुनिश्चितता गर्छ ।

## नगर निकायहरु

नगर निकायहरु न्यून आय बस्ती सुधार गर्न शहरी समुदायहरुको लागि मुख्य साझेदार संस्था हो र यो निर्देशिकाको लागि मुख्य लक्षित समुदाय पनि हो । विकास तथा दातृ निकायहरु, नागरिक समाज संगठनहरु, गैरसरकारी संस्थाहरु, संघहरु र एसोसियसनहरु, विश्वविद्यालय र अन्य शैक्षिक संस्थाहरु, निजी क्षेत्र र सार्वजनिक सेवा प्रदायकहरु लगायतका अन्य निकायहरुले शहरी क्षेत्रमा भौतिक पूर्वाधार विकास र न्यून आय बस्ती सुधार गर्न भुमिका खेल्न सक्दछन् र यो निर्देशिका उपयोगी पनि हुनसक्छ । यसो भएतापनि नगर निकायहरु सधैं मुख्य साझेदारको रुपमा संलग्न हुन्छ र साधारणतया करार गर्ने निकाय हुन्छ, जसले शहरी समुदायहरुसँग सम्झौता गर्छ ।

यसकारण यो निर्देशिका नगर निकायहरुलाई न्यून आय बस्ती सुधार गर्न तथा रोजगारी र आयआर्जन अवसरहरु सिर्जना गर्न लक्षित शहरी क्षेत्रहरुमा सामुदायिक पूर्वाधार विकासको सफल कार्यान्वयन गर्न आवश्यक सुचना प्रदान गर्न विशेष लक्षित छ ।

## अन्तर्राष्ट्रिय श्रम संगठन र शहरी योजनाहरु

यो निर्देशिका शहरी क्षेत्रहरुमा सामुदायिक पूर्वाधार विकासमा रोजगारी र आयआर्जनको लागि अन्तर्राष्ट्रिय श्रम संगठनबाट विकसित गरिएको पद्धतिहरुमा आधारित छ, विशेषगरी सन् २००९[३] मा विकसित गरिएको सामान्य क्षेत्रिय निर्देशिका र विभिन्न नमुना परियोजनाहरुमा आधारित छ । शहरी क्षेत्रहरुमा सामुदायिक पूर्वाधार विकासको लागि यस पद्धतिलाई अझै नेपालमा चार वटा नमुना परियोजनाहरुको कार्यान्वयनमार्फत परिक्षण र सुधार गरिएको छ, जसले नेपालमा शहरी क्षेत्रहरु र समुदायहरुको लागि विशेषरुपमा यो हालको निर्देशिकाको विकास गराएको छ ।

नमुना परियोजनाहरु धनुषा जिल्ला, जनकपूर नगरपालिकामा संचालन गरिएको थियो र तीन वटा टोल (रजउल, मुजेलिया र सोहनी)का समुदायहरुलाई संलग्न गराइएको थियो । समुदायहरुबाट प्राथमिकतामा राखिएको भौतिक पूर्वाधारहरु र नमुना परियोजनाको भागका रुपमा विकसित गराइएकोभित्र सडकसम्मको पहुँचमा बृद्धि र शहरी सडकहरु, ढल निकासाको निर्माण र सामुदायिक भवनहरुको निर्माण पर्दछन् । यी चार नमुना परियोजनाहरुबाट प्राप्त अनुभवहरुलाई शहरी क्षेत्रहरुमा सामुदायिक पूर्वाधार विकास गर्ने विभिन्न चरणहरु प्रष्ट्याउन यस निर्देशिकाभित्र समावेश गरिएको छ । चार वटा परियोजनाहरुको विस्तृत विवरण अनुसुची १ मा समावेश गरिएको छ ।

## यो निर्देशिका

यो निर्देशिकाले शहरी क्षेत्रहरुमा सामुदायिक पूर्वाधार विकासका चरणबद्ध पद्धतिलाई देखाउँछ । विभिन्न चरणहरुले परियोजना चक्रभरि शहरी समुदायहरुको संलग्नता कसरी सुनिश्चितता गर्ने तथा समुदायका सदस्यहरु र स्थानिय ठेकेदारहरु र उद्योगकर्मीहरुको लागि रोजगारी र आयआर्जन अवसरहरु कसरी सिर्जना गर्ने भनी मार्गनिर्देशन प्रदान गर्छ भने, निर्माण गरिएको भौतिक पूर्वाधारको प्राविधिक गुणस्तर र लागत प्रभावकारीताको सुनिश्चितता गर्न स्रोतहरुको प्रभावकारी र प्राविधिकरुपमा सक्षम प्रयोगको सुनिश्चितता गर्छ ।

पहिलो चार परिच्छेदहरुले परियोजनाको तयारी चरणलाई समेटेको छ । परिच्छेद १ ले वडा र समुदायहरुको छनौट र प्राथमिकतालाई समेटेको छ जुन नगरपालिकाको सिमानाभित्रको सबैभन्दा गरिव क्षेत्रहरुलाई प्रभावकारीरुपमा लक्षित गर्न अतिआवश्यक छ । परिच्छेद २ ले छानिएको समुदायहरुको प्राथमिक आवश्यकताहरु निर्धारण गर्न आवश्यक तरिकाहरु प्रदान गर्छ भने, परिच्छेद ३ ले समुदायमा आधारित संस्थाहरुको गठन र दर्तालाई समेटेको छ जुन परियोजना कार्यान्वयनमा नगर निकायहरुको लागि समकक्षी बन्छ । यो चरणको अन्तिम भाग, परिच्छेद ४ ले, परियोजना तयारीको अन्तिम चरणहरुको व्याख्या गर्छ जसमा परियोजना निर्माण तथा लागत र रोजगारीको अनुमान तयार गरिन्छ र समुदायहरुसँग छलफल गरिन्छ ।

अन्य चार परिच्छेदहरुले परियोजनाको कार्यान्वयन चरणलाई बुझाउँदछ । परिच्छेद ५ ले करार गर्ने समुदायलाई केन्द्रित गरी तथा करारनामा र रकम भुक्तानीको तयारी जस्ता महत्वपूर्ण विषयहरुलाई मध्यनजर गरी, करारको

[३] "कम्मुनिटि इनफ्रास्ट्रक्चर इन अरवन एरियाज् - क्रियटिंग जव्स् वाइल इम्प्रुभिंग लो इनकम सेटल्मेन्ट", एसिया तथा प्रशान्त क्षेत्रको लागि आइएलओ क्षेत्रिय कार्यालय, २००९

तयारीको चर्चा गर्छ। परिच्छेद ६ ले समुदायमा आधारित संस्था र कामदारहरु दुवैको लागि तालिम र सुपरिवेक्षणको आवश्यकतालाई समेटेको छ भने परिच्छेद ७ ले कार्यान्वयनको समयमा संगठनहरुको विभिन्न योगदानहरुको बारेमा चर्चा गर्छ। यो चरणको अन्तिम भाग, परिच्छेद ८ ले, समुदायमा आधारित संस्थाले गरेको परियोजना कार्यान्वयनको करार गर्ने निकाय र व्यापक समुदाय दुबैबाट निगरानी हुने गरी, उचित परियोजना व्यवस्थापन र पारदर्शिताको सुनिश्चितता गर्न व्यवहारिक र प्रभावकारी अनुगमन प्रणालीको आवश्यकतालाई समावेश गरेको छ।

यो निर्देशिकाको अन्तिम परिच्छेदले संचालन र मर्मतसुधारको कार्यान्वयन पछिको चरणलाई समेटेको छ। यसले निर्माण गरिएको भौतिक पूर्वाधारको दिगोपनलाई सुनिश्चितता दिन उपलब्ध स्रोतसाधनहरु र सीपहरुको उचित प्रयोग साथै अझ दिर्घकालिनरुपमा रोजगारी र आयआर्जन अवसरहरु सिर्जना कसरी गर्न सकिन्छ भनी चर्चा गर्छ। यो चरणमा समुदाय, नगर निकाय र सम्भावित अन्य निकायहरुको भुमिकालाई व्याख्या गरिएको छ।

# १. समुदायको छनौट

शहरी क्षेत्रहरुमा सामुदायिक पूर्वाधार विकासको प्रक्रुयामा पहिलो चरण भनेको समुदाय वा समुदायहरुको छनौट हो जहाँ भौतिक पूर्वाधार सुधारहरुको लागि सामान्यतया नगर निकायहरुसँग उपलब्ध भएको सिमित स्रोतसाधनहरु लगानी गरिन्छ । कम्तिमा पनि ती स्रोतहरुको भाग नगरपालिकाको सिमानाभित्र रहेको सबैभन्दा गरीब समुदायहरु र सुधारको आवश्यक रहेको समुदायहरुप्रति लक्षित हुनुपर्दछ । यो परिच्छेदले समुदायहरुको पहिचान र तिनीहरुको प्राथमिकता र गरीबी तथा अन्य आधारहरुमा छनौटको बारेमा संक्षेपमा व्याख्या गर्दछ ।

## वडा, टोल र समुदायहरु

शहरी क्षेत्रहरुमा सामुदायिक पूर्वाधार विकासको प्रकृया शुरु गर्नुभन्दा पूर्व, "समुदाय"लाई परिभाषित गर्नुपर्ने हुन्छ । परम्परागतरुपमा, समुदायलाई "साझा स्थानमा वसोवास गर्ने मानिसहरुको समुह"[४]को रुपमा परिभाषित गरिएको छ । ग्रामिण क्षेत्रहरुमा समुदायहरुलाई प्रायजसो भौगोलिकरुपमा (एक आपसमा नजिक बसोवास गर्ने घरपरिवारहरुको समुह) परिभाषित गरिन्छ र सामान्यतया आफ्ना वरपरको संसारको बारेमा साझा पृष्ठभूमि र साझा विचारहरु राख्छन् । शहरी परिपेक्ष्यमा, यद्यपी, एक आपसमा नजिक बसोवास गर्ने धेरै ठूलो संख्याका मानिसहरु प्रायजसो फरक पृष्ठभूमिहरुबाट आएका हुन्छन् र फरक विचारधारा राख्छन् (विशेषगरी न्यून आय बस्तीमा जहाँ ग्रामीण क्षेत्रहरुको प्रवाह उच्च छ ), समुदायहरु प्रशासनिक सिमानाहरुबाट परिभाषित हुने गर्दछ । समुदायहरु र तिनीहरुको सिमानाको परिभाषामा अन्य विशेषताहरु जस्तै धर्म, जात वा जनजाति आदिको पनि उच्च प्रभाव हुन सक्छ ।

नेपालमा नगरपालिकाहरु वडाहरुमा विभाजन गरिएको छ । यस्ता वडाहरुभित्र फरक टोलहरु सामान्यतया पहिचान गर्न सकिन्छ जसलाई छुट्टै समुदायको रुपमा हेर्न सकिन्छ । ती समुदायहरुलाई एकरुप छ भनी भन्न खोजिएको होइन किनभने तिनीहरुका सदस्यहरु फरक पृष्ठभूमिहरु, जात, धर्म आदिबाट आएका हुनसक्छन् । एकरुपताको मात्रामा निर्भर रहदै, फरक भौगोलिकरुपले छुट्टिएका उप-टोलहरु हुनसक्छन्, प्रत्येकले आफ्नै समुदाय बनाएको हुनसक्छ वा अन्यथा एउटा सिंगो टोललाई फरक उपसमुहहरुसँगै एउटा समुदायको रुपमा मान्न सकिन्छ ।

**नमुना समुदायहरुको पहिचान**

नमुना परियोजनहरुको लागि छानिएको वडामा तीन वटा टोलहरु रजउल, मुजेलिया र सोहनी थिए । मुजेलिया टोललाई दुई वटा छुट्टै समुदायको रुपमा व्यवहार गर्ने निर्णय गरियो । यद्यपी, मुजेलिया-१ व्यापकरुपमा मध्यम जाति रहेको जनसंख्या भएको मुख्य शहरी केन्द्र थियो भने मुजेलिया-२ प्रकृतिमा धेरै ग्रामिण थियो र धेरै जसो तल्लो जाति भएको, मुख्य राजमार्ग भन्दा केही पर अवस्थित थियो । तिनीहरुमा भएको समस्याहरु पनि धेरै फरक प्रकृतिका थिए ।

मुजेलिया-२ पनि उच्चरुपले छुट्टिएको र प्रत्येक उप-टोलहरुको जनसंख्या फरक जातिहरु रहेको चार वटा उप-टोलहरु भएको भएतापनि, धेरै र अति साना समुदायहरुसँग कार्य गर्नु पर्ने कुरालाई त्याग्न, तिनीहरुलाई एउटै सिंगो समुह बनाई कार्य गर्ने निर्णय गरियो तर प्रत्येक उपसमुहहरुको उचित प्रतिनिधित्वको सुनिश्चितता भने गरिएको थियो । यसले परिणाममा मुजेलिया-२ को आवश्यकताहरुको प्राथमिकता निर्धारणमा केही कठिनाईहरु पैदा गऱ्यो किनभने फरक टोलहरुले फरक आवश्यकताहरुलाई प्राथमिकतामा राखे, तर सबै उप टोलहरुको प्रतिनिधित्वलाई सुनिश्चित गरी, सिंगो समुदायको लागि मुख्य प्राथमिकता कुन हो भनी सहमतिमा पुऱ्याइयो ।

समुदायको परिभाषा गर्न सधैं सहज हुँदैन भनी माथि दिइएको उदाहरणले देखाउँछ । एउटा सिंगो समुदायको रुपमा अति फरक जनसंख्या समुहहरुको वर्गिकरणले त्यसका सदस्यहरुवीचको व्यापक फरकलाई बुझाउन सक्छ जसले समुदायको प्राथमिकताहरुको निर्धारणमा साथै कार्यान्वयनको बेलामा समस्याहरु निम्त्याउन सक्छ । अर्को तर्फ, अति साना समुदायहरुमा जनसंख्या समुहहरुको विभाजनले योजनाको कार्यहरुमा अति धेरै आदनहरु आवश्यक हुन जान्छ र सिमित प्रभाव भएको साना परियोजनाहरु बन्न पुग्छ ।

[४] स्रोत :wikipedia

यसकारण, समुदायहरुको परिभाषा गरी, कुन मात्रामा प्रशासनिक एकाईलाई सो एकाई भित्र रहेको महत्वपूर्ण विविधताहरु (साँस्कृतिक, भौगोलिक, संरचनागत आदि) लाई ध्यानमा राखि विभाजन गर्ने हो भनी पहिल्याउनु महत्वपूर्ण हुन्छ । समुदायको परिभाषा प्राथमिकतामा राखिएको आवश्यकताहरु र समाधानहरुमा पनि निर्भर रहन्छ, जहाँ केही प्राथमिकतामा रहेको हस्तक्षेपहरुको क्षेत्र हुन जान्छ, जसले फरक उप-टोलहरु, टोलहरु वा अझै वडाहरुलाई प्रभाव पार्दछन् भने अन्यको मात्र एक उप-टोललाई गरी अति सिमित क्षेत्रमा हुनसक्छ । तर समुदायहरु भने सधैं भौगोलिकरुपमा परिभाषित हुनुपर्दछ ।

नगर निकायहरुको नजरबाट समुदाय समानक टोलहरुलाई तल्लो प्रशासनिक तह बनाई कार्य गर्न सहज हुन्छ । यद्यपी ख्याल गर्नु पर्ने महत्वपूर्ण विषय भने, यदि जनसंख्याहरुमा व्यापक विविधता भएमा त्यसलाई अझै विभाजन गर्नु आवश्यक हुन्छ । साथै, यदि प्राथमिकतामा रहेको हस्तक्षेपहरुलाई आवश्यक भएमा विभिन्न टोलहरुलाई एउटै समुह बनाउन सम्भव र आवश्यक हुन्छ ।

## छनौट प्रकियाहरु

भौतिक पूर्वाधार सुधारको लागि नगर निकायहरुसँग भएको सिमित रकमहरु लगानी गर्न समुदायलाई प्राथमिकतामा राख्न र छनौट गर्नको लागि छनौट आधारहरु परिभाषित गर्नु जरुरी छ । न्यून आय बस्ती सुधारको उद्देश्य हेरी, मुख्य शर्तहरु भनेको गरीवी र आधारभूत सेवाहरुमाथिको पहुँच हुनुपर्दछ । राम्रो पहुँच भएकोलाई भन्दा आधारभूत सेवाहरुमाथिको पहुँच नभएकोलाई वडा, टोल वा समुदायले प्राथमिकता दिनुपर्दछ । त्यस्तै, गरीव वडा, टोल वा समुदायलाई कम गरीव भएको भन्दा प्राथमिकता दिइनुपर्छ ।

गरीवी र/वा भौतिक पूर्वाधार र आधारभूत सेवाहरुमाथिको पहुँचको स्तर निर्धारण गर्न, तथ्याङ्कको आवश्यकता पर्दछ । गरीवी र सेवाहरुमाथिको पहुँच सम्वन्धी आधारभूत तथ्याङ्कहरु नगर निकायहरुसँग उपलव्ध हुनुपर्दछ, यद्यपी तिनीहरु वडासम्मको हुनसक्छ र पुरानो हुनसक्छ । धेरै विस्तृत वा हालको तथ्याङ्क स्थानिय गैरसरकारी संस्था वा विकास निकायहरुबाट उपलव्ध पनि हुनसक्छ ।

गरीवीको आधारको लागि, विभिन्न परिभाषाहरु प्रयोग गर्न सकिन्छ र विभिन्न सुचाङ्कहरुको विकास गरिएको छ (उदाहरणः प्रतिदिन अमेरिकी डलर $१ भन्दा कममा गुजारा गर्ने मानिसहरुको संख्या, आफ्नो आधारभूत आवश्यकताहरु पूरा गर्न सक्ने घरपरिवारहरुको प्रतिशत, आदि) । अन्तमा, यद्यपी, प्रयोग गरिने सुचाङ्क उपलव्ध तथ्याङ्कहरुमा निर्भर रहन्छ । जहाँ उपलव्ध तथ्याङ्कहरुको प्रयोग गरी विभिन्न सुचाङ्कहरुहरु विकास गर्न सकिन्छ, त्यहाँ सवै भन्दा उचित सुचाङ्क वा विभिन्न सुचाङ्कहरुको भार औसतलाई प्रयोग गर्नु पर्दछ । गरीवी तथ्याङ्कको प्रयोग गर्ने बेलामा, प्रतिशतहरु र पूर्ण संख्याहरु दुबैको प्रयोग गर्नु महत्वपूर्ण हुन्छ । प्रतिशतले निश्चित प्रशासकिय इकाईभित्र कसरी गरीवी फैलिएको छ भनी देखाएपनि तिनीहरुले त्यो इकाईमा गरीवीको संख्या देखाउन सक्दैन ।[५] प्रतिशत र पूर्ण संख्याहरु दुवैको प्रयोगले धेरै सन्तुलित विचार प्रदान गर्दछ ।

भौतिक पूर्वाधार र आधारभूत सेवाहरुको पहुँचको सन्दर्भमा, तथ्याङ्कहरु कमै मात्र सहजै उपलव्ध हुन्छ । साथै, विभिन्न प्रकारहरुको भौतिक पूर्वाधार र आधारभूत सेवाहरुसँग कार्य गर्न कठिन हुने हुँदा, प्रत्येकमा फरक पहुँच स्तरहरु र फरक मात्राको महत्वसँगै, भौतिक पूर्वाधार गरीवी सुचाङ्क प्रयोग गर्न सुझाव दिइएको छ । यो सुचक विभिन्न प्रकारहरुको भौतिक पूर्वाधार र आधारभूत आवश्यकताहरुमाथिको पहुँचको स्तरको भार औसत हुनुपर्दछ, जहाँ भारले प्रत्येक प्रकारको भौतिक पूर्वाधार वा सेवाको सापेक्षित महत्वलाई झल्काउँछ ।


गरीवी र आधारभूत सेवाहरुमाथिको पहुँचबाहेक, अन्य आधारहरु पनि प्रयोग गर्न सकिन्छ, जस्तै प्रशासनिक इकाइमा दलितको प्रतिशत, वा अन्य सहयोग कार्यक्रमहरुको अभाव । अन्त्यमा, सुचाङ्कहरु र आधारहरुको छनौट उपलव्ध तथ्याङ्कहरुबाट निर्धारण हुन्छ । जनकपुरमा नमुना परियोजनाहरुको बेलामा, नगरपालिकबाट केही वर्ष अगाडि तयार गरिएको गरीवी विवरणबाट, आयआर्जनको साथै आधारभूत सेवाहरुमाथिको पहुँच दुवैमा सबैभन्दा गरीव वडाहरुको पहिचान समेत हुने गरी, पर्याप्त मात्रामा तथ्याङ्कहरु उपलव्ध भए । नेपालमा नगरपालिकाहरुमा त्यस्ता तथ्याङ्कहरु सधै उपलव्ध हुँदैन र तथ्याङ्कका अन्य स्रोतहरु खोज्नुपर्ने हुन्छ वा सजिलो तरिकाहरु प्रयोग गरी सबैभन्दा गरीव वडाहरु निर्धारण गर्नु पर्ने हुन्छ ।


[५] उदाहरणको लागि गरीव घरहरुको उच्चतम प्रतिशत भएको वडा नै उच्चतम संख्यामा गरीव मानिसहरु भएको वडा हुनु पर्दछ भन्ने छैन । यदि वडा असाध्यै सानो छ भने त्यहाँ धेरै गरीव बासिन्दाहरु भएको अन्य वडाहरु हुनसक्छ ।

अन्तिम आधारहरुको रुपमा जुनैलाई प्रयोग गरिएपनि, कूल औसतहरु जस्तै महत्वपूर्ण मानिएको सबै आधारहरु समेटी कूल गरीवी सुचाङ्क निकाल्न सुझाव दिइन्छ । यो सुचाङ्कले कुन वडा वा टोल सबैभन्दा गरीव छ र त्यसकारण प्राथमिकतामा राख्नुपर्छ भनी पूर्ण सत्य बताउदैन । यद्यपी, यो सुचाङ्क दिइएको विषयगत भार भएको विभिन्न सुचाङ्कहरुको संकलन हो र प्रत्येक सुचाङ्कमा दिइएको भारहरुमा परिणाम धेरै हदसम्म निर्भर रहन्छ । यद्यपी, त्यस्ता सुचकको प्रयोगले छनौट प्रकृयालाई धेरै पारर्दशी बनाउँदछ र भारहरु विषयगत भएपनि, तिनीहरुको बारेमा जोकोहीले पनि हेर्न र प्रश्न गर्न सक्छन् ।

## जनकपुर नमुना परियोजनाहरु








जनकपुर नगरपालिका मध्यपूर्व तराईको धनुषा जिल्लामा अवस्थित छ । यो जिल्लाको साथसाथै धनुषा, सर्लाही, महोत्तरी, सिन्धुली, रामेछाप र दोलखा जिल्लाहरु समेटेको जनकपुर विकास क्षेत्रको सदरमुकाम हो । जनकपुर नगरपालिकामा १६ वटा वडाहरु रहेका छन् जहाँ सन् २००५को गरीवी तथ्याङ्क अनुसार कूल जनसंख्या करीव ६३,६५४ रहेको छ ।

| तथ्याङ्क | वडा | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| घर संख्या | १,१७९ | १,११३ | ३८१ | १,९१५ | ४५२ | ५८६ | ८४९ | १,१९८ | ८१६ | ५७२ | ६८१ | ६६९ | ७३७ | १,२९० | ५२५ | १,२३५ |
| जनसंख्या | ४,४६० | ५,००९ | १,८७६ | ६,८३९ | १,६४३ | २,७५५ | ३,८५६ | ५,६०२ | ४,२७३ | २,२६४ | ३,०९० | २,७०४ | ४,०८१ | ६,५३४ | २,४४९ | ६,२१९ |
| औसत आय | ६,६९५ | ७,२८८ | ८,०९४ | ७,२३९ | ५,७१५ | ६,३७० | ६,५५२ | ५,२९२ | ८,६८४ | ४,९९१ | ५,००३ | ४,५५५ | ५,३४२ | ४,५२३ | ४,४०४ | ५,४६१ |

गरिवी विवरणको प्रयोग गरियो जुन सन् २००५मा नगरपालिकाबाट स्थानिय विकास मन्त्रालय, नगरपालिका संघ नेपाल र जीटिजेडको सहयोगमा तयार पारिएको थियो । गरीवी विवरणबाट तथ्याङ्क प्रयोग गर्दा, औसत वडाको आय, प्रत्येक आय समुहमा घर संख्याको प्रतिशत र प्रत्येक आय समुहमा घर संख्या समावेश गरी, उपलव्ध आय तथ्याङ्कमा आधारित भई प्रत्येक वडाको आय गरीवी निर्धारण गरिएको थियो (विस्तृत विवरणको लागि अनुसुची २ हेर्नुहोला)। अन्त्यमा, ने.रु.३,००० प्रति महिना भन्दा कम आर्जन गर्ने प्रत्येक वडाका घरधुरीको प्रतिशतलाई आय गरीवी सुचाङ्कको रुपमा स्थापित गरियो ।

गरीवी विवरणले ग्राभेल वा कालोपत्रे सडक, शौचालय सुविधाहरु, विद्युत, निजी खानेपानी र ढलको पहुँच समेत गरी, विभिन्न भौतिक पूर्वाधार प्रकारहरुमाथिको पहुँचको तथ्याङ्क पनि दियो (विस्तृत विवरणको लागि अनुसुची २ हेर्नुहोला ) । यी तथ्याङ्कहरुमा आधारित भई प्रत्येक भौतिक पूर्वाधार प्रकारलाई निश्चित भार दिई भौतिक पूर्वाधार गरीवी तथ्याङ्क निकालियो । यो भौतिक पूर्वाधार गरीवी सुचाङ्कले भौतिक पूर्वाधार र आधारभूत सेवाहरुमाथिको न्यून पहुँच भएको वडाहरुको संकेत दियो ।

अन्त्यमा, भौतिक पूर्वाधार गरीवी र आय गरीवीको सुचाङ्कहरुलाई क्रमशः ७०% र ३०% भार प्रदान गरी कुल गरीवी सुचाङ्क पनि निकालियो । यसले परिणाममा आय गरीवी र भौतिक पूर्वाधार गरीवी दुबैलाई ध्यानमा राखी, कुल गरीवी सुचाङ्कको आधारमा १४ वडा सबैभन्दा गरीव भएको पत्ता लाग्यो । १४ वडालाई छनौट गर्ने निर्णयलाई यस वडाले कुनै अन्य कार्यक्रमहरुबाट सहयोग प्राप्त नगरेको भन्ने तथ्यले बल पुर्‍यायो ।

| गरीबी | भार | वडा | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| आय गरीबी | ०.३ | ३७.१ | २०.९ | ३७.३ | २३.९ | ३६.१ | ३५.३ | २६.४ | ४२.५ | २३.७ | ४६.३ | ४२.० | ५८.९ | ४१.७ | ५२.३ | ४९.७ | ४१.।९ |
| भैतिक पूर्वाधार गरीबी | ०.७ | ३७.१ | २३.५ | १९.९ | २३.१ | १६.९ | ३३.० | २९.२ | २९.९ | २८.५ | २२.५ | ३७.७ | ५०.७ | ५४.७ | ५४.३ | ५४.३ | ५१.५ |
| कुल गरीबी | | ३७.१ | २२.७ | २५.१ | २३.३ | २२.७ | ३३.७ | २८.३ | ३३.७ | २७.० | २९.६ | ३९.० | ५३.२ | ५०.८ | ५३.७ | ५२.९ | ४८.६ |

माथि दिइएको उदाहरणमा हेर्न सकिन्छ, गरीवीको तथ्याङ्क सामान्यतया मात्र वडा तहमा राम्रोसँग वियुक्त गरिएको छ जसले गर्दा सबैभन्दा गरीव टोलहरु वा समुदायहरु नभई सबैभन्दा गरीव वडाहरुको मात्र छनौट हुन्छ । जहाँ यो अवस्था छ, अझै प्राथमिकता दिइनु पर्ने तथ्याङ्कहरु उपलव्ध नभएसम्म छानिएको वडाहरुको सवै टोलहरुमा कार्य गर्न सुझाव दिइएको छ ।

कार्य गर्न टोलहरु वा समुदायहरुको अन्तिम छनौटमा, बस्तीको स्थितिलाई ध्यानमा राख्नुपर्दछ । बस्तीहरु जुन जोखिमयुक्त जमिन (बाढी जान सक्ने, पहिरोको खतरा भएको आदि )मा अवस्थिति छ वा समुदाय (सदस्यहरु) वा नगरपालिकाको स्वामित्वमा नरहेको जमिनमा छ भने तिनीहरुको समस्याहरुको लागि सुधार गर्नु सामान्यतया उचित समाधान होइन । जहाँ त्यस्ता वस्तीहरु छनौट आधारहरुमा प्राथमिकतामा पर्दछन् भने तिनीहरुलाई योजनाको प्रकृयाको बाँकी भागमा समावेश गर्न छान्नु हुँदैन । तिनीहरुलाई वेवास्ता गर्नु हुँदैन तरपनि तिनीहरुको विशेष अवस्थाहरुको लागि अन्य समाधानहरु खोजिनुपर्दछ जुन यो निर्देशिकाको भाग होइन (पुनः स्थापना, सुधारिएको सुरक्षा विधिहरु, जमिन अधिकारको सुरक्षा) ।

# २. परियोजना-प्राथमिकता

एकपटक सुधार परियोजना संचालन गरिने समुदायहरु पहिचान गरिएपछि, परियोजनहरुको पहिचान हुन आवश्यक हुन्छ । यसले प्रत्येक छानिएको समुदायहरुमा समस्याहरुको क्रमबद्धताको प्रक्रुयाको साथै हस्तक्षेपहरुको प्रारम्भिक पहिचानलाई समेट्छ । यो परिच्छेदले, परियोजना उद्देश्यहरु र क्षेत्रको प्रारम्भिक परिचयदेखि समस्याहरुको क्रमवद्धता र विभिन्न सहभागितामूलक उपायहरु प्रयोग गरी हस्तक्षेपहरुको पहिचानसम्मको, समुदायमा प्राथमिक आवश्यकताहरु र प्रारम्भिक हस्तक्षेपहरुको निर्धारण गर्न आवश्यक प्रक्रुयाको बारेमा व्याख्या गर्दछ ।

## परियोजनाको परिचय

सहभागितामूलक योजना तथा आवश्यकताहरु र हस्तक्षेपहरुलाई प्राथमिकतामा राखिनुभन्दा अघि, परियोजनाहरुको बारेमा समुदायहरुलाई परिचित गराउनु पर्दछ । यो सापेक्षितरुपमा छोटो बैठक हुनसक्छ, जसको लागि सिंगो समुदायलाई नै बोलाइन्छ । बैठकको समयमा परियोजनाहरुको उद्देश्यहरु, क्षेत्र र प्रक्रुया बुझाउनु पर्दछ । त्यस्तै गरी यस्ता प्रारम्भिक बैठकहरुले समुदायको बारेमा थप सुचना (घर संख्या, जातिहरु, गरीव, आदि) संकलन गर्न र समुदायको मुख्य आवश्यकता बारेमा केही संकेतहरु प्राप्त गर्न मद्दत गर्छन् (तथापी यो पछिका चरणहरुमा मात्र निश्चित हुन्छ) ।

यो प्रारम्भिक बैठकले प्रथमतः समुदायका सदस्यहरुलाई तिनीहरुको समुदायमा परियोजना शुरु हुन लागेको बारेमा सचेत गराउँछ र प्रक्रुयामा सबैजना सहभागी हुन सक्ने बनाउन सुनिश्चित गर्छ । व्यापक स्रोताहरुलाई सम्भव भएसम्म परियोजनाको बारेमा सुचित गर्ने र त्यसपछि संलग्न हुन सक्ने बनाउनको लागि, यस्ता बैठकहरुलाई रेडियोमार्फत विज्ञापन वा प्याम्फ्लेट झुड्याउने जस्ता अन्य प्रकारको संचारबाट पुरक दिन सकिन्छ ।


परिचय सभा

प्रारम्भिक बैठक समुदायका नेताहरुलाई सर्म्पक गरी आयोजना गर्नुपर्दछ र बैठकको लागि तिनीहरुलाई बोलाइनु पर्दछ ।

परिचयात्मक बैठक (र अन्य संचार माध्यमहरु) ले अन्य बैठकको तयारीको लागि पनि मद्दत पुऱ्याउँछ जसमा वास्तविक योजनाहरु शुरु हुन्छ । सकेसम्म धेरै मानिसहरुलाई बैठक र त्यसको उद्देश्यहरुको बारेमा सचेत हुने र भाग लिने गरी, यी योजना बैठकहरुको लागि मिति र स्थान तय गर्नु आवश्यक हुन्छ जसले गर्दा प्राथमिक आवश्यकताहरुको बढी लोकत्रान्त्रिक र पारदर्शि पहिचान हुन्छ । योजना बैठक तय गर्दा, सबै समुदाय समुहहरुको सहभागीता हुने गरी उचित स्थान तय गर्नु पर्दछ (सार्वजनिक स्थलहरु राम्रो मानिन्छ) र सहभागिमूलक म्यापिङ्ग र समस्या क्रमवद्धता अभ्यासहरु गर्नको लागि उचित हुनपर्दछ । समुदायका सदस्यहरुको अन्य कर्तव्य र क्रियाकलापहरु हेरी योजना बैठकको समय पनि सुहाउँदो हुनु पर्दछ जसले व्यापक सहभागिताको सुनिश्चित गर्छ ।


योजना सभा

## सहभागितामूलक रेखाङ्कन

योजना बैठकमा गरिने सबैभन्दा पहिलो क्रियाकलाप भनेको सहभागितामूलक रेखाङ्कन हो । परियोजनाको क्षेत्र र उद्देश्यहरुको संक्षिप्त स्मरणपछि, बैठकमा उपस्थित समुदायका सदस्यहरुलाई आफ्नो समुदायको चित्रण गर्न अनुरोध गरिन्छ । यसले समुदायमा भइरहेको र अभाव रहेको दुबै विभिन्न भौतिक पूर्वाधारहरु र सेवाहरुको सहि पहिचान गर्न योजना समुहलाई सहयोग गर्न उपयोगी हुन्छ र यसले पछि छलफललाई केन्दित गर्न र समस्या कहाँ छ र प्रस्तावित हस्तक्षेप कहाँ अवस्थित छ भनी सबैले बुझेको छ भनी सुनिश्चित हुन मद्दत गर्छ ।

सहभागितामूलक चित्रणको लागि, १.५ X २ मिटर को कागजको ठूलो पानाहरु प्रयोग गर्न सुझाव दिइएको छ (फ्लिपचार्टहरु सँगै टाँस्दा राम्रो हुन्छ) । तिनीहरुलाई जमिनमा ओछ्याउन वा टेवलमा राख्न सकिन्छ (बैठकको स्थान तय गर्दा, म्यापिङ्ग अभ्यासको लागि उचित स्थानलाई मध्यनजर राख्नुपर्दछ ) । समुदायका सदस्यहरुलाई फरक रङ्ग मार्करहरु उपलब्ध गराइन्छ र तिनीहरुलाई समुदायमा भएको मुख्य विशेषताहरु र भौतिक पूर्वाधारहरु चित्रण गर्न भनिन्छ । चित्रहरु विस्तृत हुनु जरुरी छैन, तर सडकहरु, सार्वजनिक भवनहरु, पानीधाराहरु आदि जनाइएको हुनुपर्दछ । निश्चित घरहरु पनि देखाउनु उचित हुनसक्छ किनभने मानिसहरुले आफैं र आफ्नो घरहरुलाई नक्सामा सजिलै देखाउन सक्छन् ।

नक्साले आकार लिन शुरु गर्दै जादाँ, समुदायका सदस्यहरुलाई आधारभूत आवश्यकताहरु र भौतिक पूर्वाधारको पहुँचसँग सम्वन्धित मुख्य समस्याहरु पहिचान गर्न भनिन्छ । ति समस्याहरु नक्सामा देखाइएको हुनुपर्दछ ।


सहभागितामुलक रेखांकन

सामान्यतया केही मानिसहरुलाई नक्सा बनाउने र समस्याहरु देखाउने जिम्मेवारी दिइन्छ, तर अन्य समुदायका सदस्यहरु संलग्न छन् भनी सुनिश्चित गर्नु महत्वपूर्ण हुन जान्छ । उदाहरणको लागि, तिनीहरुलाई आफ्नो घर नक्सामा देखाउन लगाउने वा मार्कर दिएर तिनीहरुले भोग्दै आएको मुख्य समस्याहरु देखाउन लगाउने । विशेषगरी, महिला र दलित वा जनजाति जस्ता जोखिममा रहेका समुदायहरुलाई यो प्रकृयामा सहभागि हुन प्रोत्साहन दिनु पर्दछ ।

यो चरणमा, लक्ष्य भनेको प्राथमिक समस्याहरु वा आवश्यकताहरु पहिचान गर्नु होइन तर छलफल शुरु गर्ने र समुदायमा भईरहेको समस्याहरुको बारेमा सामान्य सोचविचार (ब्रेन्स्टोमिङ्ग) गर्ने हो । योजना समुहले भौतिक पूर्वाधार र आधारभूत सेवाहरुसँग सम्वन्धित समस्याहरुमा छलफल केन्द्रित गर्ने लक्ष्य राख्नुपर्दछ, किनभने ति समस्याहरु प्रस्तावित परियोजनामार्फत सम्वोधन गर्नु पर्ने हुन्छ । अन्य प्रकारहरुका समस्याहरु समुदायको लागि धेरै महत्वपूर्ण हुन सक्छ, तर तिनीहरुलाई सम्वोधन गर्ने उपायहरु नभएको खण्डमा, तिनीहरुको बारेमा विस्तृत छलफल गर्नुको कुनै अर्थ रहदैन र अझै यदि धेरै लामो छलफल पछि तिनीहरुले सम्वोधन गर्न सक्ने केही कुरा निकाल्न सकेन भने यसले निराशा पैदा गर्न सक्छ ।

## समस्या र आवश्यकताहरुको क्रमवद्धता

एक पटक समुदायका सदस्यहरुलाई सन्तुष्टि हुने गरी नक्सा तयार भएपछि र समस्याहरु पहिचान भइ नक्सामा देखाइसकेपछि, समस्याहरुलाई प्राथमिकता दिनुपर्दछ र तिनीहरुलाई सम्वोधन गर्न उचित हस्तक्षेपहरु पहिचान गरिनुपर्दछ । यो उद्देश्यको लागि, प्रथमतः अगाडि छलफल गरिएको र नक्सामा देखाइएको समस्याहरुको आधारमा, समुदायमा भोग्दै आएका ५ मुख्य समस्याहरु[६] पहिचान गर्न समुदायका सदस्यहरुलाई भनिन्छ । अगाडि नै पहिचान गरिएको समस्याहरुको क्षेत्रको आधारमा, तिनीहरुलाई विभिन्न उप-समस्याहरुमा विभाजन गर्न जरुरी हुनसक्छ

[६] पाँचवटा मात्रै समस्याहरु हुन्छन् भन्ने होईन । केहि तल माथि हुन सक्छन् तर एकदमै धेरै भने हुनु हुदैन ।

(उदाहरणको लागि ढल निकासाको समस्यालाई कम समस्याग्रस्त क्षेत्रहरुबाट सबैभन्दा समस्याग्रस्त क्षेत्रहरु छुट्याई, विभिन्न खण्डहरुमा विभाजन गर्न सकिन्छ) ।



समस्या क्रम

प्रत्येक समस्याको लागि छुट्टै कार्डहरु प्रयोग गरी, समुदायका सदस्यहरुमध्ये एकबाट मुख्य समस्याहरु कार्डहरुमा लेखिएको छ । एकपटक समुदायका सदस्यहरुले मुख्य समस्याहरुमा सहमति जनाउँछन्, तिनीहरुलाई सबैभन्दा महत्वपूर्ण वा अत्यावश्यकदेखि कम महत्वपूर्ण भनी क्रमवद्ध गर्न अनुरोध गरिन्छ । यसको लागि समुदायका सदस्यहरु बीच छलफलको आवश्यक पर्दछ किनभने सबैको प्राथमिकता एकै हुँदैन । छलफलले सबैभन्दा महत्वपूर्ण समस्याहरु सम्वन्धी सहमति ल्याउनु पर्ने हुन्छ । तथापी, सबैले क्रमवद्धतामाथि सहमत भएको हो भनी सुनिश्चित हुन ती आवश्यकताहरुलाई विभिन्न समुदायका सदस्यहरुसँग र विशेष गरी महिला र दलित वा जनजाति जस्ता जोखिममा रहेका समुदायहरुसँग जाँचेर हेर्नु पर्ने हुन्छ ।

यो चरणमा समाधान वा प्रस्तावित हस्तक्षेपहरु भन्दा पनि समस्याहरुमाथि केन्द्रित हुनु महत्वपूर्ण हुन्छ । एकपटक, प्राथमिक समस्याहरुमा सहमति हुन्छ, समस्याको सम्भावित समाधानहरु छलफल गर्न सकिन्छ । यहाँ समस्याहरुको कारणहरुलाई ध्यान दिनुपर्दछ किनभने समस्याहरु विद्यमान भनेको कारणहरुको लक्षण मात्र हुन् ।


**सही समाधानको पहिचान**

डेंगु ज्वरोको उच्च महामारीबाट समुदाय ग्रस्त हुनलाई तीनीहरुले प्राथमिक समस्या भनी स्थापित गरे । यो समस्यालाई समाधान गर्न समुदायबाट प्रस्ताव गरिएको हस्तक्षेप भनेको सबैभन्दा नजिकको अस्पतालमा जानु नपर्ने गरी विरामीहरुलाई उपाचार गर्न क्लिनिकको निर्माण थियो । समस्याको प्रकृतिको बारेमा गहिरो छलफल गरेपछि, प्रस्ताव परिवर्तन गरियो र समस्याको जरालाई समाधान गर्ने निर्णय गरियो- खराव ढल निकासा र पानी खाल्डोहरु जहाँ लामखुट्टेहरुको विकास हुन्छ । क्लिनिकको सट्टामा ढल निकासा योजनालाई प्रस्ताव गरियो, जसको परिणाम वस्तीमा विमारीको महामारीलाई घटाउनु थियो । समुदायको प्राथमिकता परिवर्तन भएको थिएन, तर पेशागत सुझावहरुको सहयोगबाट तिनीहरुले उचित समाधान पत्ता लगाए ।

**हस्तक्षेपको क्षेत्र**

नमुना योजनाहरुमध्ये एकमा समुदायले १,६०० मिटर लामो किनारामा ढल निर्माण गर्ने प्रस्ताव गरेको थियो । कार्यको विस्तृत सर्वेक्षण र बजेटको तयारीपछि मात्र उपलब्ध बजेट भन्दा लागत धेरै भएको प्रष्ट भयो । अन्त्यमा ढलको लम्वाई ५९० मिटर बनाइयो । प्रस्तावित हस्तक्षेपको क्षेत्रलाई सिमित गर्नको लागि योजना बैठकहरुमा नै औसत इकाइ लागत उपलब्ध भएमा मद्दत मिल्छ भने समुदायका सदस्यहरुसँग नै अत्यावश्यक खण्डहरुको पहिचान गर्न सके मिथ्या आपेक्षाहरुको सिर्जना हुन दिदैन । हस्तक्षेपको अन्तिम परिभाषाको लागि सधैं अन्तिम लागत तयार नभएसम्म कुर्नुपर्ने हुन्छ तर प्रस्तावित हस्तक्षेपसँगको भिन्नता त्यति ठूलो हुँदैन ।

प्रस्तावित समाधानहरु अन्तिम होइन, तथापी, प्रारम्भिक डिजाइन पछि व्यापकमात्रामा छलफल गरिन्छ र लागत अनुमान गरिन्छ । तर यो चरणमा ति छलफलहरुबाट समुदायले चाहेको समाधानबारे आफ्नो इच्छा व्यक्त गर्न सक्छ भने योजना समुहले लगानी र स्थानिय स्रोतहरुको प्रयोगको उद्देश्यहरु र रोजगारी सिर्जना आदिको आधारमा परियोजनाको सिमाहरु निर्धारण गर्न सक्छ र प्रस्तावित हस्तक्षेपहरु नगर योजनाहरुसँग मेल खान्छ कि खादैन भनी जाँच्न सक्छ । यो उद्देश्यको लागि विभिन्न प्रकारहरुको हस्तक्षेपहरुको औसत इकाई लागत (उदाहरणको लागि ग्राभलिङ्ग वा ढल जोडिएको सडकको प्रति मिटर लागत) र उपलब्ध बजेटको बारेमा जानकारी हुनु उपयोगी हुन्छ, जसले प्रस्तावित हस्तक्षेपहरुको क्षेत्रहरुलाई सुहाउँदो गरी मिलाउन सकिन्छ ।


निर्णय जनाउने प्रस्तावनाहरु

प्राथमिक आवश्यकताहरु र ती प्राथमिक आवश्यकताहरुलाई सम्वोधन गर्न प्रस्तावित हस्तक्षेपहरुसम्वन्धी गरिएको निर्णयहरु कितावमा टिप्नुपर्दछ र समुदायका सदस्यहरुबाट हस्ताक्षर गरिएको हुनुपर्दछ ।[३] यसले पारदर्शिताको सुनिश्चित गर्दछ र समुदायमा निर्णयहरुलाई टिप्ने बानी बसाउँछ जुन परियोजना प्रकृया सँगै महत्वपूर्ण हुदै जान्छ ।

## छड्के भ्रमण

मापिङ्ग र समस्या क्रमवद्धता बाहेक, समस्याहरुको प्रकृति र सम्भावित समाधानहरुको बारेमा राम्रो जानकारीका लागि प्राथमिक समस्या क्षेत्रहरुको भ्रमण गर्न सुझाव दिइएको छ । यो प्रयोजनको लागि समुदायका सदस्यहरुसँगै छड्के भ्रमण गरिन्छ । यस्ता छड्के भ्रमण साधारणतया विशेष समस्या स्थानको भ्रमण हुन सक्छ भने समुदायको विभिन्न भागहरुमा रहेको विशेष समस्याको मात्रा थाहा पाउनको लागि समुदायभित्र सामान्यकरण गरिएको भ्रमण पनि हुन सक्छ ।


प्रस्तावित क्षेत्रको भ्रमण


प्रशिक्षण सडक सुधारको लागि छड्के भ्रमण

छड्के भ्रमणको बेलामा प्राथमिकता दिइएको समस्याहरु र प्रस्तावित हस्तक्षेपहरुको स्थानको बारेमा धेरै सुचना प्राप्त हुन्छ । योजना समुह र समुदायका सदस्यहरुबीचको छलफलहरुमा, पहिचान गरिएको समस्याको समाधान गर्न आवश्यक हस्तक्षेपसम्वन्धी उचित धारणा बनाउन सकिन्छ । ती छलफलहरुले लागत, रोजगारी संभावना र साँस्कृतिक स्वीकार आदिको आधारमा विभिन्न सम्भावित हस्तक्षेपहरु र डिजाइनहरुको बारेमा छलफल गर्न सहयोग गर्छ । ती प्रारम्भिक छलफलहरुमा आधारित भइ,अझै विस्तृत छलफलहरुको लागि विस्तृत डिजाइनहरु र लागत अनुमान तयार गरिन्छ (परिच्छेद ४ पनि हेर्नुहोला) ।

[३] लेख्न नजान्नेहरुलाई ल्याप्चेछाप लगाउन दिनुपर्दछ ।

## जोखिममा रहेका समुहहरुको सहभागिता

यो निर्देशिकामा पूर्व उल्लेख गरेजस्तै, योजना चरणको साथ साथै पछिका कार्यान्वयन र संचालन चरणहरुमा जोखिममा रहेका समुहहरुको सहभागितालाई सुनिश्चित गर्नु आवश्यक हुन्छ । शहरी क्षेत्रहरुमा समुदाय भौतिक पूर्वाधार विकासको परिपेक्ष्यमा, जोखिममा रहेका समुहहरु भन्नाले ती समुहहरुलाई बुझाउँछ, जुन जात, रङ्ग, लिङ्ग, जाति, बैचारिक आस्था, पृष्ठभूमि आदिको कारणले आफ्नो विचारहरु राख्न र आफ्नो अधिकारहरुको लागि अग्रसर हुन कम अवसर वा क्षमता राख्छन् वा समुदायका अन्य सदस्यहरुबाट विशेष प्रकारको समस्याहरु झेल्नुपरेका छन्



दलित युवा समुह

नेपालको परिपेक्ष्यमा, विशेषगरी प्राय पुरुषहरुको भन्दा कम आवाज हुने महिला,र मध्यम/उपल्लो जाति समुदायका सदस्यहरुको भन्दा कम आवाज हुने दलित वा जनजातिलाई सम्झनुपर्ने हुन्छ साथै समुदायको उच्च गरिवी क्षेत्रहरुमा बसोवास गर्ने र गरीवी र न्यून वा बेरोजगारीको उच्च घटनाहरु परेको हुन्छ भनी सम्झनुपर्दछ । तथापी, अन्य जोखिम समुहहरु पनि निश्चित समुदायहरुमा हुन सक्छन् जस्तै मुश्लिम वा क्रिश्चियन समुहहरु । युवाहरुलाई पनि विशेष लक्षित समुह मान्न सकिन्छ किनभने सम्भावित नकारात्मक प्रभावहरु पर्ने गरी तिनीहरु न्यून वा बेरोजगारीको घटनाहरुमा परेको हुनसक्छ ।[८]

ती जोखिममा रहेका समुहहरुको आवज सुनाउन र तिनीहरुको समस्याहरु सम्वोधन गर्नको लागि, परियोजना चक्रभरि, विशेष गरी परियोजनाको योजना चरणमा, तिनीहरुको सहभागिता प्रेरित गरिनुपर्दछ । योजना शत्रहरुमा तिनीहरुको विचार र योगदानको लागि विशेषगरी अनुरोध गरी यसो गर्न सकिन्छ भने निश्चित मौकाहरुमा यस्ता जोखिममा रहेका समुहहरुको लागि छुट्टै बैठक बोलाउन आवश्यक पर्न सक्छ जहाँ तिनीहरुले आफ्नो विचार राख्न स्वतन्त्र महसुस गर्छन र साधारण बैठकबाट आएको निर्ष्कषहरु स्वीकार गर्न र आवश्यक भएमा संशोधन गर्न सकिन्छ ।



समस्याक्रम अभ्यासमा महिला सहभागिता

[८] विशेष गरी तराईमा युवाहरुले सशस्त्र राजनैतिक वा अपराधिक समुहहरुसँग आवद्ध भएको घटनाहरु उच्च छन् ।

# ३. सामुदायिक संस्था

योजना चरणबाहेक, शहरी क्षेत्रहरुमा सामुदायिक पूर्वाधारहरु विकास र करार गर्ने समुदाय को उद्देश्य कार्यान्वयन चरण र पछिका संचालन र मर्मतसुधारको चरणहरु समेत गरी परियोजना चक्रभरि समुदायलाई संलग्न गराउनु हो । यसलाई सहज र व्यवहारिक बनाउन, ठूलो समुहलाई प्रतिनिधित्व गर्ने साना समुहका समुदायका सदस्यहरुसँग कार्य गर्नु आवश्यक हुन्छ जुन समुदायमा आधारित संस्थाको रुपमा गठन गरिन्छ । यो परिच्छेदले समुदायमा आधारित संस्थाको सदस्यहरुको निर्वाचन र समुदायमा आधारित संस्थाको गठन र दर्ताको बयान गर्दछ जुन परियोजना चक्रको बाँकी भागमा नगर निकायहरुको लागि मुख्य समकक्षी बन्दछ ।

## समुदायमा आधारित संस्थाको गठन

समुदायमा आधारित संस्थाको गठनभित्र सामान्यतया समुदायबाट यसका सदस्यहरुको निर्वाचन आवश्यक हुन्छ । आवश्यक सदस्यहरुको संख्या समुदायको आकारमा निश्चित मात्रामा निर्भर रहन्छ तर ५ देखि ९ सदस्यहरुलाई राम्रो भएको सुझाव दिइएको छ तथापी सानो वा ठूलो समुदायमा आधारित संस्थाहरु निश्चित परिस्थितिहरुमा उचित हुन्छ । अझै, विजोड संख्यामा सदस्यहरु हुनु पर्ने सुझाव दिइएको छ जसबाट बहुमतको आधारमा निर्णय गर्न सहज हुन्छ ।


समुदायमा आधारित संस्थाका सदस्यहरु

समुदायबाट समुदायमा आधारित संस्थाका सदस्यहरुको निर्वाचन गराउनुपर्दछ । समुदायमा आधारित संस्थाका सदस्यहरुको छनौटको कुनै वास्तविक आधारहरु नभएपनि विभिन्न आवश्यकताहरु पुरा गर्न सक्ने हुनुपर्दछ । निर्वाचित सदस्यहरु सिंगो समुदायको प्रतिनिधि हुन् र त्यसकारण मुख्य जोखिममा रहेका समुहहरुबाट सदस्यहरु समावेश गरिनुपर्दछ । नेपालमा नीति अनुसार कम्तिमा ५०% प्रतिनिधि निकायहरु महिलाद्वारा पदपूर्ति हुनुपर्दछ । यो हासिल गर्न कठिन हुनसक्छ तर समुदायमा आधारित संस्थाको गठनको लागि महिलाको उचित प्रतिनिधित्व हुनु पूर्वशर्त हो । विभिन्न जातिहरु र विशेषगरी दलित र जनजातिहरुको प्रतिनिधित्वलाई सुनिश्चित गरिनुपर्दछ । अन्य जोखिममा रहेका समुहहरु वा अल्पसंख्यक समुहहरुको प्रतिनिधित्व प्रत्येक विशेष समुदायको विशेषताहरुमा निर्भर रहन्छ ।

**समुदायमा आधारित संस्थाका सदस्यहरुको छनौट**

जनकपुरमा, नमुना समुदायहरुमध्ये एकलाई प्रत्येकमा फरक जातिहरु हुनेगरी, चार भौगोलिकरुपमा विभाजित उप-टोलहरुमा विभाजन गरियो । समस्या क्रमवद्ध गर्ने र हस्तक्षेप पहिचान अभ्यासको समयमा, केही असहमतिहरु विभिन्न उपटोलहरुबीच प्रष्ट देखिएतापनि अन्त्यमा प्राथमिक आवश्यकताहरु र हस्तक्षेपहरु सम्वन्धी सहमति बन्यो । यद्यपी, कार्यान्वयन चरणमा ठूला समस्याहरु नल्याउन, प्रत्येक उपटोलबाट पर्याप्त प्रतिनिधित्व सुनिश्चित गर्ने निर्णय गरियो । त्यसमाथि प्रत्येक उपटोलबाट एक महिला र एक पुरुषको निर्वाचन गर्ने गरी, समुदायबाट समुदायमा आधारित संस्थामा महिलाको सहभागिता प्रर्वद्धन गर्ने निर्णय गरियो । विजोड संख्या बनाउन र फलस्वरुप बहुमतबाट निर्णय गर्न एक जना थप सदस्यको निर्वाचित गराइयो । समुदायको आकार र प्रस्तावित परियोजना हेरी ९ सदस्यीय समुदायबाट समुदायमा आधारित संस्था ठूलो भएपनि समुदायमा रहेका विभिन्न समुहहरुको उचित प्रतिनिधित्वको सुनिश्चितता गरियो जसले गर्दा प्रतिनिधित्वको अभावको आधारमा समुदायबाट समुदायमा आधारित संस्थाबाट गरिएको निर्णयहरुलाई चुनौति दिने कुरालाई रोक्न सकियो ।


समुदायमा आधारित संस्थाका सदस्यहरु (१ छुटेको)

समुदायबाट समुदायमा आधारित संस्थाका सदस्यहरुको निर्वाचन योजना अभ्यासहरुपछि, प्राथमिक आवश्यकताहरु र प्रस्तावित हस्तक्षेपहरु निर्धारण भए लगतै, तत्काल सम्पन्न गर्न सकिन्छ । केही समुदायबाट समुदायमा आधारित संस्थाका सदस्यहरुको (जो प्राथमिकतामा परेको समस्याहरुबाट प्रत्यक्षरुपमा असर गरेको हुनाले) प्रस्तावित हस्तक्षेपहरुमा प्रत्यक्ष सरोकार भएको हुनुपर्ने भनी सुझाव दिइएकोछ । त्यस्तै, यद्यपी, समुदायमा प्राथमिकतामा परेको समस्याहरु भएको क्षेत्रमा समुदायमा आधारित संस्थाका सदस्यहरुलाई सिमित पार्न सुझाव दिइएको होइन किनभने सामुदायिक पूर्वाधारहरु विकास वा करार गर्ने समुदायको उद्देश्यहरुमध्ये एक परियोजनाको समयावधिपछिसम्म समुदायको संगठनात्मक सुदृढिकरण हो । त्यसकारण समुदायबाट समुदायमा आधारित संस्थाको कार्यकाल र उद्देश्यहरुहरुलाई हालको परियोजनासम्म सिमित पार्नु हुँदैन र हालको परियोजनाको साथै भविष्यको परियोजनाहरु वा नगर निकायहरु वा अन्य निकायहरुसँग सम्झौताहरुमा व्यापकरुपले समुदायको प्रतिनिधित्व गर्न सक्ने समुदायमा आधारित संस्था सिर्जना गर्न प्रयास गर्नुपर्दछ । त्यसकारण समुदायमा आधारित संस्था प्रस्तावित हस्तक्षेपको लाभग्राही भन्दा पनि सिंगो समुदायको प्रतिनिधि हुनु आवश्यक छ ।

जहाँ सामुदायिक संगठनहरु पहिले नै रहेका छन्, त्यहाँ नँया संस्था बनाउनुभन्दा तिनीहरुसँग कार्य गर्न सम्भव हुन्छ । पहिले नै रहेका सामुदायिक संस्थाहरुको स्थितिमा, तिनीहरु विभिन्न समुदाय समुहहरुको प्रतिनिधि हो होइन र तिनीहरुको उद्देश्यहरु प्रस्तावित हस्तक्षेप र वस्ती सुधारको सामान्य लक्ष्यसँग मिल्दो छ छैन जाँच गर्नु आवश्यक छ ।

**विद्यमान समुदायमा आधारित संस्था**

जनकपुरमा नमुना समुदायहरुमध्ये एकमा, एउटा सामुदायिक संस्था पहिले नै रहेको थियो जसको उद्देश्य टोलको विकास गर्नु थियो । त्यसकारण नँया बनाउनुभन्दा त्यो विद्यमान संस्थासँग कार्य गर्ने निर्णय गरियो । त्यो विद्यमान संस्थाका सदस्यहरु पुरुषहरु मात्र थिए, त्यसकारण महिलाहरुलाई पनि समावेश गर्न सदस्यता बढाउने निर्णय गरियो, समुदायमा आधारित संस्थाको आकार धेरै ठूलो नबनाउँदै महिलाको लागि कोटा छुट्याइयो ।

समुदायमा आधारित संस्थाका सदस्यहरुको निर्वाचनको समयमा, अध्यक्ष, कोषाध्यक्ष र महासचिव तिनीहरुमध्येबाटै निर्वाचित गर्नुपर्दछ । अध्यक्ष र कोषाध्यक्षले समुदायमा आधारित संस्थाको बैङ्क खाता संचालन गर्नुपर्दछ भने सबै निर्णयहरु टिपेर राख्ने जिम्मेवारी महासचिवको हुन्छ ।

## समुदायमा आधारित संस्थाको दर्ता

एकपटक समुदायमा आधारित संस्थाका सदस्यहरु निर्वाचित हुन्छन र सबैले स्वीकार गर्छन्, बैङ्क खाता खोल्न र करार गर्ने निकाय (साधारणतया नगरपालिका)सँग करार गर्नको लागि समुदायमा आधारित संस्था दर्ता गर्नुपर्ने हुन्छ । यो दर्ता सबैभन्दा प्रभावकारी र कुशलतापूर्वक नगरपालिका आफैले गरिदिन्छ । अन्य निकायहरुबाट पनि दर्ता गर्न सम्भव छ तर परियोजनाबाहेक अन्य क्रियाकलापहरुमा समुदायमा आधारित संस्थाहरु आवद्ध हुन चाहेमा सामान्यतया आवश्यक हुनसक्छ वा करार गर्ने निकायको हस्तान्तरण नियमहरु अनुसार धेरै औपचारिकता आवश्यक हुनसक्छ । भविष्यमा सदस्यहरुको परिवर्तन गर्नु पर्ने आवश्यकतालाई मध्यनजर गरी, समुदायमा आधारित संस्थाको कानूनी संगठनात्मक प्रकारको छनौटलाई ध्यान दिइनुपर्दछ । एकपटक समुदायमा आधारित संस्था दर्ता भएपछि करार गर्ने निकायसँग करार गर्न यो सक्षम हुन्छ ।




समुदायमा आधारित संस्थाको दर्ता प्रमाण-पत्र

**समुदायमा आधारित संस्थाको दर्ता**

नमुना समुदायहरुमा समुदायमा आधारित संस्थाको लागि, जनकपुर नगरपालिकामा तीन वटा दर्ता गरियो । चौथोलाई दर्ता गरियो. . . यो पहिले नै विद्यमान रहेको संस्था थियो जुन परियोजना चक्र भन्दा अगाडि नै दर्ता भएको थियो । नगरपालिकामा दर्ता गर्न नगरपालिकाको सामाजिक परिचालकले सहयोग गऱ्यो जो परियोजना चक्र भरि संलग्न थियो र एक हप्ताभित्र नै सम्पन्न भयो ।

समुदायमा आधारित संस्थाले दुई वटा हस्ताक्षरहरु (अध्यक्ष र कोषाध्यक्ष)बाट चल्ने बैङ्क खाता खोल्न सुझाव दिएको छ । बैङ्क खाता संचालन गर्न न्यूनतम मौज्दात आवश्यक पर्दछ र यो समुदायका सदस्यहरुबाट संकलन गरिनुपर्दछ जसलाई पहिलो रकम भुक्तानी प्राप्त भइसकेपछि फिर्ता लिन सकिन्छ, तथापी शहरी क्षेत्रहरुमा सामुदायिक पूर्वाधारहरु विकासको उद्देश्य करार अवधिभन्दा पछिसम्म सामुदायिक संस्थाको सुदृढिकरण हो र त्यस्ता समुदायमा आधारित संस्था र बैङ्क खाता परियोजना अन्त्यपछि पनि विद्यमान रहनु पर्दछ । अति गरीब वस्तीहरु वा न्यून एककृत वा कम संगठित समुदायहरुमा, यो शुरु मौज्दातले समस्या निम्त्याउन सक्छ र त्यस्तो स्थितिहरुमा, करार गर्ने निकायहरुबाट बैङ्कको नाममा ग्यारेन्टी पत्रले पहिलो किस्ता पछि लिने गरी बैङ्क खाता खोल्न मद्दत गर्न सक्छ ।

# ४. परियोजना तयारी

एकपटक समुदायबाट परियोजनाहरु प्राथमिकतामा राखेपछि, परियोजनाको विशेषताहरु परिभाषित गर्न विस्तृत डिजाइनहरु र लागत अनुमान गर्नु जरुरी हुन्छ । रोजगारीको अनुमान गर्न पनि सुझाव दिइएको छ जसबाट डिजाइनको छनौट र कार्यान्वयन तरीकाहरुको प्रभाव रोजगारी र सिर्जना गरिने आयमा पर्दछ । यो परिच्छेदले हस्तक्षेप क्षेत्रहरुको सर्वेक्षण, डिजाइनको छनौट र परियोजनाको लागत र रोजगारी क्षमतामाथि यसको प्रभावहरु समेटी परियोजना तयारी, विद्यमान मान्यताहरुमा आधारित भई लागतको तयारी र रोजगारी अनुमान र सम्वन्धित समुदायहरुसँग यो चरणको परिणामहरुको बारेमा छलफललाई देखाउँछ ।

## सर्वेक्षण

डिजाइन र लागत अनुमान तयार गर्नु अघि, प्रस्तावित हस्तक्षेपको बारेमा विस्तृत सर्वेक्षण सम्पन्न गर्नुपर्दछ । यो समुदायका सदस्यहरुसँगै मिलेर गर्दा उत्तम हुने देखिन्छ र यसै चरणदेखि समुदायमा आधारित संस्थाका सदस्यहरुलाई संलग्न गराउन सुझाव दिइएको छ । यसले मापनहरु लिन सजिलो तुल्याउँछ जसमा समुदायमा आधारित संस्थाका सदस्यहरुले सहयोग गर्न सक्छन् र साथै हस्तक्षेपको क्षेत्र र डिजाइन विकल्पहरुको बारेमा विस्तृत छलफल गर्न मद्दत पुऱ्याउँछ ।


प्रस्तावित हस्तक्षेपको सर्भेक्षण

जहाँसम्म विद्यमान भौतिक पूर्वाधार र सेवाहरुको सम्वन्ध देखिन्छ, सम्वन्धित निकायहरुलाई संलग्न गराउनु जरुरी हुन्छ । त्यसकारण प्रस्तावित हस्तक्षेपलाई नगरपालिकाको योजनाहरुसँग दाँजेर हेर्नु पर्ने हुन्छ ।

## नगर योजना र स्तरहरुको पुनरावलोकन

प्रस्तावित हस्तक्षेपलाई यसका पुर्वाधारका किसिम (जस्तै स्कुल भवनको स्तर वा न्युनतम सडक चौडाइ) का संवन्धमा आयोजना क्षेत्रको  नगर योजना साथै राष्ट्रिय तथा नगर स्तर संग पनि जाँच गर्न पर्ने हुन्छ । जहाँ बिधमान पुर्वाधार तथा सुबिधाहरु (जस्तै बिजुली तथा खानेपानी) गाँसिएका हुन्छन् । संबन्धित निकाय तथा तिनिहरुको योजना तथा स्तरहरुसंग संलग्न हुनुपनि यो अति महत्वपुर्ण छ ।

यस्ता योजना तथा स्तरहरुमा पुर्वाधारको नाप तथा स्थान संवन्धि आवश्यकता समेटीएका हुन्छन् (जस्तै सडक चौडाई तथा स्कुलको स्थान) । सामाग्री संवन्धि कुराहरु पनि यसले समेटेको हुन्छ (जस्तै सडक सतहको किसिम तथा भवन सामाग्रीको किसिम) । आयोजनाको लागि सडक सुधार तथा ढलको निर्माण, एक छिनको लागि, सडक क्षेत्राधिकार को आधिकारिक चौडाई नगर योजनामा हेर्नुपर्ने हुन्छ, अनि बिधमान अवस्था संग पनि जाँच्नु पर्ने हुन्छ (स्तर अनुसार बिधमान सडकको क्षेत्राधिकार, या कतै त्यहाँ थोरै क्षेत्र पो उपलब्ध छ कि?) अनि न्युनतम सडक चौडाई तथा ढलको आकार संबन्धि जुनसुकै स्तर वा स्वीकारयोग्य निर्माण सामाग्री तथा सडक सतहको किसिम पनि मुल्यांकन गर्नु पर्छ (अहिलेको लागि मानौं के बिना लाईनको ढल तथा ग्राभेल सडक स्वीकारयोग्य छ?)

प्रयजसो बिषयमा नगर योजनाले जनाउने निष्चित पुर्वाधारको लागि क्षेत्र तथा तोकिएको स्तर, पृष्टभुमिको बिधमान अवस्था अथवा समुदायको प्रस्तावित हस्तक्षेप संग फरक हुन्छ । सम्भवतः यस्तो नतिजा समुदायका मानिस संगको बिवाद वा वास्तबिक कुरालाई नसमेटिकन सिद्दान्ततः बनाइएका नगरयोजनाको कारणले पनि हुनसक्छ साथै विधमान भवनको क्षेत्र तथा उपलब्ध बजेटको आधारमा निर्माण सामाग्री मुल्यको सहि उपयोग नहुनु पनि यसको कारण हुन सक्छ ।

जहाँ नगर योजना र बिधमान अवस्था तथा प्रस्तावित हस्तक्षेपको बिचमा यस्ता बिरोधाभास निहित हुन्छ त्यहाँ दुई बिकल्प आउँछन् । एक हो नगर योजना र यसको स्तर अनुसार डिजाइन तयार गर्ने । यधपी यसको मतलब उपलब्ध आयोजना कोषले सिमित हस्तक्षेपलाई मात्र स्थान दिएको हुन्छ । यसको कारण उच्चतम सामाग्री मुल्य जसले रोजगारी क्षमाता प्राप्त नहुन पनि सक्छ, साथै प्राबिधिक ज्ञाताको आवश्यकता र उपकरण अथवा स्तर अनुसार भवन भत्काउने काम को कारणले पनि हुन सक्छ । अर्को बिकल्प हो मुल्य उपयोगी हस्तक्षेप, उच्चतम

क्षमता, रोजगारी उत्पादन समुदायको सहभागिता समेतको नगर योजना स्तरको उपयोगिता संबन्धी र मुल्यांकन गर्ने, नगरपालिका र समुदायको बिचमा सम्झौता गर्ने जसको कारणले समुदाय र बिधमान भवनमा थोरै नकारात्मक असर परोस । तर महत्वपुर्ण कुरा भनेको कार्यन्वयनमा समस्या आउनु अगावै यस्ता योजना र स्तरको पुनरावलोकन गर्नु पर्ने हुन्छ ।

**नगर योजना र स्तरहरु**

एक परिक्षण आयोजनामा, एउटा मुख्य सडकको स्तर सुधार योजना गरिएको थियो । यस योजनामा ३ मि. चौडाइको सडक ग्राभेल र कच्ची ढल निर्माण गर्ने प्रस्ताव गरिएको थियो जुन उपलब्ध बजेटको आधारमा सडकलाई टोलको आखिर सम्म सुधार गर्नु थियो । आयोजना तयारी गर्ने बेलामा नगर योजना पर्याप्त मात्रामा पुनरावलोकन गरिएको थिएन , तर कार्यन्वयनको समयमा सडक क्षेत्राधिकार ११ मि. भएको र यस भित्र पनि कयौं घरहरु भएको छर्लंग हुन आयो । यधपी यो सडक भने ३.५ मि. चौडा भएको शहरी सडक संग जोडिएको र उक्त सडक राजमार्ग संग जोडिएको हुनाले नगरपालिका संग उपलब्ध बजेटको आधारमा यसै कार्यलाई अघि बढाउन सकिने बिचार गरी संझौता गर्न सकिने निष्कर्ष निकालियो । यदि नगर स्तर योजना लागु गरिएको खण्डमा भने १० भन्दा बढि घर भत्काउनु पर्ने अनि थोरै बजेटमा माटो खन्ने काम र ढल निर्माणमा धेरै पैसा लगानी गर्नु पर्ने देखियो । शुरुमै यस्ता खालको समस्या समाधान गर्न नगर योजनाको स्तरको पुनरावलोकन तथा आयोजना सहयोगी र लगानीकर्ताको बिचमा छलफल गरी पहिलो चरणको रुपमा मात्र बिधमान सडक स्तरको सुधार गर्न सकिन्छ ।

## डिजाइन विकल्प

एकपटक प्रस्तावित हस्तक्षेपको सर्वेक्षण गरिन्छ र सबै मापनहरु उपलव्ध हुन्छन्, डिजाइन र तत्पश्चात लागत र रोजगारी अनुमान तयार गर्न सकिन्छ । डिजाइन तयार गर्दा, विभिन्न विकल्पहरु प्रयोग गरिन्छन् र सबैभन्दा उचित डिजाइन निर्धारण गर्न, विभिन्न आधारहरु ध्यानमा राख्नु पर्ने हुन्छ । यो खण्डले समुदायले प्राथमिकतामा राखेको बहुसंख्यक आवश्यकताहरुको विभिन्न सम्भावित प्राविधिक समाधानहरु बारे व्याख्या गर्ने छैन किनभने ती सुचनाहरु धेरै अन्य स्रोतहरुमा उपलव्ध छन् ।[६] यसले शहरी क्षेत्रहरुमा सामुदायिक पूर्वाधारहरु विकाससँग निश्चितरुपले सम्वन्धित पक्षहरुको परिचय दिन खोजिएको छ जहाँ मुख्य उद्देश्य भनेको बस्ती सुधारसँगै संगठनात्मक सुदृढिकरण, सिप विकास र रोजगारीको सिर्जनामार्फत समुदाय र यसका सदस्यहरुको संलग्नता हो ।

व्यवहारिक भएसम्म, प्राविधिक निकायहरुले स्वीकृत गरेको स्तरीय डिजाइनहरु प्रयोग गर्न सुझाव दिइएको छ । यद्यपी, योजनाकारहरु र इन्जिनियरहरु समुदायको आवश्यकता र उपलव्ध बजेटको साथै अन्य सरोकारहरुलाई सुहाँउदो हुने गरी ती डिजाइनहरु प्रयोग गर्न उदार हुनुपर्दछ ।

डिजाइन निर्धारण गर्न सबैभन्दा महत्वपूर्ण तत्वहरुमध्ये एक उपलव्ध बजेट हो । यो स्पष्ट हुनु जरुरी छ कि विभिन्न डिजाइन विकल्पहरुको फरक लागत प्रभावहरु हुन्छन् । साधारणतया सिमित र अपुग बजेटसँगै, सस्तो डिजाइन विकल्पहरुमध्येबाट छान्नुपर्ने हुन्छ जसले धेरै मानिसहरुलाई सेवा प्रदान त गर्छ तर सम्भवत क गुणस्तरको, र धेरै महँगो विकल्पको परिणाम उच्च गुणस्तरको हुन्छ तर थोरै लाभग्राहीहरुको लागि हुन्छ । सडक सुधारलाई उदाहरणको रुपमा लिन सकिन्छ, जहाँ विकल्पहरु कंक्रिट वा बिट्युमन ओछ्याएर इंट्टा छाप्ने वा ढुंगा छाप्ने देखि ग्राभलिङ्गसम्म हुन्छन् । कालो पत्रे सडक उच्च गुणस्तरको हुनसक्छ तर उच्च लागत पनि लाग्ने हुन्छ र त्यसकारण उदाहरणको लागि ग्राभलिङ्गको तुलनामा, छोटो दुरीको सडकमा सुधारिन्छ । छानिने डिजाइनले समुदायहरुको आवश्यकताहरुलाई सम्वोधन गर्न आवश्यक गुणस्तर र त्यो गुणस्तरको लागतबीचको सन्तुलनलाई झल्काएको हुनुपर्दछ । निर्णय लिने बेलामा, बस्ती सुधारलाई अभिबृद्धि प्रकृयाको रुपमा मान्नु पर्ने हुन्छ जहाँ प्रत्येक हस्तक्षेपको लागि एकैपटक सर्वोत्तम गुणस्तर हासिल गर्नुपर्ने जरुरी हुँदैन तर सिंगो बस्तीलाई उच्चतम स्तरमा ल्याउनु र तत्पश्चात भविष्यमा अझै यो स्तरलाई सुधार गर्नुलाई उचित मानिन्छ ।

[६] सुझावका रुपमा कटन र टेयलरको "सर्भिसेज् फर द अरवन पोअर - टेक्निकल गाइडलाइन्स् फर प्लानर्स एण्ड इन्जिनियर्स", विइडिसि (http://wedc.lboro.ac.uk) र बिइस्च र विण्डवोल्डको "लेबोर बेस्ड एण्ड कम्युनिटि म्यानेज्ड अफग्रेडिङ्ग अफ अरवन लो इनकम सेट्ल्मेटस्", आईएलओ, (http://www.ilo.org/eiip) जस्ता प्रकाशनहरु प्रस्तुत छ ।

**अभिबृद्धिगत सुधार**

जनकपुरमा नमुना परियोजनाहरुमध्ये एकमा, पहुँचको सुधारको लागि, समुदायले ढलको निर्माण र बहुसंख्यक शहरी सडक र बाटोहरुमा इंट्टा छापिदिन अनुरोध गऱ्यो, विशेष गरी बर्षातको मौसमको बेलामा जुनबेला विद्यमान सडक र बाटोहरु हिलाम्मे हुन्छ । सुधारको लागत उपलब्ध बजेट भन्दा निक्कै धेरै थियो । तथापी, समुदायसँगको समन्वयमा, डिजाइन विकल्प परिवर्तन गर्ने र सतहमा ग्राभेल उपयोग गर्ने निर्णय गरियो जुन इंट्टा छाप्ने विकल्प भन्दा ६ गुणा कम सस्तो हुन पुग्यो । समुदायको लागि अधिमान्य विकल्प नभएपनि तिनीहरुले इंट्टा छाप्ने भन्दासडकहरु ग्राभेल गर्न र समुदायको अधिकत्तम भागमा सडकको अधिकत्तम लम्वाईमा ग्राभेल बिछ्याउन रोजे र पहिचान गरिएको समस्या क्षेत्रहरुको सानो हिस्सामात्र सम्वोधन गर्न सके । सुधारिएको ढल निकासासहित सडक र बाटोको ग्राभलिङ्गले वर्षातको मौसममा पहुँचलाई धेरैमात्रामा अभिबृद्धि गर्ने अपेक्षा गरियो भने समुदायले भविष्यमा इंट्टा छाप्ने वा कालो पत्रे गरि अभ्कै गुणस्तर बढाउनु पर्ने देखियो ।

ध्यानमा राख्नुपर्ने अर्को अति महत्वपूर्ण पक्ष, विशेष गरी कार्यान्वयन चरण तथा रोजगारी र आयआर्जनमा प्रभाव समुदाय र यसका सदस्यहरुको संलग्नतासँग सम्वन्धित, भनेको मानव र भौतिक, दुवै स्थानिय स्रोतको उपयोग हो । शहरी क्षेत्रहरुमा साम"दायिकपूर्वाधारहरु विकासको लक्ष्यहरुमध्ये एक, न्यून आय बस्ती सुधार भन्दा बाहेक, समुदाय र स्थानिय उद्योग र व्यवसायहरुको लगानीमा सम्भव भएसम्म धेरै खर्च गर्नु हो जसबाट आय सिर्जना हुन्छ र स्थानिय अर्थतन्त्रलाई टेवा पुग्दछ, तथा भौतिक पूर्वाधार भन्दा पर समुदायलाई लाभहरु पुऱ्याउँछ ।

डिजाइन विकल्पले कुन मात्रामा समुदायका सदस्यहरु सहभागि हुनसक्छन् र कुन तहसम्म स्थानिय (अदक्ष) जनशक्ति उपयोग गर्न सकिन्छ तथा स्थानिय उद्योगहरु र व्यवसायहरुलाई संलग्न गराउन सकिन्छ भन्नेमा उच्च प्रभाव पार्दछ । प्राविधिकरुपमा जटिल डिजाइनहरुको लागि सामान्यतया सीप र उपकरणहरु आवश्यक पर्दछन् जुन समुदायमा उपलब्ध हुँदैन वा समुदायबाट परिपुर्ति गर्न सकिदैन, जसले गर्दा ठेकेदारहरु समुदाय बाहिरबाट संलग्न गराइन्छ र लगानीको ठूलो मात्रा उपकरणमा खर्च हुन्छ (उदाहरणको लागि कालो पत्रे सडकको लागि निश्चित उपकरण र सीपहरु आवश्यक हुन्छ जुन सामान्यतया न्यून आय बस्तीहरुमा उपलब्ध हुँदैन, भने दक्ष समुदायका सदस्यहरुबाट कुनै उपकरणविना इंट्टा छाप्न सकिन्छ । ) ।

साधनहरुको छनौटले पनि, साधनहरुको उत्पादन वा संकलनको साथै उपयोग दुवै आधारहरुमा, स्थानिय अर्थतन्त्र र रोजगारी सिर्जनामा लगानीको प्रभावलाई प्रभावित तुल्याउँछ (उदाहरणको लागि घाममा सुकाइएको इंट्टा भन्नाले समुदायमा साधनहरुको संकलन र इंट्टा उत्पादन दुवैको बेला रोजगारी र आय सिर्जना हुने गरी स्थानियरुपमा उत्पादन गर्न सकिन्छ भने कंक्रिट इंट्टाको प्रयोगको लागि सीप र उपकरणहरु स्थानियरुपमा सधैं उपलब्ध हुँदैन र सिमेन्टको प्रयोग भन्नाले भारतबाट आयात गर्नु पर्ने हुन्छ) । त्यसकारण डिजाइन विकल्पले स्थानिय स्रोतसाधनहरुको उपयोग तथा तत्पश्चात रोजगारी सिर्जना र स्थानिय अर्थतन्त्रको प्रभाव अभिबृद्धि गर्ने लक्ष्य राख्नुपर्दछ भने कामको लागतहरु र गुणस्तरहरु उचित भए सुनिश्चित गर्नुपर्दछ । डिजाइनहरु जुनमा साधनहरु, उपकरण वा दक्षता आदि बाहिरबाट ल्याउनुपर्ने हुन्छ, योग्य विकल्पको रुपमा छान्नु पूर्व सर्तकतापूर्वक निरिक्षण गरिनुपर्दछ ।

ध्यानमा राख्नुपर्ने अन्तिम पक्ष भनेको प्रदान गरिने सेवाहरुको उपयोग गर्ने क्षमता समेतगरी, परिणामक भौतिक पूर्वाधार र सेवाहरुको संचालन र मर्मत गर्ने समुदायहरुको क्षमतामाथि विभिन्न डिजाइनको प्रभाव हो । यो विद्यमान नगर सेवाहरु ( फोहर व्यवस्थापन, खानेपानी वितरण, विद्युत, ढलनिकास आदि) सँग जोडिएको हस्तक्षेपको प्रकार र सम्भावित आवश्यकता र समान मापनहरुको प्रयोगसँग सम्वन्धित छ । तर सम्भव भएसम्म, उपयोग गरिने डिजाइनहरु परिणामक भौतिक पूर्वाधारको संचालन र मर्मतसुधारमा समुदाय संलग्न हुन सक्ने गरी सरल हुनुपर्दछ जसले गर्दा सामान्यतया दिगोपन निश्चित हुन्छ भने सिंगो समुदायले निर्मित भौतिक पूर्वाधारको संचालन र मर्मतसुधारको लागत व्यहोर्न सक्षम हुन्छ । स्थानिय स्रोतमा आधारित डिजाइनहरुको प्रयोगले संचालन र मर्मतसुधारमा समुदायको संलग्नतालाई सहज बनाउँछ, विशेषत तिनीहरु पहिले नै कार्यान्वयन चरणमा संलग्न छन् भने । तर विशेषतः सिर्जित भौतिक पूर्वाधारलाई क्षमता भएको हातमा गन्नसकिने समुदायका

**स्थानिय स्रोतहरुको प्रयोग**

माथि दिइएको उदाहरणमा इंट्टा छाप्नु भन्दा ग्राभेल सतह बिछ्याउने निर्णय गरियो । यो निर्णयले परियोजनाको कुल लागतमा सकारात्मक असरमात्र पारेन कि ग्राभेल बिछ्याउने बेलामा विशेष गरी अदक्ष कामदारहरुको लागि, धेरै रोजगारी पनि सिर्जना गऱ्यो । ग्राभेलको संकलनले थप अप्रत्यक्ष रोजगारी सिर्जना गऱ्यो ।

सदस्यहरुले मात्र उपयोग गर्न सक्ने वा संचालन र मर्मतसुधार गर्न रकमको अभाव भएको कारणले सबैले प्रयोग नगर्ने हुनबाट रोक्न संचालन र मर्मतसुधारको लागत न्यूनतम बनाउनुपर्दछ । डिजाइनको प्रभावहरु बाहेक, यस पक्षको लागि सिर्जित गरिने भौतिक पूर्वाधारको संचालन र मर्मतसुधार र आर्थिक पक्षहरुको सम्वन्धमा समुदायसँग स्पष्ट सम्झौताहरु गर्नु पनि जरुरी हुन्छ । (परिच्छेद ९ हेर्नुहोला ।)

**डिजाइन विकल्पहरुको छलफल**

माथि दिइएको उदाहरणमा, लागत र रोजगारी प्रभावहरु साथै ग्राभलिङ्गले भविष्यमा अझै स्तर अभिवृद्धि गर्न नरोक्ने तथ्य बताइएपछि इंट्टा छाप्नेबाट ग्राभेलिङ्ग डिजाइन विकल्पमा परिवर्तन हुँदा समुदायबाट स्वीकार गरियो । अर्को डिजाइन विकल्पमा लागत घटाउन ढल निर्माण गर्दा ढुङ्गा सोलिङ्गको सट्टामा बालुवाको भुइँ राख्ने प्रस्ताव गरियो जसलाई समुदायबाट अस्वीकार गरियो किनभने तिनीहरु त्यस्ता कार्यको लागि ढुङ्गा सोलिङ्ग प्रयोग गर्न अब्यस्त थिए । यसो गर्दा ढलको लम्वाई घटाउनुपर्ने भएतापनि, तिनीहरु प्रारम्भिक डिजाईन विकल्पमाथि धेरै विश्वस्त थिए ।


लागत, क्षेत्रफल, रोजगारी सम्भाव्यता आदिको आधारमा विभिन्न विकल्पहरुको फाइदा बेफाइदाहरु बयान गरी, निश्चित हस्तक्षेपको लागि प्रयोग गरिने डिजाइन विकल्पसम्वन्धि निर्णय समुदाय (समुदायमा आधारित संस्था)सँग छलफल गर्नुपर्दछ । यसले अन्तिम डिजाइनसम्वन्धि सुसूचित निर्णय गर्न सुनिश्चित गर्दछ तथा लागत र रोजगारी अनुमान, डिजाइन नमुनाहरु र परियोजनाको नक्सा तयार गर्नमा समय र प्रयास खर्च गरिसकेपछि पछिल्लो चरणमा अस्वीकार हुने अवस्था निम्त्याउँदैन । समुदायसँग योजना बैठकहरुमा डिजाइन विकल्पहरुको बारेमा केही मात्रामा छलफल गर्न सकिन्छ र सर्वेक्षण कार्यको बेलामा समुदायमा आधारित संस्थाका सदस्यहरुसँग विस्तृत छलफल गर्न सकिन्छ । विभिन्न प्रकारका हस्तक्षेपहरुको लागि थप डिजाइन निर्देशिकाहरु अनुसुची ३ मा उल्लेख गरिएको छ ।

## लागत र रोजगारी अनुमान

प्रयोग गरिने सामान्य डिजाइनको निर्णय गरिसकेपछि, यसलाई सर्वेक्षण कार्यको परिणामहरु र अन्य तथ्यहरु जस्तै ट्राफिक प्रवाह, ढलनिकासको आयतन आदि प्रयोग गरी विस्तृत डिजाइन विवरणहरु बनाउनको लागि विस्तृत व्याख्या गर्नुपर्दछ । ति विस्तृत डिजाइन विवरणहरुका आधारमा आवश्यक आदानहरु (श्रम, सामाग्रीहरु, साधन र उपकरण, आदि)मा आधारित भई लागत अनुमान तयार गर्न सकिन्छ । ती लागत र रोजगारी अनुमानहरु यथोचितरुपमा सही हुनुपर्दछ तर तयारी गर्न धेरै समय लगाउनु हुँदैन ।

आवश्यक आदानहरुको हिसावको लागि, परियोजना क्षेत्रको लागि सुहाउने विद्यमान मापनहरु प्रयोग गर्न सुझाव दिइएको छ । दोलिदार प्रकाशनको “वर्किङ्ग नर्म्स् फर अग्रिकल्चर एण्ड रुरल रोडस् (कृषि र ग्रामिण सडकहरुको लागि कार्य मापनहरु)”[१०] थुप्रै आधारभूत क्रियाकलापहरुको लागि कार्य मापन प्रदान गर्ने एउटा उपयोगी सन्दर्भ दस्तावेज हो र थुप्रै शहरी कार्यहरुमा पनि प्रयोग गर्न सकिन्छ ।[११] उस्तै मापनहरु निर्माण कार्यहरुको लागि पनि हुनसक्छ ।

विभिन्न क्रियाकलापहरु र हस्तक्षेपहरुको लागि आवश्यक आदानहरु र लागतहरुको हिसाव गर्न तिनीहरुको प्रयोगलाई सहज बनाउन ति मापनहरु एक्सेल सिटमा समेटी काम गर्न सुझाव दिइएको छ । साझा निर्माण क्रियाकलापहरुको लागि मापनहरु समेटी स्पेडसिटहरु विकास गरी र तत्पश्चात् विशेष हस्तक्षेपको लागि प्रत्येक क्रियाकलापको आवश्यक रकम समावेश गरी, आवश्यक आदानहरु सजिलै निकाल्न सकिन्छ र परिणामहरु वा डिजाइनहरुको समायोजनको स्थितिमा पुनःनिकाल्न सकिन्छ । त्यस्तै परिणामहरु वा डिजाइनहरुको समायोजनलाई ध्यानमा राखी विभिन्न आदानहरुको इकाइ लागतहरु जोडेर पनि, लागत हिसावहरु सजिलै संशोधन गर्न सकिन्छ । समान मापनहरुले दक्ष र अदक्ष श्रमको आधारमा पनि आवश्यक आदानहरु दर्शाउन सक्छन् र फलस्वरुप सिर्जित हुने रोजगारीको अनुमान गर्न सक्ने हुन्छ ।



DoLIDAR Work Norms

[१०] www.dolidar.gov.np हेर्नुहोला ।

[११] अर्को उपयोगी दस्तावेज भनेको आइलओद्वारा प्रकासित स्टीइड, ब्रुडेफोर्स र शोनको “प्रोडक्टीभिटी नर्म्स् फर लेवर वेस्ड कन्स्ट्रक्सन” हो । (http://www.ilo.org. eiip)

स्प्रेडसीटहरु बनाउन वा कम्प्युटरको प्रयोग गरी हिसावहरु निकाल्न कुनै आवश्यक नभएपनि, परिणामहरु वा डिजाइनहरुको समायोजन गर्नुपर्ने स्थिति भएमा, त्यस्ता स्प्रेडसीटको प्रयोगले आवश्यक आदानहरु तथा अनुमानित लागत र रोजगारीको पुन: हिसाव गर्न सहज बनाउँछ । लागत र रोजगारी सिर्जनामा प्रभाव निर्धारण गर्न र सबैभन्दा उचित डिजाइन निर्धारण गर्न, त्यस्ता स्प्रेडसीटले योजनाकार वा इन्जिनियरलाई चल तत्वहरुसँग खेल्न मौका दिन्छ ।

**लागत र रोजगारी अनुमानहरु**

नमुना परियोजनाहरुको लागि, दोलिदार कार्य मापनहरु प्रयोग गरिए । डिजाइन विवरणहरुमा आधारित विभिन्न क्रियाकलापहरुको लागि आवश्यक आदानहरुको हिसावकितावलाई सहज बनाउनको लागि तिनीहरुलाई स्प्रेडसीट बनाइए । निश्चित परियोजना बस्तुहरुको लागि आवश्यक आदानहरु प्रतिमिटरमा निकालिए उदाहरणको लागि, ढलनिकासाको प्रतिमिटर आवश्यक आदान वा ग्राभेल सडकको प्रति मिटर । विभिन्न आदानहरुको इकाइ लागत समावेश गरी, परिणामहरु वा डिजाइनहरुको समायोजनलाई ध्यानमा राखी, हस्तक्षेपको लागत सजिलै निकाल्न सकियो ।

यसले परियोजनाको क्षेत्र (उदाहरणको लागि निर्माण गरिनुपर्ने ढलको लम्वाई) लाई तय गर्छ र आवश्यकता र उपलव्ध बजेटको आधारमा परिमाणिक आदानहरु सजिलै निकाल्न सकिन्छ । स्प्रेडसीटले अझै रोजगारी र आयआर्जनमा निश्चित डिजाइन परिवर्तनको प्रभावलाई दर्शाउदै आवश्यक आदानहरुमध्ये एकको रुपमा सिर्जना हुनुपर्ने रोजगारीको अनुमान गर्न दिन्छ ।

सम्भावित डिजाइन विकल्पहरु र तिनीहरुको लागत र रोजगारीमा असरसँग परियोजना इन्जिनियरहरुलाई खेल्न दिनेबाहेक, समुदायबाट भनिएको समायोजनहरु सजिलै समावेश गर्न सकिन्छ र निश्चित परिवर्तनहरुको प्रभावमाथि छिटो प्रतिक्रिया दिन सक्षम बनाउँदै, तिनीहरुको प्रभाव निकाल्न सकिन्छ (उदाहरणको लागि इंट्टा ढलको लागि सोलिङ्ग राख्दा उपलव्ध बजेटभित्र निर्माण गर्नु पर्ने ढलको लम्वाईमा पर्ने तथा समुदायमा सिर्जना गर्नु पर्ने रोजगारीमाथि प्रभाव)

लागत अनुमान हिसाव गर्न प्रयोग गरिने इकाई लागतहरु, पूर्वानुमानित (मौसमी) परिवर्तनहरुलाई ध्यानमा राखी, वजार भाउमा आधारित हुनुपर्दछ । सामान्यतया सरकारी मुल्य तोकिए तापनि तिनीहरु उचित हुँदैन र परिणाममा कार्यान्वयनको समयमा आवश्यक सामानहरु उपलव्ध गराउनको लागि अपुग बजेट हुन्छ । विशेष गरी श्रम र धेरै प्रयोग हुने सामानहरु जस्तै सिमेन्ट, इंट्टा, स्टील, कंक्रिट र बालुवाको लागि, मुल्य परिवर्तनको असर बजेटमा उल्लेखनीय प्रभाव पर्छ । यस्ता मुल्य परिवर्तनहरुलाई ध्यानमा राखी, समुदायले हिसाव गरिएको बजेटमा परियोजना सम्पन्न गराउन, भैपरिआउने र मुल्य बृद्धिहरुको लागि उल्लेख्य आकारको बजेट समावेश गर्न थप सुझाव दिइएको छ ।

### डिजाइन र अनुमानहरुको छलफल र स्वीकार

लागत र रोजगारी अनुमानहरुको हिसावकितावले योजनाकार वा इन्जिनियरलाई उपलव्ध बजेटमा मिलाई तथा रोजगारी सिर्जनालाई सर्वोत्तम तुल्याई डिजाइन प्यारामिटरहरु र कार्यको क्षेत्र समायोजन गरी, परियोजना डिजाइन अन्तिम रुप दिन मद्दत गर्छ । तत्पश्चात परिणामिक डिजाइन र अनुमानहरु स्वीकृति र सम्भावित समायोजनको लागि समुदायमा आधारित संस्थाका सदस्यहरु र समुदायमा प्रस्तुत गर्नु पर्दछ ।

समुदायमा आधारित संस्थाका सदस्यहरु र समुदायबाट बुझिने गरी लागत र रोजगारी अनुमानहरुलाई साधारण परिमाणको बिलमा चढाउनुपर्दछ । परिमाणहरुले छुट्टै परियोजना क्रियाकलापहरु र उपक्रियाकलापहरुलाई दर्शाउनु पर्दछ र प्रत्येक क्रियाकलापको लागि आवश्यक मात्राको सामाग्रीहरु र श्रम देखाउनु पर्दछ । समुदायमा आधारित संस्थाका सदस्यहरु र समुदायलाई अन्तिम परियोजना प्रस्तुत गर्न परिमाणको बिल प्रयोग गरिन्छ र यदि परिवर्तन नभएमा, परियोजनाको कार्यान्वयनको लागि करार दस्तावेजको लागि आधार निर्माण गर्दछ । आवश्यक आदानहरु पुन:हिसाव गर्नु जरुरी हुन्छ र परिमाणको बिललाई त्यसै अनुसार समायोजन गर्नुपर्दछ । परिमाणको बिलको उदाहरण अनुसूची ४ मा उल्लेख गरिएको छ ।


योजना डिजाइनको ब्याख्या

प्रस्तुतिकरण सहज बनाउन र अन्तिम हस्तक्षेपको बारेमा बुझाउन परियोजना नक्सा र डिजाइन नमुनाहरु तयार गर्नुपर्दछ । मानिसहरुको ठूलो समुहको अगाडि प्रयोग गर्न मिल्ने गरी नक्सा कागजको ठूलो पानाहरुमा तयार गर्नुपर्दछ (फ्लिपचार्टहरु सँगै टाँस्दा राम्रो हुन्छ)। यसमा मानिसहरुले आफुहरु र आफ्नो घरहरु सजिलै देखाउन सक्ने गरी समुदायमा रहेको महत्वपूर्ण चिन्हहरु देखाउनु पर्दछ (समुदायबाट बनाएको नक्सालाई आधारको रुपमा प्रयोग गर्न सकिन्छ) । रङ्ग र चित्रहरु प्रयोग गरी विभिन्न भौतिक पूर्वाधार आदानहरु दर्शाउन, परियोजना हस्तक्षेप क्षेत्रहरु पनि देखाउनु पर्दछ । हस्तक्षेपसम्वन्धि संक्षिप्त तथ्याङ्क जस्तै कुल लागत, श्रम लागत र सामाग्री लागत, अनुमानित रोजगारी सिर्जना र परियोजना डिजाइन डाटा (उदाहरणको लागि निर्माण गरिनुपर्ने ढलको लम्वाई, राख्नु पर्ने कल्भर्टको संख्या र निर्माण गर्नुपर्ने भित्ताहरुको संख्या) नक्सामा उल्लेख गर्न पनि सुझाव दिइएको छ । डिजाइन नमुनाहरु पनि सकेसम्म सरल बनाई, कागतजको ठूलो पानाहरुमा सार्नु पर्दछ ।

समुदायसँगको अन्तिम तयारी बैठकको बेलामा, परियोजना नक्सा, डिजाइन नमुनाहरु तथा लागत र रोजगारी अनुमानहरु प्रस्तुत गरिनुपर्दछ र विभिन्न डिजाइन विकल्पहरु पछाडिको कारणहरु दिदै, विस्तृतरुपमा ब्याख्या गरिनुपर्दछ । समुदायका सदस्यहरुले तत्पश्चात विभिन्न डिजाइन विकल्पहरु र सम्भावित समायोजनको बारेमा योजना समुहसँग छलफल गर्न सक्छन् ।


पारित योजना नक्साको हस्ताक्षर

एकपटक सबैले परियोजनाको डिजाइनलाई स्वीकार गर्दछन्, नक्सा र डिजाइन नमुनाहरु समेत राखी, परियोजना दस्तावेजहरुमा समुदायबाट सदस्यहरुको हस्ताक्षर गराई त्यसलाई अभिलेख गरिराख्नुपर्दछ । निश्चित संशोधन गर्नुपर्ने भनि निर्णय गरिएमा, परियोजना कितावमा अभिलेख गरिनु पर्दछ र समुदायका सदस्यहरुबाट हस्ताक्षर पनि गराइनु पर्दछ । प्रस्तावित संशोधनहरुको उदाहरणको लागि बजेट आदिमा यथोचित प्रभावहरु नभएसम्म, संशोधनसहित परियोजना डिजाईन प्रस्तुत गरी पछि बैठक गर्न सुझाव दिइएको छैन ।

# ५. करार गर्ने समुदाय

करार गर्ने समुदाय भन्ने शव्दले आफ्नो भौतिक पूर्वाधार अभिबृद्धि कार्यहरुमा समुदायको प्रत्यक्ष संलग्नतालाई बयान गर्न प्रयोग गरिएको हो । सामुदायिक पूर्वाधार विकासको लक्ष्य समुदायको अभिबृद्धि गरिएको सेवा र भौतिक पूर्वाधारमाथि पहुँच मात्र नभई समुदायमा क्षमता अभिबृद्धि तथा सरकारी र गैर-सरकारी साझेदारहरुसँग सम्झौता गर्ने र परियोजना व्यवस्थापन तथा कार्य संगठनको अनुभव प्रदान गर्नु पनि हो । यो परिच्छेदले समुदायलाई राम्रो लाभ दिने करार तथा सम्झौताहरुको सबैभन्दा उचित स्वरुप निर्धारण तथा छानिएको परियोजना सफल सम्पन्न गर्न सहयोग गरी, छानिएको हस्तक्षेपहरुको कार्यान्वयनको विभिन्न तरिकाहरुको बारेमा व्याख्या गर्दछ ।

### करारको तयारी

छानिएको हस्तक्षेपहरुको कार्यान्वयनको लागि सामान्यतया स्थानिय र बाहिरी स्रोतबाट ल्याइएको सामग्रीहरु र उपकरणसहित, अदक्ष र दक्ष श्रम तथा प्राविधिक विशेषज्ञहरुको मिश्रण आवश्यक पर्दछ । छानिएको हस्तक्षेपलाई सफलरुपमा सम्पन्न गर्न, ती आदानहरु सबै उपलव्ध हुनु पर्दछ वा करार गर्नु पर्दछ ।

छानिएको परियोजनाको कार्यान्वयनको लागि आवश्यक आदानहरुको उपलव्धता र सम्झौताको लागि, आधारभूतरुपमा दुई वटा विकल्पहरु छन् । तिनीहरु करार गर्ने निकायबाट सिधै उपलव्ध गराइन वा सम्झौता गर्न सकिन्छ, वा अर्को ति आदानहरुको ल्याउन र व्यवस्था गर्न समुदायलाई सम्झौता गर्न सकिन्छ (करार गर्ने समुदाय) । सम्पत्तिहरुको निर्माण पछि समुदायलाई पछिल्लो विकल्पले ठूलो मात्रामा लाभ पुऱ्याउँछ, विशेषगरी सीप विकास र संगठनात्मक सुदृढिकरणको आधारहरुमा, परियोजनाको सफल सम्पन्न गर्नको लागि, समुदायको पक्षमा निश्चित तहसम्मको संगठन र अनुभव जरुरी हुन्छ ।

समुदाय र यसका सदस्यहरुको संगठनात्मक र प्राविधिक क्षमता तथा प्राविधिक जटिलता र छानिएको हस्तक्षेपको क्षेत्रको आधारमा, निम्न करारीय व्यवस्थाहरु प्रयोग गर्न सकिन्छ :

१. **करार गर्ने निकायबाट प्रत्यक्ष करार:** करार गर्ने निकाय सामानहरु र उपकरण तथा व्यक्तिगत कामदारहरुसँगको प्रत्यक्ष करार वा ठूला वा साना खालका ठेकेदारहरु र उद्योगहरुसँगको करारको मार्फतबाट, अदक्ष र दक्ष श्रमको करार सम्पूर्ण उपलव्ध गराउने जिम्मेवार हुन्छ । सम्भव भएसम्म, हस्तान्तरण र करारको लागि समुदायभित्रबाटै श्रोतहरु (मानव र संसाधानहरु) प्रयोग गर्नु पर्दछ । यो विकल्प प्रयोग गरिन्छ जहाँ समुदायहरु निक्कै कमजोररुपमा संगठित हुन्छन् र थोरै निर्माण अनुभव हुन्छ, र साथै उत्तर-संकट-अवस्थाहरुको लागि धेरै सुहाउँदो हुन्छ । सम्पत्तिको निर्माण तथा सम्भावित अस्थायी रोजगारी सिर्जनाबाहेक, यसले सीप विकास र संगठनात्मक सुदृढिकरणमा केही लाभहरु समुदायलाई प्रदान गर्दछ ।

२. **श्रमको लागि मात्र समुदाय करार:** करारको कार्यान्वयनमा आवश्यक स्थानियरुपमा परिपूर्ति गरिएको अदक्ष श्रमको, साथै व्यक्तिगत आधारमा सम्भावितरुपमा सम्झौता गरी केही दक्ष श्रम उपलव्ध र व्यवस्था गर्न समुदायसँग करार गरिन्छ । अन्य कुराहरु माथि उदाहरणमा जस्तै सिधै करार गरिन्छ । यो विकल्प उपयुक्त हुन्छ जहाँ केही मात्रामा समुदायमा आधारित संस्थाहरु रहेका हुन्छन्, तर जहाँ प्राविधिक सीपहरु र अनुभव अझै सिमित हुन्छ । यो विकल्पले समुदायमा र समुदायमा आधारित संस्थाहरुको सुदृढिकरणमा व्यवस्थापन सीपहरु सिर्जना गर्न केही मात्रामा मद्दत गर्छ ।

३. **श्रम र साधन समुदाय करार:** आवश्यक स्थानियरुपमा परिपूर्ति गरिएको अदक्ष श्रमको, साथै संसाधनहरु उपलव्ध र व्यवस्था गर्न समुदायसँग करार गरिन्छ । उपलव्ध गराइनु पर्ने सामानहरुभित्र स्थानिय श्रोत सामानहरु मात्र समेट्न सक्छ (उदाहरणको लागि बालुवा, ग्राभेल, आदि.) वा स्थानिय प्रदायकहरुबाट बाहिरी श्रोत सामानहरुको उपलव्धता पनि हुन सक्छ (उदाहरणको लागि सिमेन्ट, स्टील, आदि.) । उपकरण र बाहिरी स्रोतको प्राविधिक विशेषज्ञ अझै सिधै करार गर्ने निकायबाट करार गरिन्छ । यो विकल्प ति समुदायहरुमा उपयुक्त हुन्छ जुन सामानहरु तथा संसाधनहरु किन्न व्यवस्था गर्न आवश्यक मात्रामा उचितरुपमा संगठित हुन्छ, तर निश्चित सीपहरु वा सम्पूर्ण करार पालना गर्न आवश्यक उपकरणहरुमाथिको पहुँचमा केही कमी हुन्छ । यो विकल्पमा व्यवस्थापन सीपहरु तथा संगठनात्मक सुदृढिकरणको तहमा समुदायको लागि लाभहरु धेरै हुन्छ ।

४. **पूर्ण समुदाय करार:** पूर्ण समुदाय करारमा, आवश्यक श्रम, परियोजना र ठेकेदारहरुसँगको कुनै उप-करार वा अन्य विशेष सुविधाहरुको सम्पूर्ण व्यवस्थापन लगायत संसाधन र उपकरण उपलब्ध गराउनको लागि समुदाय जिम्मेवार हुन्छ । यो विकल्प ति समुदायहरुको लागि उपयुक्त हुन्छन् जुन आन्तरिकरुपमा राम्ररी संगठित र करारहरुसम्वन्धि वा आफ्नो व्यवस्थापनको लागि कम क्षमता आवश्यक हुने सानो मात्राको परियोजनाहरु व्यवस्था गर्न सक्षम (आवश्यक भएमा सहयोग लिई) हुन्छन् । यो विकल्पमा समुदायमा सीप विकास र संगठनात्मक सुदृढिकरणको तहमा समुदायको लागि संभावित थप लाभहरु अधिकत्तम हुन्छ ।

पूर्ण समुदाय करारमा समुदायको लागि अधिकत्तम थप लाभहरु सम्भावितरुपमा सिर्जना गर्ने भएतापनि, सबैभन्दा उचित विकल्प समुदायको विद्यमान क्षमताहरु र छानिएको हस्तक्षेपको विशेषताहरुमा निर्भर रहन्छ । सानो, सरल र स्थानिय स्रोतमा आधारित परियोजनाहरु समुदायबाट सफलतापूर्वक कार्यान्वयन हुने सम्भावना हुन्छ भने, केही सीप भएको समुदाय सदस्यहरु भएको कमजोररुपमा संगठित समुदायहरुसँग धेरै परियोजना आवश्यकताहरु पर्याप्तरुपमा व्यवस्था गर्ने क्षमताको अभाव हुन्छ ।

यद्यपी करार गर्ने समुदायको लागि निश्चित कानूनी प्रभावहरु हुन्छन् । समुदायलाई प्रतिनिधित्व गर्ने मात्र एउटा समुदायमा आधारित संस्था भएको अवस्थामा, मात्र एउटा बिड्डरसँग एकल स्रोत करार गर्नु पर्ने हुन्छ । करारको तयारी र प्रतिस्पर्धात्मक बोलपत्रसँगै टेण्डर राख्नुको सट्टामा, करार गर्ने निकाय र समुदाय (समुदायमा आधारित संस्था)बीच सम्झौताको भागको रुपमा दरहरु कायम गर्नुपर्ने हुन्छ । यसो गर्नका लागि, बिशेष विधान आवश्यक हुन सक्छ ।

दोस्रो कानूनी प्रभाव त्यहाँ देखापर्दछ जव परियोजनालाई समुदायबाट कार्यान्वयन गर्न अझ सहज बनाउनको लागि अथवा समुदाय वा सिधै निजी क्षेत्रसँग कामहरुको विभिन्न भागहरुसँग सम्वन्धि सम्झौता गर्न, परियोजना सानो प्याकेजहरुमा विभाजन गरिन्छ र छुट्टा छुट्टै सम्झौता हुन्छ । मात्र निश्चित परिस्थितिहरुमा बाहेक, सामान्यतया कामहरुको यस्तो विभाजनलाई सार्वजनिक खरिद ऐन ले अनुमति दिँदैन ।[१२]

समुदायसँग करार प्रवन्ध र तिनीहरुको प्रभावहरु विस्तृतरुपमा व्याख्या गरिनुपर्दछ । समुदायसँग मिलेर समुदायभित्र रहेको सीपहरु, अनुभव र सम्पत्ति निश्चित गर्नुपर्दछ । विशेषगरी समुदायभित्रबाट श्रम र सेवा प्रदायकहरु, उचित संख्यामा र परियोजनाको कार्यान्वयनको लागि आवश्यक सीपको तह र अनुभव को बारेमा सम्वन्धित हुनुपर्दछ । प्राविधिक जटिलता र परियोजनाको क्षेत्रको दृष्टिकोण समुदायमा उपलब्ध स्रोतहरु र संस्थाहरुको मात्रामा निर्भर भई, विशेष करार प्रवन्ध मिलाउन सकिन्छ । यसो गर्दा, समुदायहरुको संगठनात्मक र प्राविधिक क्षमताहरु तथा समुदायमा आधारित संस्थाहरुको सिमाहरु हुन्छन् भनी सम्झनु जरुरी हुन्छ । समुदाय र करार गर्ने निकाय दुबैलाई निराशा नहुने बनाउन तिनीहरुको क्षमताहरुलाई धेरै आंकलन वा बढी बयान गर्नु हुँदैन । यो निर्देशिकाले मुख्यत करार गर्ने समुदाय र पूर्ण समुदाय करारहरुको बारेमा व्याख्या गर्दछ, यद्यपी यसले स्थानिय साना तहका ठेकेदारहरुसँग व्यवहार गर्न केही मार्ग निर्देश गर्दछ ।

### सेवा प्रदायकसँग (उप) करार

सेवा प्रदायक भन्नाले उद्योगहरु, व्यवसाय र संगठित समुहहरुलाई बुझाउँछ जोसँग समुदाय वा करार गर्ने निकायबाट परियोजनाको कार्यान्वयनमा वा पछि यसको संचालन र मर्मतसम्भारमा आवश्यक निश्चित सेवाहरु प्रदान गर्न (उप) करार गरिन्छ । यसले व्यक्तिगत कामदारहरुसँग गरिएको, कहिले काहिं समुहको रुपमा संगठित भएपनि, तिनीहरुसँगको करारलाई बुझाउँदैन ।

तिनीहरुसँग सामान्यतया संसाधानहरु, निश्चित प्राविधिक दक्षता वा उपकरण आवश्यक हुने कार्यको कार्यान्वयन, संचालन वा मर्मतसम्भार क्रियाकलापहरुको सम्पादनको व्यवस्थासँग सम्वन्धित विशेष सेवाहरु प्रदान गर्न करार गरिन्छ, साथै प्राविधिक सहयोग वा समुदाय वा करार गर्ने निकायलाई तालिम दिन पनि गरिन्छ ।

ती सेवा प्रदायकहरु विशेष सेवाहरु प्रदान गर्नको लागि करार गरिएका अदक्ष र/वा दक्ष समुदायका सदस्यहरु संगठित समुहहरु (मर्मतसम्भार कार्य वा विशेष संचालन सेवाहरु जस्तै पानी व्यवस्थाको फोहर व्यवस्थापन लागि सामान्यतया यसो गरिन्छ ) वा धेरै औपचारिक उद्योगहरु र व्यवसायहरु जस्तै ठेकेदारहरु वा संसाधन वितरकहरु हुनसक्छन् । ति कम्पनीहरुको आकार साना तहका ठेकेदारहरु वा पसलेहरुदेखि ठूलो तहका निर्माण कम्पनीहरु

[१२] उदाहरणको लागि सम्पूर्ण परियोजनाको पूर्ण करार र उप परियोजनाहरुको पूर्ण करार एउटै वितरण र आर्थिक नियमावलीहरुभित्र पर्दछन् ।

हुनसक्छ र समुदायभित्रका वा समुदायबाहिरबाट आएका हुनसक्छन् । यो आवश्यक सेवाहरुको जटिलता र समुदायमा विद्यमान सेवा प्रदायकहरुको क्षमतामा निर्भर रहन्छ ।

अधिकांश सामुदायिक पूर्वाधार विकास परियोजनाहरुका लागि, समुदायभित्रका वा नजिकैका समुदायहरुका साना तहका स्थानिय प्रदायकहरुको प्रयोग गरिन्छ । समुदायको क्षमता र प्रदान गर्नुपर्ने सेवाहरुको क्षेत्र र जटिलता हेरेर, ति सेवा प्रदायकहरुसँग करार गरिनु जरुरी हुन्छ र करार गर्ने निकाय वा उपकरार गर्ने समुदायबाट निरिक्षण गरिनुपर्ने हुन्छ ।

### वित्तिय प्रवन्धहरु

लागत अनुमानको तयारीमा, श्रम लागत समेत गरी, परियोजनाको कूल लागत निर्धारण हुन्छ । धेरै अवस्थाहरुमा समुदायबाट योगदान आवश्यक हुन्छ, सामान्यतया त्यस्ता योगदानले परियोजनामा समुदायको हितलाई देखाउँछ (त्यसकारण व्यापक मात्रामा दिगोपन हुन्छ र उचित मर्मतसम्भार र संचालनमा धेरै चासो रहन्छ) तथा स्थानिय निकायहरुसँग उपलब्ध रहेको सिमित स्रोतहरुबाट समुदायको व्यापक संख्याहरुलाई लाभ प्राप्त हुन्छ भनी तर्क गर्ने गरिन्छ । अर्को तर्फ, यद्यपी, उपलब्ध विभिन्न आय स्रोतहरुको उपयोग गरी, आफ्नो क्षेत्राधिकारभित्र समुदायहरुको आधारभूत सेवाहरुलाई प्रदान गर्न स्थानिय निकायहरुको भूमिका रहन्छ भन्न सकिन्छ, तथा त्यस्ता थप योगदानहरु आवश्यक नहुन सक्छ, विशेषगरी मात्र गरीव समुदायहरुको लागि सामान्यतया यस्तो अभ्यास गरिन्छ ।

सामुदायिक पूर्वाधार विकास र कार्यहरु कार्यान्वयन गर्न समुदायलाई सहयोग गर्नुको उद्देश्यको भाग तलवी रोजगारी प्रदान गर्नु र स्थानिय अर्थतन्त्रमा नगद ल्याउनु हो । सार्वजनिक भौतिक पूर्वाधारहरु निर्माणमा भाग लिने मानिसलाई आफ्नो श्रमको लागि तलव दिनुपर्ने हुन्छ भन्ने सामान्य बुझाईको कुरा हो भने व्यक्तिहरु वा सिमित समुदायको उपयोगकर्ताहरुको स्वामित्व भएको सम्पत्तिहरुको निर्माणको सम्वन्धित स्वेच्छित आदानहरुको निष्पक्ष योगदानको बारेमा सम्झौता गर्न र सहमति गर्न सकिन्छ । त्यसकारण स्वेच्छिक योगदानहरुलाई समावेश गर्न सुझाव दिइएको छैन्, वशेषगरी परियोजनाहरुको कार्यान्वयनमा जटिलता ल्याउन सक्छ, विशेषतः जहाँ विभिन्न समुदायका सदस्यहरुले योगदानको केही भाग दिनु आवश्यक हुन्छ ।[१३] जहाँ समुदायले योगदान दातृ वा करार गर्ने निकायबाट आवश्यकता हुने हुनाले गर्छ, तिनीहरुलाई संचालन र मर्मतसम्भारको चरणमा जिम्मा दिन सुझाव दिइएको छ जहाँ तिनीहरुले प्रारम्भिक पुँजी वा स्रोतहरु उपलब्ध गराउन सक्छन् (परिच्छेद ९ पनि हेर्नुहोला) । यदि योगदानलाई समावेश गर्ने हो भने, त्यसलाई मुल्यांकन गर्नुपर्दछ तथा लागत र करार लिखतमा समावेश गर्नुपर्दछ ।

अन्तिम परियोजना लागत परिभाषित गर्नेबेलामा, विभिन्न आवश्यक तत्वहरुको निश्चित दरहरु तोक्नु महत्वपूर्ण हुन्छ । साथै कार्य मापनहरु प्रयोग गरी डिजाइन चरणमा मापन गरिएको कार्य र हिसावकिताव गरिएको आवश्यक आदानहरुको परिमाण हेरी, समुदाय (वा ठेकेदार)ले तोकिएको बजेटभित्र परियोजना सम्पन्न गर्न सक्छ कि सक्दैन भनी ति आदानहरुको उचित लागत निर्धारण हुन्छ । सम्झौता वा सहमती गरिएको निश्चित दरहरु भन्नाले गर्नुपर्ने कार्यको परिमाणमा आधारित भई करारको मुल्य निर्धारण हुन्छ र कुनै थप कार्यको विद्यमान दरहरुमा आधारित भई निष्पक्षरुपमा मुल्य निर्धारण गर्न सकिन्छ । ति दरहरुलाई परिमाणको विलमा देखाइनुपर्दछ जुन करारको भागमा पर्दछ (परिमाणको विलको उदाहरणको लागि अनुसूची ४ पनि हेर्नुहोला) । माथि भनिएजस्तै, ति दरहरु विद्यमान बजार दरहरुमा आधारित हुनुपर्दछ र निश्चित सरकारी दरहरु भन्दा तिनीहरुमा हुन सक्ने सम्भावित परिवर्तनहरुलाई पनि ध्यानमा राख्नुपर्दछ । छुट्याइएको बजेटभित्र परियोजना सम्पन्न गर्न सम्भव हुन्छ कि हुँदैन भनी निर्धारण गर्दै, कार्यान्वयनको समयमा बजार दरमा कुनै महत्वपूर्ण परिवर्तनलाई विस्तृत रुपमा हेरिनुपर्दछ ।

### रकम भुक्तानी प्रवन्धहरु

सामान्यतयाः समुदायहरुको साथै साना खालका ठेकेदारहरुलाई, ठूला ठेकेदारहरुलाई भन्दा ठीक उल्टो, कार्य शुरु गर्न पुँजी वा पुँजीमाथिको पहुँचको अभाव हुन्छ । कार्य शुरु गर्नको लागि, पर्याप्त मात्रामा धेरै अग्रिम भुक्तानी आवश्यक हुन्छ जुन संसाधन, उपकरणहरु खरीद गर्न तथा परियोजना कार्यान्वयनको प्रथम चरणको बेलामा आवश्यक उपकरार सेवाहरु प्राप्त गर्न प्रयोग हुन्छ । त्यस्ता उचित अग्रिम भुक्तानी नभई, समुदायको लागि कार्यहरु सुरु गर्न सम्भव हुँदैन ।

[१३] यस्ता स्थितिहरुमा, योगदानलाई सर्तकताका साथ मिलाउनु पर्ने हुन्छ जसले गर्दा समुदायका प्रत्येक सदस्य(वा परियोजनाका प्रत्येक लाभग्राही)ले वरावररुपमा योगदान दिनुपर्ने हुन्छ, र सबैभन्दा गरीवले धेरै योगदान दिनुपर्ने हुनुहुँदैन किनभने तिनीहरुलाई हस्तक्षेपको धेरै आवश्यकता हुन्छ वा तिनीहरु न्यून वा बेरोजगार हुनाले धेरै समय उपलब्ध हुन्छ ।

सामुदायिक पूर्वाधार विकासको लागि करार योगफल सामान्यतया धेरै थोरै हुन्छन् र पछिका भुक्तानीहरु सन्तोषजनक प्रगतिमा आधारित हुन्छन् । त्यसकारण अग्रिम भुक्तानी दिँदाको जोखिम कम हुन्छ । अग्रिम भुक्तानीहरुको लागि साधारणतया आवश्यक कुनै ग्यारेन्टीहरु सम्भव भएसम्म त्याग्नु पर्दछ (निजी क्षेत्रहरुसँग कार्य बेलाको स्थितिहरुमा पनि) वा ग्यारेन्टी फारमहरुलाई स्वीकार गर्नुपर्दछ जुन समुदायहरुले सहजै उपलब्ध गराउन सक्छन् ।

कार्यको सन्तोषजनक प्रगतिको विरुद्ध पछिल्ला आन्तरिक भुक्तानीहरुको सम्वन्धमा, ति भुक्तानीहरुको समयोचितताको ठूलो महत्व छ । जहाँ अत्याधिक प्रशासनिक प्रक्रियाहरुको कारणले भुक्तानीहरु ढिला हुन्छन्, रकमको अभावमा परियोजनाका क्रियाकलापहरु बन्द हुन सक्छन् किनभने तिर्नु बाँकी आन्तरिक भुक्तानीहरु कुरिरहँदा कार्य सुचारु गर्न समुदायसँग प्राय पुँजी वा उधारोमाथि पहुँचको अभाव हुन्छ । त्यसकारण भुक्तानी अनुरोध र समुदायमा आधारित संस्थाको बैंक खातामा भुक्तानी प्राप्त हुँदा विचको ढिलाईहरुलाई सिमित पार्ने उपायहरु खोज्दै, सम्भव भएसम्म सरल भुक्तानी प्रक्रिया प्रयोग गर्नु पर्दछ ।

**अग्रिम भुक्तानी**

नमुना परियोजनाहरुमा आइएलओ नियमावलीहरुमा अधिकत्तम स्वीकार्य अग्रिम भुक्तानी भनेको करारको योगफलको २५% थियो र त्यसकारण यो सबै नमुना परियोजनाहरुमा लागु गरियो । यसबाट समुदायहरुले प्रारम्भिक परियोजना क्रियाकलापहरुको लागि आवश्यक उपकरणहरु र प्राथमिक उपचार सामाग्री खरीद गर्नको साथै संसाधनहरु र श्रमको लागि भुक्तानी गर्न सक्थे । ति अग्रिम भुक्तानीहरुको बैंकमा हस्तान्तरणमा हुने ढिलाईले परियोजनालाई गम्भिररुपले संकटमा पाऱ्यो । यद्यपी, समुदायहरु शुरु पुँजीको अभावमा कार्य गर्न असक्षम भए । यसको परिणाममा, कार्य शुरु गर्न डेढ महिना ढिलो भयो र जुलाई महिनाबाट मात्र शुरु भयो । त्यो बेलासम्म बर्षातको मौसम शुरु भइसकेको थियो र कार्य पछि सारियो र बर्षातको मौसम सिद्धिएपछि सेप्टेम्बरमा मात्र संचालन गरियो । मेको १ तारिखमा करारमा हस्ताक्षर गरिएको भएपनि, अग्रिम भुक्तानीको समस्याहरुको कारणले ४ महिना भन्दा पछि मात्र धेरै कार्य शुरु भयो ।

उस्तै विषय भनेको अन्तिम परियोजना भुक्तानी हो, जुन सामान्यतया करार गर्ने निकायको सन्तोषजनकतामा सम्पूर्ण परियोजना सम्पन्न भइसकेपछि दिइन्छ वा विकल्पको रुपमा समुदाय वा ठेकेदारबाट ग्यारेन्टी आवश्यक हुन्छ जुन सम्पन्न गरिएको कार्यको स्वीकृति पछि मात्र मुक्त हुन्छ । कुनै एक स्थितिमा, यसको अर्थ समुदायले कार्य सम्पन्न गर्नुपर्दछ जहाँ रकम भने अझै करार गर्ने निकायसँग रहन्छ । माथि भनिएजस्तै पुँजी र उधारोमाथिको पहुँचको अभावमा, यो हासिल गर्न समुदायको लागि जटिल हुनपुग्दछ र परियोजनाको सफल समाप्तिलाई गम्भिररुपले संकटमा पार्न सक्दछ । त्यसकारण अन्तिम भुक्तानी वा आवश्यक ग्यारेन्टीलाई सम्भवभएसम्म सिमित गर्नुपर्दछ ।

**अन्तरिम र अन्तिम भुक्तानीहरु**

आइएलओको प्रशासकिय प्रक्रियाहरुसँगै नेपालमा विभिन्न बैंकहरुबीच बैंक हस्तान्तरणहरुको लागि भुक्तानी अनुरोध दाखिला र समुदायमा आधारित संस्थाको बैंक खातामा रकम जम्मा हुने बीचमा औसतमा ४ हप्ता लाग्यो । अग्रिम भुक्तानीसँग सम्वन्धित समस्याहरुको परिणाम स्वरुप कार्य शुरु गर्नमा ढिलाई हुँदा, परियोजना सम्पन्न गर्न समय निक्कै कम बाँकी भयो (सबै परियोजना डिसेम्वर महिनाको अन्तिमसम्म सम्पन्न हुनुपर्ने थियो) । त्यसकारण अन्तरिम भुक्तानीहरुको संख्या २ बाट १ पुऱ्याउने निर्णय भयो । त्यस्तै गरी, परियोजना रकमहरु नभई कार्य सम्पन्न गर्न नसक्ने समुदायको अवस्था हेरी, अन्तिम भुक्तानीको आकार पनि घटाउने निर्णय गरियो र त्यसकारण अन्तिम परियोजना क्रियाकलापहरु सम्पन्न हुनमा समस्याहरु छोड्न सकियो । आइएलओ नियमावलीहरु अनुसार, अन्तिम भुक्तानी करारको योगफलको १०% न्युनतम स्वीकार्यमा घटाइयो । यसको परिणाम स्वरुप, अग्रिम भुक्तानी उपयोगको प्रारम्भिक प्रगति सन्तोषजनक रहेको देखिए पछि, समुदायमा आधारित संस्थाले दोस्रो भुक्तानी प्राप्त गऱ्यो । दोस्रो भुक्तानीले करार योगफलको ६५% समेटेको थियो र परियोजन लागतको अन्तिम १०% स्थानिय प्रदायकहरु र श्रमहरुबाट उधारो प्रयोग गरी, समुदायमा आधारित संस्थालाई परियोजना सम्पन्न गर्न दिइयो । अधिकांश समुदायहरु बाँकी आन्तरिक भुक्तानीहरु कुरिरहँदा कार्य बन्द गर्न अझै बाध्य हुने भएपनि, अन्तरिम भुक्तानीहरुको संख्यालाई सिमित बनाई, परियोजना कार्यान्वयनमा ढिलाई घटाइयो ।

करार गर्ने समुदायको सफल कार्यान्वयनको लागि, अझै स्थानिय साना खालका ठेकेदारहरुको करारको लागि समयोचित र पर्याप्त भुक्तानीको विषय महत्वपूर्ण छ । समुदायलाई उधारो वा अग्रिम परियोजना लागतहरुको आवश्यकता पर्ने गरी, भुक्तानी प्रवन्धहरु सम्भवभएसम्म छोड्नुपर्ने हुन्छ र उचित अग्रिम भुक्तानी प्रदान गर्नुपर्दछ र अन्तिम भुक्तानीको आकार सिमित पार्नुपर्दछ । रकमको अभावमा कार्यहरु नै बन्द हुने अवस्थाहरु आउन नदिन, प्रशासकिय प्रक्रियाहरु सरल बनाई र आवश्यक अन्तरिम भुक्तानीहरुको संख्यालाई सिमित पारी, भुक्तानीहरु समयमा नै गरिनुपर्दछ ।

### करार लिखत

करारले दुई वा दुई भन्दा बढी पक्षहरुको बीचमा कानूनी सम्झौता बनाउँदछ । तिनीहरुले आवश्यकरुपमा उपलव्ध गराइनुपर्ने कार्यहरुको प्रकार र मात्रा तथा त्यस्ता सेवाहरुको लागि सहमति गरिएको मुल्यको बयान गर्दछन् । यसको अलावा, पक्षहरुले शर्तहरुको समुहलाई स्वीकार गर्दछन् जस अनुसार सम्झौता कार्यन्वयन हुन्छ । करार गर्ने समुदाय अन्तर्गत, समुदायले परियोजनाको लाभग्राहीको साथै ठेकेदारको रुप निर्वाह गर्नुपर्ने हुन्छ तथा त्यस्ता परिस्थितिहरुमा करार गर्ने समुदायले विभिन्न करार पक्षहरुको भुमिकाहरु, अधिकारहरु र दायित्वहरु परिभाषित गर्ने महत्वपूर्ण लिखत बनाउँछ र उच्चत्तम पारदर्शिता ल्याउँछ र हितको द्वन्द्व हटाउँछ ।

**करारको सामान्य शर्तहरु**

नमुना परियोजनाहरुमा आइएलओ सेवा करारको प्रयोग गरियो । यो करार प्रकार निर्माण कार्य वा करार गर्ने समुदायको लागि विशेष होइन र करार प्रकार र आकारहरुको व्यापक क्षेत्रमा प्रयोग गरिन्छ । परिणाममा, ति करारहरुको आधारभूत शर्तहरुमा करार गर्ने समुदायसँग असम्वन्धित विभिन्न प्रावधानहरु समावेश हुन्छ (उदाहरणको लागि प्रतिलिपि अधिकार) वा तर्साउने खालको हुन्छ (उदाहरणको लागि जेनेभामा विवादको मध्यस्थता) । त्यस्तैगरी, केही प्रावधानहरु धेरै सम्वन्धित हुन्छन् (उदाहरणको लागि, श्रम शर्तहरु) । यद्यपी, ति आधारभूत शर्तहरु मिलाउन सम्भव थिएन । त्यसकारण, परियोजनासँग सम्वन्धित प्रावधानहरुमा केन्द्रित गरी, समुदायका सदस्यहरुलाई विस्तृतरुपमा प्रावधानहरु र तिनीहरुको प्रभाव व्याख्या गरियो ।

सामान्यतया, शहरी गरीव र न्यून आय वस्तीहरुमा बसोबास गर्ने समुदायहरुसँग लिखित सम्झौताहरु अनुसार व्यवहार गर्ने वा कार्य गर्ने थोरै वा कुनै अनुभव हुँदैन । त्यसकारण करार लिखत सकेसम्म सरल हुनपर्दछ र करारको सम्पूर्ण अवधारणा राम्ररी बुझाउनु पर्दछ र सम्झौतामा हस्ताक्षर हुनुभन्दा अघि छलफल गर्नुपर्दछ । निजी क्षेत्रसँग करार गर्नको लागि, स्तरीय करार लिखतहरु सामान्यतया प्रयोग गरिन्छ जुनसँग सबै पक्षहरु परिचित हुन्छन् र जसको शव्दहरु स्पष्टसँग बुझिएको हुन्छ (र कानूनी व्याख्या थाहा हुन्छ), तर ति लिखतहरुको उस्तै बुझाई समुदायहरुसँग हुन्छ भनी आशा गर्न सकिदैन । जहाँ करारका त्यस्ता सामान्य शर्तहरु प्रयोग गरिन्छ, तिनीहरु यथासम्भव सरल बनाउन र समावेश गरिएको शर्तहरु परियोजना क्रियाकलापहरु र संलग्न करारको प्रकारसँग सम्वन्धित भएको सुनिश्चित गर्न ध्यान दिनुपर्दछ जहाँ आवश्यकभएमा करार गर्ने समुदायको लागि सरलिकृत आधारभूत लिखत बनाउनुपर्दछ । कुनै अवस्थामा, करारमा हस्ताक्षर गर्नुपूर्व राम्ररी बुझेको हो भनी निश्चित गर्न, मुख्य शर्तहरु विस्तृतरुपमा समुदायका सदस्यहरुलाई व्याख्या गर्नुपर्दछ ।

करारको आधारभूत भाग वा साधारण शर्तहरुको अलावा, करार लिखतहरुले निश्चित परियोजनासँग सम्वन्धित परियोजना विवरणहरु समेटेका हुन्छन् । यसलाई मुख्य करार लिखतको छुट्टै अनुसुचीमा समावेश गर्न सकिन्छ, तर यो अभिन्न अंग हुन जान्छ । ति विशेष परियोजना विवरण भन्नाले सम्पन्न गर्नुपर्ने परियोजना क्रियाकलापहरु, परियोजनाको समयावधि र क्रियाकलापहरुको समय, करार योगफल र भुक्तानी प्रवन्धहरु, संसाधनहरु र सामाग्री वितरण तथा श्रमको भर्ती सम्वन्धि नियमावलीहरु तथा अन्य कुनै विशेष प्रवन्धहरुलाई बुझाउँछ । स्थानिय स्रोतमा आधारित प्रविधिहरु प्रयोग गर्दा, स्थानिय श्रमको प्रयोग, श्रम भर्ती प्रक्रियाहरु तथा रोजगारी अभिलेखहरु राख्नेसँग सम्वन्धित विशेष प्रावधानहरु समावेश गर्नु महत्वपूर्ण रहन्छ । करारको यो भागले परियोजनाको लागि तयार पारिएको परिमाणको बिल, विभिन्न परियोजना क्षेत्रहरुको स्थान देखाइएको परियोजना नक्सा, विभिन्न परियोजना क्रियाकलापहरुको समय तोकिएको कार्ययोजना तथा प्राविधिक डिजाइन चित्रणहरु पनि समावेश गर्नुपर्दछ । अनुसुची ५ले नमुना करार लिखत समेटेको छ (यो एक नमुना परियोजनामा प्रयोग भएको करार लिखतको

संशोधित रुप हो जसमा करारको मुख्य प्रावधानहरु वा साधारण शर्तहरु हटाइएको छ ) भने अनुसुची ४, अनुसुची ६, अनुसुची ७ तथा अनुसुची ८ ले क्रमशः परिमाणको विल, परियोजना नक्सा, कार्ययोजना र डिजाइन चित्रणहरु समेटेको छ जुन करारको भाग हो ।

## करारको हस्ताक्षर

करारमा हस्ताक्षर हुनुभन्दा पूर्व, करार लिखत र अनुसुचीहरुको बारेमा समुदाय र समुदायमा आधारित संस्थासँग छलफल गर्नु जरुरी हुन्छ । यसको लागि, भुक्तानीहरु र भुक्तानी तालिका, परियोजना क्रियाकलापहरु र आवश्यक परियोजना प्रतिफलहरु, स्थानिय श्रमको प्रयोग र श्रमको भर्ती आदिमा विशेष ध्यान दिँदै, करार लिखतको विभिन्न प्रावधानहरुको बारेमा बुझाउन सिंगो समुदायसँग बैठक गर्न सुझाव दिइएको छ । यसले परियोजना, परियोजनाको रकमहरुको प्रयोग तथा परियोजनामा सिर्जित रोजगारीको सन्दर्भमा व्यापकमात्रामा पारदर्शिता निर्माण गर्दछ तथा समुदाय र समुदायमा आधारित संस्थाका सदस्यहरुलाई करारको कुनै भागहरुमा प्रश्न गर्न सहयोग गर्छ । दुबै पक्षहरुबाट हस्ताक्षर हुनुपूर्व, आवश्यक ठानिएको संशोधनहरु करार लिखतमा समावेश गर्न सकिन्छ ।



करार पत्रको व्याख्या

# ६. क्षमता अभिबृद्धि

यो परिच्छेद सामुदायिक पूर्वाधारहरु विकास परियोजनाहरुमा क्षमता अभिबृद्धिको आवश्यकताको बारेमा संक्षिप्तरुपमा व्याख्या गर्दछ । यो विस्तृत तालिम निर्देशिकाहरु प्रदान गर्ने सँग सम्वन्धित छैन, तर ति क्षेत्रहरुको पहिचान गर्दछ जहाँ क्षमता अभिबृद्धि आवश्यक हुन सक्दछ ।

### समुदायमा आधारित संस्थाको लागि क्षमता अभिबृद्धि

सामुदायिक पूर्वाधारहरु विकासको सम्पूर्ण पक्षहरुमा समुदायको सहभागिताले संगठनात्मक तथा प्राविधिक सीपहरुका साथै सम्झौता गर्ने सीपहरुमा व्यक्तिगत र सम्पूर्ण समुदायको क्षमताहरु अभिबृद्धि गर्छ । यद्यपी, ति सीपहरु सामान्यतया तिनीहरुको संलग्नताको शुरुवातमा धेरै सिमित हुन्छन् तथा त्यसकारण प्राविधिक सहयोग र क्षमता अभिबृद्धिको प्रावधान परियोजनाको सफल समाप्तिको केन्द्र हुन जान्छ । विशेषगरी, समुदायमा आधारित संस्थाका सदस्याहरुलाई निम्न पक्षहरुमा तालिम आवश्यक हुन्छ :

- लेखापालन, रोजगारी निरिक्षण तथा रिर्पोटिंग
- कार्य संगठन र योजना
- श्रम भर्ती र निरिक्षण
- सामानहरु तथा संसाधनहरुको वितरण
- सेवा प्रदायकहरुसँगको उपकरार तथा तिनीहरुको निरिक्षण
- संचालन तथा मर्मतसम्भार

ति क्षमताहरु अभिबृद्धि गर्नमा, परम्परागत कक्षाकोठे तालिमलाई सकेसम्म त्याग्नु पर्दछ र तालिम परियोजनाको कार्यान्वयनमा काममा आधारित तालिम (on the job training)मा केन्द्रित हुनुपर्दछ । सम्भवभए सामुदायिक पूर्वाधारहरु विकासको अनुभव गरिसकेको अन्य समुदायहरुमा भम्रणहरु गराउनुपर्दछ । नगरपालिकाका कर्मचारीहरुबाट तालिम प्रदान गर्न सकिन्छ (उदाहरणको लागि क्षेत्र निरिक्षक, सामाजिक परिचालक) वा बाह्य सेवा प्रदायकहरुसँग सम्पर्क गर्न सकिन्छ (उदाहरण गैरसरकारी संस्था, निजी क्षेत्र) ।

तालिमको अलावा, कार्यहरुको नियमित र निरन्तर निरिक्षणहरु तथा समुदायमा आधारित संस्थाबाट रिर्पोटिंग गर्नु आवश्यक हुन्छ । त्यसबाट कुनै पनि समस्याहरु पहिचान गर्न सकिन्छ र प्रारम्भिक चरणमा नै सम्वोधन गर्न सकिन्छ र थप तालिमहरुको आवश्यकता पहिचान गर्न सकिन्छ ।

### साना खालका ठेकेदारहरुको लागि क्षमता अभिबृद्धि

करार गर्ने निकायबाट प्रत्यक्ष करार गरी वा समुदायबाट उपकरार गरी, शहरी क्षेत्रहरुमा सामुदायिक पूर्वाधारहरु विकासमा साना खालका ठेकेदारहरु प्राय संलग्न हुन्छन् । परियोजनामा साना खालका ठेकेदारहरुको कार्य सम्पादन सुधार गर्नको लागि प्रायः क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ । करार लिन साना खालका ठेकेदारहरुसँग पर्याप्त निर्माण सीपहरु भएपनि, प्राय आफ्नो व्यवसाय र करारहरु व्यवस्थापन गर्न अनुभव हुँदैन । उचितरुपमा करार व्यवस्था गर्ने क्षमताले यो सुनिश्चित गर्छ  कि ठेकेदारले उचित बोलपत्र तयार गर्छ जसअनुसार स्वीकृत बजेटभित्र र सहमति भएको गुणस्तरमा कार्य सम्पन्न हुन्छ[१४] र बजेटभित्र र सहमति गरिएको गुणस्तरमा, समयमा कार्य सम्पन्न हुने गरी कामहरु राम्ररी व्यवस्था हुन्छ । आफ्नो व्यवसाय राम्ररी व्यवस्था गर्ने क्षमता, विशेषगरी करारहरुबीचको समयमा कसरी निश्चित लागतहरुलाई व्यवस्था गर्ने भन्ने कुराले दिर्घकालिन आधारमा ठेकेदार भई भद्र जीवीकोर्पाजन गर्न मद्दत गर्छ, त्यसकारण परियोजनाको क्षेत्रको पछाडिसम्म रोजगारी र आय सिर्जना हुन्छ । आइएलओबाट विशेषगरी साना खालका ठेकेदारहरुको आवश्यकतालाई पुरा गर्ने देशविशेष र साधारण दुबै खालका धेरै संख्यामा तालिमहरु विकसित गरिएका छन् (आइएलओको आफ्नो निर्माण व्यवसाय शुरु र अभिबृद्धि गर एउटा उदाहरण हो )[१५] ।

[१४] विडिंगमा अनुभवको अभावको कारणबाट ज्यादै न्यून लागतको बोलपत्र तयार हुनजान्छ जसबाट ठेकेदारलाई थोरै वा केही पनि लाभ हुँदैन र सम्भवत रकम घाटा हुन्छ वा कार्यान्वयनको भागहरुमा कटौती गर्नुपर्ने हुन्छ ।

[१५] www.ilo.org/eiip हेर्नुहोला ।

## कामदारहरुको तालिम

श्रममा आधारित परियोजनाहरुमा धेरै कामदारहरु अदक्ष हुन्छन् र तिनीहरुलाई आफ्नो काम राम्ररी सम्पन्न गर्न केही आधारभूत तालिमहरु आवश्यक हुन्छ । यो राम्ररी काम सम्पन्न र मापन गर्ने सम्वन्धित छ, औजारहरुको उचित प्रयोगसँग पनि सम्वन्धित छ । यो हासिल गर्न प्राय समुह नेताहरुलाई तालिम दिइन्छ जो आफूले हासिल गरेको ज्ञान आफ्नो समुहको कामदारहरुलाई बाड्न जिम्मेवार हुन्छन् ।

यद्यपी दक्ष कामदारहरुलाई पनि थप तालिमहरु आवश्यक हुन्छ । माथि उल्लेख गरिएका साना खालका ठेकेदारहरुबाहेक, सामुदायिक पूर्वाधारहरु विकास परियोजनाहरुले निश्चित कार्यहरु सम्पन्न गर्न विशेष दक्षता (इंट्टा विछ्याउने, पाइप जडान गर्ने, आदि) भएका स्थानिय व्यक्तिहरु को धेरै प्रयोग गर्दछन् । त्यस्ता समुदायका सदस्यहरुलाई थप प्राविधिक तालिम प्रदान गरेर कार्यको गुणस्तर अभिबृद्धि गर्न सकिन्छ र प्रायजसो परियोजनाको लागत घटाउन सकिन्छ ।

**कामदारहरुको तालिम**

नमुना परियोजनाहरुमध्ये एकमा सामुदायिक भवनको निर्माण गरिदैथियो । समुदायमा आधारित संस्थाबाट खरिद गरिएको इंट्टाको आकार फरक फरक पर्‍यो जुन जनकपुर नगरपालिकामा सामान्य समस्या हो । इंट्टाको काम गर्ने दक्ष कामदारले एक छेउमा सम्म पर्ने गरी दोहोरो इंट्टा भित्ता बनाएर समस्या समाधान गरिदिए तर परिणाममा अर्को छेउको भित्ता निकै असमतल हुनपुग्यो । आइएलओ इन्जिनियरहरुले अदक्ष कामदारहरुलाई कसरी इंट्टाहरुलाई दुई भागमा छुट्याउने र योजनाबद्ध तरिकाबाट ति दुई आकारहरुले समतल भित्ता बनाउन सकिन्छ भनि बुझाए जसको कारण भविष्यमा प्लाष्टर गर्ने सामान कम चाहिन्छ र त्यसकारण लागतमा कम हुन्छ । यो तरिकालाई तत्पश्चात परियोजनाको बाँकी भागमा प्रयोग गरियो ।

## संचालन र मर्मतसम्भार

परियोजनाको समाप्ती पश्चात संचालन र मर्मतसम्भारको सफल कार्यान्वयनको लागि, तालिम पनि जरुरी हुन्छ । सामान्यतया यसले दुबै समुदायमा आधारित संस्थाका सदस्यहरु वा संचालन र मर्मतसम्भारको व्यवस्था गर्न जिम्मेवारी दिइएको जोकोही (उदाहरणको लागि साना उद्योग, सामुदायिक समुह)को साथै ति क्रियाकलापहरुको कार्यान्वयन गर्न जिम्मेवार बनाइएका (उदाहरणको लागि साना खालका ठेकेदार, सामुदायिक कामदार समुह, सानाउद्योग)प्रति लक्षित व्यवस्थापन तालिमलाई समेट्छ । यो निर्देशिकाको परिच्छेद ९ मा संचालन र मर्मतसम्भारको बारेमा थप जानकारी उल्लेख गरिएको छ ।

# ७. कार्य कार्यान्वयन

सामुदायिक पूर्वाधारहरु विकास परियोजनाहरुको कार्यान्वयनमा, विशेष सरोकारका केही विषयहरु छन् । ति विषयहरुलाई समुदायमा आधारित संस्थाको तालिम र कार्यहरुको निरिक्षणमा ध्यानमा राखिनुपर्दछ ।

## कामदारहरुको भर्ती र पारिश्रमिक

श्रम वा स्थानिय स्रोतमा आधारित सामुदायिक पूर्वाधारहरु विकास परियोजनाहरुमा श्रम महत्वपूर्ण आदान हो । यद्यपी, परिणामक कामहरु लागत प्रभावकारी र राम्रो गुणस्तरको छ भनी सुनिश्चित गर्न , र उचित कार्य अवस्थाहरुमा रोजगारीको उचित सिर्जनाको सुनिश्चितताको लागि श्रममा आधारित प्रविधिहरुको प्रयोगमा धेरै संख्याका विषयहरुलाई ध्यानमा राख्नु आवश्यक हुन्छ ।

श्रमको भर्तीमा, रोजगारीको खोजी गर्ने सबैलाई समान अवसरहरु प्रदान गर्नु महत्वपूर्ण हुन्छ । त्यस्तै गरी, महिला, दलित वा जनजाति जस्ता जोखिम समुहका सदस्यहरुलाई वा समुदायमा सबैभन्दा गरीवहरुको लागि निश्चित रोजगारी अवसरहरु वा अन्य रोजगारी अवसरहरु नभएकाहरुको लागि रोजगारी दिन प्रोत्साहन दिनु वान्छनीय हुन्छ (परिशिष्ट २ पनि हेर्नुहोला) । समुदायका विभिन्न सदस्यहरुले सहमत हुनेगरी रोजगारी र आयआर्जन अवसरहरुको निष्पक्ष वितरणको सुनिश्चितताको लागि, दक्ष र अदक्ष दुवै, कामदारहरुको भर्तीको लागि प्रक्रियाहरु र आधारहरु छलफल गरिनुपर्दछ र समुदायभित्र सहमति गरिनुपर्दछ । यसले असन्तुष्ट समुदायका सदस्यहरुसँग कार्यान्वयनको बेलामा उठ्ने समस्याहरु हटाउँदछ । श्रम भर्तीसँग सम्वन्धित महत्वपूर्ण श्रम शर्तहरुमा बालश्रम निषेध[१६] वा जवरजस्ती श्रम[१७] र भेदभावको रोकथाम[१८] हुन् ।

विभिन्न कामदारहरुको पारिश्रमिक पनि समान मुल्यको कामको लागि समान हुनुपर्दछ ।[१९] यसले पुरुष र महिला, तल्लो र माथिल्लो जाति आदिलाई समान प्रकृतिको कार्यको लागि समान पारिश्रमिक दिन अपरिहार्य बनाएको छ । मात्र दक्ष कामदारहरुलाई उच्च पारिश्रमिक दिनु पर्छ । पारिश्रमिक न्यूनत्तम ज्याला वा संलग्न विभिन्न श्रम वर्गहरुको लागि जिल्लाको दैनिक ज्यालादरमा आधारित हुनुपर्दछ ।[२०]

कामदारहरुको पारिश्रमिकको एउटा महत्वपूर्ण पक्ष पारिश्रमिकको आधार र कार्यशक्तिको संगठन हो । सिद्धान्तमा, श्रममा आधारित कार्यहरुको लागि तीन मुख्य भुक्तानी तरिकाहरु छन् :

१. **दैनिक पारिश्रमिक काम**, परिणामको मतलव नगरी, निश्चित घण्टा कामको लागि दैनिक आधारमा कामदारलाई पारिश्रमिक दिइन्छ । यो ज्यादै प्रचलित भएतापनि, कामदारहरुले सन्तोषजनक काम गरिरहेका छन् भनी सुनिश्चित गर्न यो पारिश्रमिक तरिकाको लागि उच्च तहको निरिक्षण आवश्यक पर्दछ, र आवश्यक पर्ने कामदारहरुको संख्या वा कार्यदिनहरुको योजना बनाउन कठिन हुन्छ किनभने काम परिणाम निरन्तररुपमा फरक हुन्छ ।

२. **ट्यास्क काम**, व्यक्तिगतरुपमा कामदार वा कामदारहरुको समुहलाई स्पष्टरुपमा परिभाषित सम्पन्न गर्नुपर्ने काम (ट्यास्क) वा कामको परिमाण दिइन्छ, जसको लागि निश्चित पारिश्रमिक दिइन्छ । त्यस्ता कामहरु सामान्यतया एक दिन वा क्रमशः दिनहरु भित्र सम्पन्न गरिन्छ, र त्यसकारण पारिश्रमिक स्वीकारिएको दैनिक ज्याला दरको गुणनमा आधारित हुन्छ । यो पारिश्रमिक तरिका फाइदाजनक छ किनभने यसमा थोरै निरिक्षण गरेपुग्छ र इनपुट-आउटपुट सम्वन्ध निश्चित हुने हुनाले योजना गर्न सजिलो हुन्छ । कामदारहरुको माझ यो चर्चित पनि छ किनभने यसले तिनीहरुलाई काम सम्पन्न गर्न सक्ने बनाउँछ र चाँडो जाँदा पनि पूरा दिनको ज्याला प्राप्त हुन्छ ।

३. **पीस काम**, यो ट्यास्क काम को परिवर्तित रुप हो जसमा व्यक्तिगत कामदार वा कामदारहरुको समुहलाई प्रतिफलको प्रति इकाइ आधारमा पारश्रमिक दिइन्छ । कति वटा पीसहरु सम्पन्न गर्ने वा लामो समयसम्म निरन्तर कार्य गर्ने नगर्ने बारेमा सामान्यतया निर्णय गर्न कामदारहरु स्वतन्त्र हुन्छन् । यद्यपी, यो पद्धतिलाई मिलाउन कठिन पर्दछ र निरिक्षण गर्न अझ जटिल छ र यसलाई स्वयं शोषण तर्फ लग्ने भनी चिनिएको छ ।

---

[१६] आइएलओको अन्तर्राष्ट्रिय श्रम महासन्धि १३८ र १८२ (http://www.ilo.org/ilolex)
[१७] आइएलओको अन्तर्राष्ट्रिय श्रम महासन्धि २९ र १०५ (http://www.ilo.org/ilolex)
[१८] आइएलओको अन्तर्राष्ट्रिय श्रम महासन्धि १११ र १५८ (http://www.ilo.org/ilolex)
[१९] आइएलओको अन्तर्राष्ट्रिय श्रम महासन्धि १०० (http://www.ilo.org/ilolex)
[२०] आइएलओको अन्तर्राष्ट्रिय श्रम महासन्धि ९५ र १३१ (http://www.ilo.org/ilolex)

श्रममा आधारित वा समुदायबाट व्यवस्थापित परियोजनाहरुमा ट्यास्क कामलाई रुचाइएको विकल्प मानिन्छ, किनभने यसको लागि सरल योजना र निरिक्षण भए पुग्छ, साथै कामदारहरुबाट पनि व्यापकरुपमा स्वीकार गरिएको छ । यद्यपी, ट्यास्कको आकारको निर्धारण न्यायोचित हुनुपर्दछ र पारिश्रमिक ट्यास्क सम्पन्न गर्न लाग्ने समयको आधारमा हुनुपर्दछ । ट्यास्कको आकारको निर्धारण विद्यमान उत्पादकत्व मापनहरु जस्तै अगाडि उल्लेख गरिएको दोलिदार कार्य मापनमा आधारित हुन सक्छ[२१] वा ट्यास्कहरु शुरुमा प्रयोग गरिएको दैनिक पारिश्रमिक काम वा हासिल भएको औसत दैनिक उत्पादकत्वमा आधारित हुनसक्छ । कुनै एक अवस्थामा, कामदारहरु (धेरै उच्च नहुने) र परियोजना (धेरै न्यून नहुने) दुबैको लागि न्यायोचित भएको सुनिश्चित गर्न, ट्यास्कको आकारको उचितता निरिक्षण गरिनुपर्दछ । कामदारहरुले आफूले गर्नुपर्ने कामको मात्रा राम्ररी बुझ्न सक्ने बनाउनको लागि ति ट्यास्कहरु राम्ररी निर्धारण गरिनुपर्दछ ।

कामदारहरुलाई संगठित गर्नेबेलामा, विशेष कामहरुको लागि श्रम समुहहरु वा टोलीहरुसँग कार्य गर्नु वाञ्छनिय हुन्छ । विशेषगरी जव क्रियाकलापहरुले विभिन्न प्रकारका काम समेट्छ वा जहाँ दक्ष र अदक्ष श्रम दुबै आवश्यक हुन्छ, कामदारहरुको समुहलाई काममा लगाउनु हितकारी हुन्छ । उदाहरणको लागि, ढल खन्ने कार्य भन्नाले केही कार्य दक्ष कामदारहरुबाट सम्पन्न गरिनुपर्ने हुन्छ भने अन्य भाग काम अदक्ष कामदारहरुबाट सम्पन्न गर्नुपर्ने हुन्छ । खनिएको ढलको निश्चित लम्वाईको समाप्ती तथा दक्ष र अदक्ष श्रमको समुहलाई दिई, कामलाई समुह बनाई ट्यास्क निर्धारण गर्न सकिन्छ जसले आवश्यक योजना र निरिक्षणलाई व्यापक मात्रामा सहज बनाउँदछ ।

श्रम टोलीहरु संगठित गर्नेबेलामा, उपलब्ध श्रम, संसाधन, औजार र उपकरणहरुको उचित सदुपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ । त्यसकारण कार्य संचालन गर्ने क्रम र सम्पन्न गर्नुपर्ने क्रियाकलाप र प्रत्येक क्रियाकलापको लागि आवश्यक श्रम र अन्य संसाधनहरुको मात्रा ध्यानमा राख्नु महत्वपूर्ण हुन्छ । त्यो गर्दा विभिन्न क्रियाकलापहरुको लागि टोलीको आकारहरु सन्तुलित बनाउन सकिन्छ जसले गर्दा क्रियाकलापहरु औसतमा समान गतिमा अघि बढ्छन्, अगाडिको क्रियाकलाप सम्पन्न नभएको कारणले एउटा टोली कुरिरहनु पर्ने र खाली वस्नु पर्ने अवस्थालाई हटाउन सकिन्छ ।[२२] प्रत्येक टोलीमा एउटा टोली नेता छान्न पनि सुझाव दिइएको छ, जो टोलीभित्र कार्यको व्यवस्था मिलाउन र तोकिएको कामको उचित प्राविधिक कार्यान्वयन गर्न थप तालिम प्राप्त गर्छन् । टोली नेताले कार्य निर्देशनहरु पनि प्राप्त गर्छन् र टोलीका कामदारहरुलाई तिनीहरु हस्तान्तरण गर्छन् ।

ट्यास्कको आकारहरु निर्धारण गर्नको साथै ट्यास्कहरु तोक्न र कम्तीमा प्रारम्भमा, श्रम टोलीहरुलाई संगठित गर्न स्थान सुपरिवेक्षक जिम्मेवार हुन्छन् । पछिल्ला चरणमा, यसको लागि समुदायमा आधारित संस्था जिम्मेवार हुन्छ, र स्थान सुपरिवेक्षकले साधारणतया उचित प्रयोग सुपरिवेक्षण गर्दछन् । समुदायमा आधारित संस्थालाई ट्यास्क कामको प्रयोगको र श्रम टोलीको निर्माण सन्दर्भमा काममा आधारित तालिम प्रदान गर्न सुझाव दिइएको छ ।

स्थान सुपरिवेक्षकलाई करार गर्ने निकायबाट काममा लगाइन्छ (करार गर्ने निकायको कर्मचारी हुनसक्छन् वा यही प्रयोजनको लागि परामर्शदाता राखिएको हुनसक्छ ) । विकल्पको रुपमा, स्थान सुपरिवेक्षकको लागत परियोजना लागतमा समावेश गर्न सकिन्छ र तिनीसँग करार गर्न समुदायमा आधारित संस्थालाई जिम्मेवार बनाउन सकिन्छ । यद्यपी, अघिल्लो विकल्पलाई सुझाव दिइएको छ किनभने यसले उचित सुपरिवेक्षणको सुनिश्चितता गर्दछ भने करार गर्ने निकायबाट प्रगति र कार्यको गुणस्तरको निरिक्षण हुन्छ । अझै, स्थान सुपरिवेक्षकलाई विभिन्न परियोजनाहरुको सुपरिवेक्षण गर्न अनुमति दिन्छ र त्यसकारण, आवश्यकता अनुसार प्रभावकारी तरीकाबाट आफ्नो समय विभाजन गर्न सकिने हुन्छ ।

**स्थान सुपरिवेक्षक**

नमुना परियोजनाहरुमा, स्थान सुपरिवेक्षकको करारको लागि प्रत्येक नमुना परियोजनाको परिमाणको विलमा बाँडफाँट समावेश गरिएको हुन्छ । किनभने दैनिक आधारमा स्थान सुपरिवेक्षकको आवश्यकता पर्दैन तर सम्पूर्ण परियोजनाको अवधिमा विभिन्न समयहरुमा आवश्यक पर्दछ । चार वटा नमुना परियोजनाहरुको लागि एउटा स्थान सुपरिवेक्षक नै प्रभावकारी र सक्षम हुने मानियो । यसलाई सहज बनाउन र विभिन्न समुदायहरुमा समय न्यायोचित ढंगबाट बाँडिएको सुनिश्चित गर्न, आइएलओबाट स्थान सुपरिवेक्षकसँग सिधै करार गरियो ।

---

[२१] "प्रोडक्टीभिटी नम्स् फर आग्रिकल्चर एण्ड रुरल रोड्स" , डोलिडार ( www.dolidar.gov.np ) । यो दस्तावेजले विभिन्न क्रियाकलापहरुको लागि आवश्यक श्रमको मात्रा निर्धारण गर्दछ । अर्को उपयोगी दस्तावेज भनेको आइलओद्वारा प्रकासित स्टीइड, ब्रुडेफोर्स र शोनको "प्रोडक्टीभिटी नम्स् फर लेवर वेस्ड कन्स्ट्रक्सन" हो । (http://www.ilo.org. eiip)

[२२] उदाहरणको लागि, ढल खन्ने जिम्मेवारी पाएको टोलीले एकदमै विस्तारै काम गरिरहेको छ भने ढल निर्माण जिम्मेवारी पाएको टोलीले काम गर्न सक्दैन ।

**कामदारको सुरक्षा र स्वास्थ्य**

नमुना परियोजनाहरुमा, समुदायमा आधारित संस्थालाई प्राथमिक उपचार सामाग्री किन्न लगाइयो र सधै कार्य स्थानमा उपलब्ध थियो । यसको अलावा, १.५% देखि २% सम्मको प्रत्यक्ष परियोजना लागतलाई कार्यसँग सम्वन्धित दुर्घटनाको खर्च व्यहोर्न विमा रकमको रुपमा छुट्याइयो । उस्तै परियोजनाहरुमा विमा कम्पनीहरुसँगको अनुभव धेरै सकारात्मक नभएकोले यसो गरिएको थियो । कार्य समाप्त भइसकेपछि परियोजनाको क्षेत्र विस्तारको लागि समुदायबाट बाँकी विमा रकम प्रयोग गर्न सकिने भयो । विमा रकम मात्र एक पटक प्रयोग गरियो,जहाँ ढल खन्दा भित्ता भत्किएर, केही कामदारहरु घाइते भएका थिए । विमा रकमबाट उपचारको सम्पूर्ण खर्च तिरिएको थियो । करार योगफलमा प्राथमिक उपचार सामाग्री र विमा रकम दुबैको लागत समेटिएको थियो ।

परियोजनाको कार्यान्वयनमा, कामदारहरुको सुरक्षा र स्वास्थ्यको पनि सुनिश्चितता हुनुपर्दछ ।[२३] यसभित्र सुरक्षित कपडा र उचित औजारहरुको प्रयोग साथै कार्यस्थानमा प्राथमिक उपचार सामाग्री र स्वच्छ खाने पानीको उपलब्धता पर्दछन् । महत्वपूर्ण विषयमा कार्य दुर्घटनाहरुको लागि कामदारहरुलाई क्षतिपूर्ति हो जहाँ कार्य सम्वन्धित दुर्घटनाहरुको उपचारको लागतलाई कुनै तरिकाबाट व्यहोरेको हुनुपर्दछ । जोकोही पनि दुर्घटनाबाट घाइते भएकाप्रति समुदायले सामुहिकरुपमा जिम्मेवारी महसुस गर्न सक्ने भएतापनि, औषधी खर्च र ज्याला क्षतिपूर्तिको लागि औपचारिक प्रवन्ध गर्न सुझाव दिइएको छ । परियोजनाका कामदारहरुको विमा गरी यसको व्यवस्था गर्न सकिन्छ वा विकल्पको रुपमा, दुर्घटनाहरुको बेलामा प्रयोग गर्नको लागि करार योगफलको निश्चित रकम विमा रकम छुट्याउन सकिन्छ । विमा र आधारभूत सुरक्षा र स्वास्थ्यसँग सम्वन्धित प्रवन्धहरुलाई परियोजना कार्यान्वयनको बेलामा स्थान दिन र करार लिखतमा उल्लेख गर्न सुझाव दिइएको छ । यद्यपी, ति उपायहरुको लागत करारबाट समेटेको हुनुपर्दछ ।

सामुदायिक पूर्वाधारहरु विकास परियोजनाहरुमा ध्यान दिइनुपर्ने अन्य श्रम स्तरहरु र कार्य आधारहरु कार्य समय[२४], संघ खोल्ने स्वतन्त्रता[२५] र सार्वजनिक कार्यहरु[२६]सँग सम्वन्धित छन् ।

सामुदायिक करार वा ठेकेदार जोसुकैले कार्यन्वयन गरेको होस शहरी क्षेत्रमा कार्यन्वयन गरिने सामुदायिक पुर्वाधार बिकासको एउटा मुख्य पक्ष भनेको हस्तक्षेपको यकिन रोजगारी क्षमाता प्राप्त हुने र गुणस्तर वा मुल्य उपयोगी बाहेक प्रयोग गरिने उपकरणको प्रयोग नहुने कुरा यकिन हुन जरुरी छ (जस्तै लामोदुरीको समान ढुवानी वा ठुलो क्षेत्रमा गरिने कम्प्याक्सन) । जहाँ यसरी उपकरण प्रयोग गरिन्छ त्यसले श्रमिक बिस्थापन गर्छ र रोजगारी उत्पादनमा कमी आई सामुदायिक सहभागितामा न्युन आय ल्याउँछ । त्यसैले श्रममा आधारित करारलाई महत्व दिनेकुरा प्रमुख हुन्छ साथै समुदायमा आधारित संगठन वा ठेकेदारको बारेमा यस संबन्धी ब्याख्या गर्नु पनि जरुरी छ ।

**श्रममा आधारित तरिकाको प्रयोग**

एउटा परिक्षण आयोजनामा नगरपालिकाले भने बमोजिम ११ मि क्षेत्राधिकार हुनेगरि एउटा ३ मि चौडाको सडक सुधार गर्नु पर्ने काम थियो । यसले गर्दा गर्नुपर्ने काममा उल्लेख्य बृद्धि आयो । सि बि ओ को निष्कर्ष अनुसार उपलब्ध बजेटले सम्पुर्ण काम पुरा नहुने भयो । दुर्भाग्य उसले करार दिने संस्था (आई एल ओ) संग यसबारे सल्लाह गरेन । यसमा सि बि ओ ले नगरपालिका र सडक बिभाग संग कामको लागि एक्सकाभेटर र ग्रेडर लिई नाली र सतह सम्याउने कामको लागी आव्वाहन गर्‍यो । यस्ता कुरा बास्तविक भए पनि श्रममा आधारित कामलाई नै यहाँ महत्व दिइन्छ, यद्यपी यस्ता उपकरणको प्रयोगले थोरै इन्धन भए पुग्छ (यसरी उपकरण प्रयोग गर्न समुदायको करार मा अनुमती छैन) । पछि संझाएपछि समुदायले यो कामको लागि मजदुरको प्रयोग गर्‍यो ( लामोदुरीको समान ढुवानी वा ठुलो क्षेत्रमा गरिने कम्प्याक्सन बाहेक) । यो काम आयोजना अनुसार लगिने निर्णय गरियो र यसरी उपकरणको प्रयोगले आयमा असर गर्नुका साथै रोजगारीमा पनि ह्रास आउने सबैलाई जानकारी भयो । करारको सहि ब्याख्या र समुदायको दायित्व र फाइदाहरु अनि श्रममा आधारित कामहरुले यस्ता समस्या हटाउन सक्छन् र समुदायलाई करार दिने संस्था संग सल्लाह गरी अझ बढि फाइदाजनक समाधान हुने कुरा बिश्वास गर्न सकिन्छ ।

[२३] आइएलओको अन्तर्राष्ट्रिय श्रम महासन्धि १७, १०३ र १६७ ( http://www.ilo.org/ilolex)
[२४] आइएलओको अन्तर्राष्ट्रिय श्रम महासन्धि १,१४, ४७ र १३२ ( http://www.ilo.org/ilolex)
[२५] आइएलओको अन्तर्राष्ट्रिय श्रम महासन्धि ८७, ९८, १४१ र १५८ ( http://www.ilo.org/ilolex)
[२६] आइएलओको अन्तर्राष्ट्रिय श्रम महासन्धि ९४ ( http://www.ilo.org/ilolex)

### सामाग्रीरुको खरिद

परियोजना कार्यान्वयनको लागि आवश्यक सामाग्रीरु र अन्य सामानहरुको वितरणमा, गुणस्तर निश्चित हुनु अत्यावश्यक छ । विभिन्न प्रदायकहरुबाट प्राप्त सामाग्रीरुको गुणस्तर निर्धारणको साथै कार्यस्थानमा ढुवानी गरिएको सामाग्रीरुको परिक्षण गर्न समुदायमा आधारित संस्थालाई सहयोग गर्नुपर्दछ । केही अवस्थाहरुमा, निर्माणमा अनुभव भएका समुदायका सदस्यहरुले यो निर्धारण गर्न सक्छन् तर नगरपालिकाका इन्जिनियर वा प्राविधिकहरुसँगै समुदायमा आधारित संस्थाबाट सामाग्रीरु उचित गुणस्तरका छन् भनी सुनिश्चित गर्न र गुणस्तरहीन सामाग्रीरुको प्रयोगबाट हुने थप लागतहरुको आवश्यकतालाई रोक्न सुझाव दिइएको छ ।

परियोजना रकमको प्रयोगमा पारदर्शिता सुनिश्चित गर्न, एउटा प्रदायक छान्नु अघि विभिन्न प्रदायकहरुबाट कम्तीमा तीन वटा विवरणहरु ल्याउन सुझाव दिइएको छ (यसलाई करार गर्ने निकायबाट आवश्यकता बनाइन सकिन्छ) । परियोजनाको खातामा निश्चित प्रदायक छान्ने निर्णय (गुणस्तर र लागतमा आधारित) उल्लेख गर्नुपर्दछ र प्राप्त गरिएको विवरणहरु समावेश गर्नुपर्दछ, र यसबाट करार गर्ने निकाय वा समुदायबाट निरिक्षणको लागि उपलब्ध हुन्छ ।

निश्चित सामाग्रीरु सिद्धिएर परियोजना कार्यान्वयनमा हुने ढिलासुस्ती हटाई, संसाधनहरुको समयोचित वितरणको पनि सुनिश्चितता हुनुपर्दछ । करार गर्ने निकायबाट गरिने भुक्तानीमा ढिलाई र प्रदायकहरुबाट सामाग्रीरुको ढुवानीमा हुने ढिलाईमा ध्यान दिइनुपर्दछ । अझै, अन्य सामाग्रीरु यथेष्ट भइकन पनि, एउटा कुनै समाग्री (वा त्यो किन्न रकम) को अभावमा काम नरोकियोस् भनी सुनिश्चित गर्न विभिन्न सामाग्रीहरु र अन्य आदानहरुको उचित सन्तुलन बनाउनु पर्दछ । त्यसकारण परिमाणको विल र कार्ययोजनालाई आधारको रुपमा प्रयोग गरी, सामाग्री र अन्य आदानहरुको वितरणको लागि उपलब्ध रकमको योजनाबद्ध प्रयोगमा सहयोग सामान्यतया आवश्यक पर्दछ । यसले भुक्तानीको लागि आवश्यक शर्तहरु पुरा हुने वित्तिकै, पछिल्लो भुक्तानीको समायोचित अनुरोध पनि समेट्छ ।

### उपकरार

ठेकेदारहरु वा अन्य सेवा प्रदायकहरुसँग उपकरारको आवश्यकता पर्ने स्थितिहरुमा, सामाग्रीरुको वितरणमा जस्तै समुदायमा आधारित संस्थालाई उस्तै सहयोग जरुरी पर्दछ । समुदायमा आधारित संस्थालाई परिमाणको विल र करारको लिखत तयार गर्नको साथै बोलपत्र आह्वान गर्न तथा लागत र गुणस्तको आधारमा प्राप्त भएका बोलपत्रहरुको मुल्यांकन गर्न सहयोग आवश्यकता पर्न सक्छ । यी विषयहरुमा अधिकांश समुदायमा आधारित संस्थाका सदस्यहरुसँग थोरै वा केहीपनि अनुभव भएको हुँदैन ।

यद्यपी, उपकरार गरिएको कार्यको कार्यान्वयनमा, समुदायमा आधारित संस्थालाई ठेकेदार वा सेवा प्रदायकबाट सम्पन्न गरिएको कार्यको निरिक्षण र मुल्यांकनको लागि सहयोग आवश्यक पर्दछ । समुदायका अनुभवी सदस्यहरुबाट प्राविधिक निर्धारण र गुणस्तर निश्चित गर्ने कार्य सम्पन्न गरिएतापनि, सन्तोषजनक सम्पन्न कार्यको आधारमा अन्तरिम प्रमाणपत्रहरु र भुक्तानीको तयारी समुदायमा आधारित संस्थाको क्षेत्रभन्दा पर हुनसक्छ ।

### परियोजना संशोधन

परियोजना कार्यान्वयनको सिलसिलामा, आइपर्ने परिस्थितिहरुको कारणले परियोजना र करार लिखतमा संशोधन गर्नु पर्ने आवश्यकता हुनसक्छ । यसभित्र थप नसोचिएको काम, इकाइ दरहरुमा परिवर्तन, परियोजना हस्तक्षेपहरुको स्थान परिवर्तन आदि पर्दछन् । त्यस्ता परिवर्तनहरुको बारेमा करार गर्ने निकाय र समुदायमा आधारित संस्थाबीच छलफल गरिनुपर्दछ, र आवश्यक परिवर्तनको प्रकृति र उपलब्ध बजेटको आधारमा, बजेट बढाउनुपर्ने, कार्य क्षेत्र घटाउनुपर्ने वा परियोजना क्रियाकलापहरु वा स्थानहरुमा परिवर्तन गर्नुपर्ने हुन जान्छ । त्यस्ता संशोधनहरुमा परियोजनाको अवधि, भुक्तानी प्रवन्ध वा भुक्तानी प्रक्रियाहरुमा परिर्वतन पनि समावेश हुनसक्छ । महत्वपूर्ण कुरा भनेको त्यस्ता परिवर्तनहरुलाई करारमा थपेर वा कम्तीमा परियोजना खातामा टिपेर औपचारिक बनाइनु पर्दछ (समुदायमा आधारित संस्था र करार गर्ने निकाय दुबैबाट हस्ताक्षर गरिनुपर्दछ) । यसो गरिदा, समस्याहरु र असमझदारीहरु हटाउन सकिन्छ । त्यस्ता पथको उदाहरण अनुसूची ९ मा उल्लेख गरिएको छ ।

**परियोजना संशोधन** नमुना परियोजनाहरुमा अग्रिम भुक्तानीमा प्रारम्भिक ढिलाई भएकोले, करारहरुको अन्त्य समय बढाउनु आवश्यक भयो । बाँकी परियोजनामा त्यस्तै ढिलाईहरु सिमित पार्नको लागि, अन्तरिम भुक्तानीहरुको संख्या घटाउने निर्णय गरियो ।

चार नमुना परियोजनाहरुमध्ये तीन वटामा, प्राविधिक डिजाइनहरु र कार्यको क्षेत्रमा परिवर्तन गरिए । ढलनिकासा भएको दुई वटा परियोजनाहरुमा, माटोको न्यून परिवहन क्षमता, कार्यको बढ्दो लागत र निर्माण गरिने ढलको लम्वाई घटाउनु पर्ने आववश्यकता आदिको कारणहरुले गर्दा, ढलको आधारको लागि बालुवाको सतहको सट्टामा ढुंगा सोलिंग राख्ने निर्णय गरियो । यसको साथै, ती परियोजनाहरुमध्ये एकमा, जग्गाधनीहरुले आफ्नो जग्गामा ढल निकासहरु निर्माण गर्नको लागि अनुमति दिएनन् र ति निकासहरुको स्थान परिवर्तन गर्न आवश्यक भयो । तेस्रो परियोजनामा, सामुदायिक भवनको विद्यमान जग अपेक्षा गरिएभन्दा कमजोर पाइयो, विमहरु निर्माण गर्न आवश्यक भयो र परिमाणको विलमा संसोधनको जरुरी हुन गयो ।

परियोजना डिजाइन, भुक्तानी प्रक्रियाहरु र परियोजना अवधिसँग सम्वन्धित ति परिवर्तनहरुलाई करारहरुमा साधारणरुपमा थप गरी औपचारिक बनाइयो ।

# ८. परिवेक्षण र रिर्पोटिंग

सामुदायिक पूर्वाधारहरु विकास परियोजनाको सफल कार्यान्वयनको लागि, उचित परिवेक्षण र रिर्पोटिंग अपरिहार्य छ । कसरी रकम प्रयोग भइरहेको छ र कसरी परियोजना अगाडि बढीरहेको छ भनी थाहा पाउन करार गर्ने निकायको लागिमात्र नभई, समुदायको लागि पनि महत्वपूर्ण छ। परियोजनाका लाभग्राहीहरुलाई प्रगति र भ्फेलिएको समस्याहरुको बारेमा नियमित जानकारी दिनुपर्दछ, अझै विशेषगरी समुदायमा आधारित संस्थाबाट परियोजना रकमको प्रयोगको बारेमा जानकारी दिनुपर्दछ ।

## परिवेक्षण

सामुदायिक पूर्वाधारहरु विकास परियोजनाहरुको परिवेक्षण भित्र दुई पक्षहरु छन्, ति हुन् : लागतसँग सम्वन्धित गुणस्तर र परिमाणको आधारमा कार्यको प्रगतिको परिवेक्षण र साथै रोजगारी र आय सिर्जनाको आधारमा समुदायमा व्यापक प्रभाव ।

त्यसकारण, उचित परिवेक्षणको आवश्यकता पर्दछ जसमा समुदायमा आधारित संस्थाले विभिन्न आदानहरुको वितरण र प्रयोगको अभिलेख राख्दछ तथा स्थान परिवेक्षणको बेलामा परिणामहरु नियमितरुपमा मापन गरिन्छ । समुदायमा आधारित संस्थाबाट आदानहरुको परिवेक्षणलाइ सहज बनाउन निम्न कुराहरुको अभिलेख गर्नको लागि उचित खण्डहरु भएको "परियोजना किताव" प्रदान गर्न सुभ्फाव तल दिइएको छ ।

- परियोजना रकमको प्राप्ति र खर्च (लेखापालन)
- विभिन्न सामाग्रीहरुको खरिद (परिमाण र लागत)
- वितरित सामाग्रीहरुको साप्ताहिक प्रयोग
- साप्ताहिक रोजगारी (कार्यदिन र लागत)
- साप्ताहिक परिणाम

स्थान सुपरिवेक्षकबाट तथ्यांकहरु नियमितरुपमा परिक्षण गराउन सुभ्फाव दिइएको छ । ति तथ्यांकले रकमको उचित प्रयोग (आय वि. खर्च) भएको पुष्टि गर्न, परिमाणहरुको विलमा प्रयोग गरिएको एकाइ दरसँग संसाधन, श्रम र अन्य आदानहरुको लागत तुलना गर्न, परिमाणहरुको विलमा प्रयोग गरिएको उत्पादकत्व मापनहरुसँग ति आदानहरुको प्रयोग तुलना गर्न (टास्क दर जाँचेर हेर्न पनि सकिने हुन्छ), रोजगारी अनुमानहरुसँग रोजगारी आकार तुलना गर्न, सम्पूर्ण लागत अनुमानसँग परियोजना खर्च तुलना गर्न र कार्ययोजनासँग परियोजना प्रगति तुलना गर्न सहयोग गर्छ ।

समुदायमा आधारित संस्थाबाट परियोजना कितावमा निरिक्षणको लागि आवश्यक तथ्यांकहरु अभिलेख गरिनुपर्दछ । परियोजना कितावमा समुदायमा आधारित संस्थाबाट गरिएको कुनै निर्णयहरु अभिलेख गर्नको लागि ठाँउ हुनुपर्दछ, उदाहरणको लागि, कुनै निश्चित प्रदायकबाट सामाग्रीहरुको खरिद सम्वन्धमा । विश्लेषण गर्न, परियोजना अनुमानहरुसँग तुलना गर्नको लागि, पाक्षिकरुपमा स्थान सुपरिवेक्षकले परियोजना कितावबाट तथ्यांकहरु सार्नुपर्दछ । यसको लागि निरिक्षण स्प्रेडसीट प्रयोग गर्न सुभ्फाव दिइएको छ जसले माथि उल्लेख गरिएको तुलनाहरु गर्न सहज बनाउँदछ । ( निरिक्षण स्प्रेडसीटको उदाहरण अनुसुची १० मा दिइएको छ । )

एकपटक निरिक्षण स्प्रेडसीट उचितरुपमा तयार हुन्छ (परिमाणहरुको विल प्रयोग गरी र कार्ययोजनालाई आधार मानी), परियोजना प्रगति तथा रकम रोजगारीको प्रयोगको सरल निरिक्षणको लागि, वास्तविक प्रगति मात्र पाक्षिकरुपमा चढाउनुपर्ने हुन्छ । त्यस्ता निरिक्षण स्प्रेडसीटको प्रयोगले परियोजना प्रगति (वास्तविक वि. योजना), परियोजना खर्च (वास्तविक वि. अनुमानित) र आदानहरुको प्रयोग (वास्तविक वि. अनुमानित)का सम्वन्धमा सजिलै निष्कर्षहरु निकाल्न सकिने हुन्छ ।

**परियोजना निरिक्षण**

अग्रिम भुक्तानीहरुमा ढिलाई र तत्पश्चात बर्षाद मौसमको कारणले, नमुना परियोजनाहरु वास्तविकरुपमा सेप्टेम्वरमा शुरु भए । त्यसकारण कार्ययोजना मिलाइयो र समयमा परियोजनाहरु सम्पन्न हुने सुनिश्चितता गर्न, परियोजना प्रगति निरिक्षण गर्नुपर्ने आवश्यकता ठानियो । तत्पश्चात निरिक्षण फारम विकास गरियो (अनुसुची १० हेर्नुहोला) । र परियोजना कार्यान्वयनको सम्पूर्ण प्रगति निर्धारण गर्न मात्र शुरुमा फारम बनाइएको भएपनि, पछि वास्तविक वि. अनुमानित लागत र रोजगारी सिर्जनाको सुचना प्रदान गर्न पनि प्रयोग गरियो । यो निरिक्षण उपाय धेरै उपयोगी र सजिलो सिद्ध भयो । पाक्षिक आधारमा वास्तविक प्रगाति अद्यावधि गरियो र स्प्रेडसीटमा रहेको निरिक्षण फारम स्वतः निकालिएको अन्य मानहरुमा आधारित थियो ।

अनुसूची १० मा रहेको निरिक्षण प्रतिवेदनबाट, यो निष्कर्ष निकाल्न सकिन्छ कि सेप्टेम्वरको पहिलो दुई हप्ताको प्रगति योजना भन्दा निकै उच्च थियो, परिणाममा कुल परियोजनाको २७% भन्दा माथि समाप्ती भयो (लागतको आधारमा) । यसले रकमहरु अझै बाँकी रहेका संकेत गर्दै, वास्तविक खर्च त्यो समयमा प्राप्त गरेको भुक्तानी भन्दा कम रहेको पनि देखायो । त्यस्तै गरी, यद्यपी, वास्तविक खर्च र अझै प्राप्त रकमहरु भन्दा सम्पन्न भएको कामको आधारमा अनुमानित खर्च ज्यादै उच्च रहेको देखियो । अझै अनुसन्धानमा यो पत्ता लाग्यो कि त्यो समुदायमा आधारित संस्थाले दोस्रो भुक्तानीको लागि कुरिरहँदा उधारोमा संसाधनहरु खरिद गर्नसक्ने क्षमता, र कामदारहरुको पारिश्रमिकको लागि केही बाँकी रकम रहनुको परिणाम थियो ।

अन्तिम निष्कर्ष निकाल्न सकिन्छ कि दक्ष श्रम तह अनुमानित भन्दा कम थियो भने अदक्ष श्रम तहहरु उच्च थियो - त्यो अनुकुल थियो किनभने त्यसले लागत घटायो र अदक्ष कामदारहरु (सामान्यतया गरीव)को लागि धेरै रोजगारी सिर्जना गऱ्यो, तर कामहरुको गुणस्तर पुष्टि गर्ने र पर्याप्त दक्ष कामदारहरुको प्रयोग गरिएको सुनिश्चित गर्ने निर्णय गरियो ( अन्य नमुना परियोजनाहरुमध्ये एकमा, स्थिति उल्टो थियो, सम्भवतः अदक्ष कामदारहरुबाट सजिलै सम्पन्न गराउन सक्ने कामहरु गर्नको लागि पनि दक्ष कामदारहरु लगाइएको संकेत गर्ने गरी, दक्ष श्रम तहहरु अनुमानित भन्दा उच्च थियो । त्यसकारण परियोजनाको श्रम लागत बढ्न गयो र परियोजनाको सफल समाप्तीमा संकट उत्पन्न भयो) ।

माथिको उदाहरणबाट हेर्न सकिन्छ, निरिक्षण तथ्यांकको विश्लेषणले आरम्भको चरणमा नै सम्भावित समस्याहरु पहिचान र सम्वोधन गर्न सक्ने बनाउँछ । पहिचान गरिएको असंगतीहरुको कारण समुदायमा आधारित संस्थासँग पुष्टि गर्नुपर्दछ र वास्तविक समस्या पहिचान भएको स्थितिमा, परियोजना कार्यान्वयनमा परिवर्तन गर्न सहमति हुनुपर्दछ वा आवश्यक भए अनुसाले परियोजना डिजाइन संशोधन गरिनुपर्दछ ।

प्रगति र आदानहरु र परियोजना रकमहरुको उचित प्रयोग निर्धारण गर्नको लागि करार गर्ने निकायबाट निरिक्षण तथ्यांकहरुको प्रयोगको अलावा, समुदायले हेर्नको लागि समुदायमा आधारित संस्थाबाट नियमितरुपमा परिणामहरु पनि प्रकाशित गरिनुपर्दछ । यसबाट परियोजना प्रगति, परियोजना रकमहरुको प्रयोग र रोजगारी सिर्जनाबारे समुदायका सदस्यहरु सुसूचित हुनेछन् ।

## परियोजना खर्च र सार्वजनिक लेखापरिक्षण

परियोजना रकमको उचित सदुपयोग वास्तवमा कुनै परियोजनाको केन्द्र हो र यसलाई प्रदर्शित गरिनुपर्दछ । आंशिकरुपमा निरिक्षण तथ्यांकहरु प्रयोग गरी यसो गर्न सकिन्छ तर परियोजना रकम प्रयोग गरी विभिन्न भुक्तानीहरु गरिएको सम्वन्धमा व्यापक मात्रामा विवरण आवश्यक हुनजान्छ । त्यसकारण, समुदायमा आधारित संस्थाले साना वा जुनसुकै प्रयोजनको लागि खर्च गरिएको भए पनि, सबै खर्चहरुको रसिद पेश गर्नु जरुरी हुन्छ । तिनीहरुमा व्यवसायकर्मी वा प्रदायकहरुबाट औपचारिक चलानी हुनसक्छन् भने काम गरेको दिनहरुको संख्या र पारिश्रमिक प्राप्त गरेको उल्लेख गरी परियोजनाका कामदारहरुबाट हस्ताक्षर गरिएको साधारण रसिदहरु पनि हुनसक्छन् ।

समुदायमा आधारित संस्थाबाट पेश गरिएको रसिदहरुसँग परियोजना खर्च मिल्दो छ र तिनीहरुलाई आवश्यक पर्ने ति खर्चहरुको लागि बहुसंख्यक विवरणहरु उपलव्ध छ भनी सुनिश्चित गर्दै, जव पछिल्ला भुक्तानीको लागि अनुरोध गरिन्छ, परियोजना खर्च करार गर्ने निकायबाट जाँचिनु पर्दछ । अन्तिम भुक्तानीको लागि कुल खर्च समुदायमा आधारित संस्थाबाट पेश गरिएको रसिदहरुसँग दाँजेर हेरिन्छ र साथै खरिद गरिएको संसाधनहरुको रकम, ति

संसाधनहरुको अनुमानित र प्रतिवेदित गरिएको प्रयोगसँग दाँजेर हेरिन्छ । जब सबै क्रममा हुन्छन् र सम्पन्न गरिएको कार्य करार गर्ने निकायलाई सन्तोषजनक लाग्छ, अन्तिम भुक्तानी गरिन्छ ।

करार गर्ने निकायबाट त्यस्तो लेखापरिक्षणको अलावा, व्यापक समुदायको सहभागिताबाट सार्वजनिक लेखापरिक्षण सम्पन्न गर्न पनि सुझाव दिइएको छ । सामुदायिक बैकठमा, समुदायमा आधारित संस्थाले परियोजनाको परिणामक प्रतिफल पेश गर्नुपर्दछ र परियोजना रकमको सदुपयोगमार्फत कसरी उपलब्धी हासिल गरियो भनी प्रस्तुतीकरण गर्नुपर्दछ । प्रस्तुतीकरण सरल हुनुपर्दछ र असाक्षर समुदायका सदस्यहरुलाई बुझाउन रेखाचित्रहरुको प्रयोग गर्नुपर्दछ । त्यस्ता सार्वजनिक लेखापरिक्षणको प्रभावले परियोजना प्रगतिमाथि गरिएको नियमित रिर्पोटिंगमार्फत पारदर्शितालाई बृद्धि गर्छ र सबै समुदायका सदस्यहरुलाई परियोजना रकमहरु कसरी खर्च गरिए र दुरुपयोग गरिएन भनी बुझाउन सकिन्छ ।

यद्यपी, समुदायमा आधारित संस्थालाई सार्वजनिक लेखापरिक्षण र औपचारिक करार गर्ने निकायबाट लेखापरिक्षण दुबैको लागि लिखत तयारी गर्न सहयोग जरुरी हुन्छ । यसको लागि स्थान सुपरिवेक्षक वा सामाजिक परिचालकले तिनीहरुलाई मद्दत गर्न सुझाव दिइएको छ ।

**आयोजना पारदर्शिता**

परिक्षण आयोजनाहरुमा, हरेक नयाँ भुक्तानी पछि सार्वजनिक लेखा परिक्षण गरि समुदायलाई कोषको प्रयोग कसरी गरिन्छ भनेर जानकारी दिइन्थ्यो । यस्ता लेखा परिक्षणमा कोषको प्रयोग, कार्यदिनको उत्पादन र कार्य प्रगतीको बारेमा आवश्यकता अनुसार प्रस्तुत गरिन्थ्यो जसमा समुदायले हरेक भर्पाइ र कोटेशन परिक्षण गर्न सक्थ्यो । यसले कोषको प्रयोगमा राम्रो पारदर्शिता आयो र समुदायले पनि यसलाई प्रशंशा गरे ।

परिक्षणको आयोजनाको अन्त्यतिर, जनकपुर नगरपालिकाको अन्य दुई वडाले पनि सामुदायिक करार मार्फत काम गर्ने इच्छा देखाए । पछि अनुसन्धान गर्दा परिक्षण आयोजनामा पारदर्शिता आएकोले उनिहरुले यस्तो इच्छा देखाएको थाहा भयो । ठेकेदारबाट गराइएको आयोजनामा, समुदायलाई बजेटबारे जानकारी नहुनु, कार्यक्षेत्र स्पष्ट नहुनु र कोषको सहि प्रयोग र गुणस्तर भए नभएको थाहा नहुने भयो । यसको बिकल्पको रुपमा उनिहरुले समुदायलाई करार दिने इच्छा परिक्षण आयोजनाले उनिहरुलाई सिकायो ।

# ९. संचालन र मर्मतसम्भार

यो परिच्छेदले विकास गरिएको सामुदायिक पूर्वाधारसँग सम्वन्धित संचालन र मर्मतसम्भार क्रियाकलापहरुको वित्तिय, व्यवस्थापन र कार्यान्वयनको ब्याख्या गर्दछ । उचित संचालन र मर्मतसम्भार स्वतः हुँदैन, यदि तिनीहरु सफल भएमा उचित व्यवस्थापन प्रवन्धहरु आवश्यक पर्दछ भनी जोड दिइनुपर्दछ । त्यसकारण संचालन र मर्मतसम्भारमा संलग्न हुने विभिन्न साझेदारहरुको सहभागितासँगै सामुदायिक पूर्वाधारहरु विकास परियोजनाको प्रारम्भिक चरणमा संचालन र मर्मतसम्भारको लागि उचित प्रवन्धहरु निर्धारण गर्नु अपरिहार्य हुन्छ जसले परियोजनाको समाप्ती पश्चात भौतिक पूर्वाधारको लाभहरुलाई दिगो बनाइ राख्छ ।

## संचालन र मर्मतसम्भार क्रियाकलापहरु

संचालन क्रियाकलापहरु मुख्यत भौतिक पूर्वाधार वा सेवाको प्रकारमा निर्भर रहन्छन् । सवै भौतिक पूर्वाधारलाई संचालन गर्नको लागि विशेष संचालन क्रियाकलापहरु आवश्यक पर्दैन : उदाहरणको लागि सडकलाई कुनै विशेष संचालन क्रियाकलापहरुबिना उपयोगकर्ताहरुले प्रयोग गर्नसक्छन् भने घरहरुबाट वा संकलन स्थानहरुबाट फोहर संकलन र थुप्रो वा ठूलो संकलन स्थानहरुमा यसको विस्थापन आदि गरि फोहर संकलनको लागि नियमित संचालन क्रियाकलापहरुको आवश्यकता पर्दछ । केही स्थितिहरुमा, विशेष संचालन क्रियाकलापहरु भौतिक पूर्वाधारको उचित प्रयोगलाई सुनिश्चित गर्न (उदाहरणको लागि सडक प्रयोग गर्ने सवारी साधनहरुको आकार र भारको नियन्त्रण) वा उपभोक्ता शुल्कहरु संकलन गर्न (उदाहरणको लागि फोहर संकलनको लागि घर-घर शुल्कको संकलन वा सडकमा चुँगीकर) समाविष्ट गरिन्छ ।

अर्को तर्फ, प्रयोजन जेभएपनि, सवै प्रकारको भौतिक पूर्वाधारको लागि मर्मतसम्भार आवश्यक पर्दछ । दिगो समयसम्म निर्माण गरिएको भौतिक पूर्वाधारबाट सर्वोत्तम सेवाहरु प्राप्त गर्न मर्मतसम्भार अपरिहार्य हुन्छ । निम्न तरिकाबाट निर्माण गरिएको मर्मतसम्भारको प्रयोजन भौतिक पूर्वाधारको लाभहरुलाई दिगो बनाउनु हो :

- भौतिक पूर्वाधारको आयु बढाई र ह्रासको दरलाई कम गरी, लगानीको सुरक्षा गर्ने
- संचालन लागतहरु कम गर्ने र उच्च सेवा तहहरु बनाइराख्ने
- निरन्तर संचालनमा भौतिक पूर्वाधारलाई राखी भरपर्दो सेवा प्रवन्ध सुनिश्चित गर्ने

भौतिक पूर्वाधारको मर्मतसम्भारलाई मुख्य तीन वर्गमा विभाजन गर्न सकिन्छः

१. **नियमित मर्मतसम्भारः** गम्भीर क्षति रोक्नको लागि गरिने साना मर्मतहरु सम्पन्न गर्दा हुने क्षति रोक्नेप्रति नियमित मर्मतसम्भार लक्षित हुन्छ । यो मर्मतसम्भार प्रायजसो नियमितरुपमा वा बारम्बार अन्तराल वर्षभरि नै संचालन गरिन्छ । सामान्यतया दक्ष श्रम, पर्याप्त संसाधन आदानहरु, उपकरण वा विशेषकृत सेवाहरुको थोरै आवश्यकतासँगै, अदक्ष श्रम र आधारभूत हातेऔजारको आवश्यक पर्ने गरी, आवश्यक कार्य आदानहरु प्रकृतिमा सिमित र सरल हुन्छ । उदाहरणहरुमा ढलहरु र कलर्भटहरुको सफा गर्ने र पानी पाइप वा छाना चुहावटको सामान्य मर्मत पर्दछन् ।

२. **आवधिक मर्मतसम्भारः** आवधिक मर्मतसम्भारमा धेरै वर्षपछि भौतिक पूर्वाधारको व्यापकरुपमा सम्पूर्ण जीर्णोद्धार र मर्मतसम्भार पर्दछ । आवश्यक कार्य आदानहरु धेरै महत्वपूर्ण हुन्छन् र डिजाइन र कार्यान्वयन गर्नको लागि धेरै दक्ष कामदारहरुको साथै पर्याप्तमात्रामा सामाग्रीहरुको आवश्यकता पर्दछ, जसले गर्दा उच्च लागतहरु पर्न जान्छ । उदाहरणहरुमा सडकको पुनःग्राभेल विछ्याउने र कलभेट वा छाना फेर्ने आदि पर्दछन् ।

३. **आपत्कालिन मर्मतसम्भारः** नसोचिएको र प्राय चरम परिस्थितिहरु जस्तै बाढी, भुकम्प, र आँधिबाट भएको भौतिक पूर्वाधार क्षति मर्मतसम्भार गर्नप्रति आपत्कालिन मर्मतसम्भार लक्षित हुन्छ, जसबाट भौतिक पूर्वाधार आधारभूत संचालन गर्ने अवस्थामा आइपुग्छ । यस प्रकारको मर्मतसम्भार योजनाबद्ध गर्न सकिदैन, तर बजेट भने छुट्याउन सम्भव हुन्छ । कार्य आवश्यकताहरु क्षतिको मात्रा र प्रकारमा निर्भर हुन्छ र हातेऔजारहरु प्रयोगरी अदक्ष श्रमबाट सम्पन्न गर्न सकिन्छ भने दक्ष श्रम र पर्याप्त सामाग्री र उपकरणहरुको आवश्यकता पनि हुनसक्छ । उदाहरणमा बगाइएको पुल वा चर्केको भित्ताको मर्मत आदि पर्दछन् ।

## संचालन र मर्मतसम्भारको वित्तिय पक्ष

संचालन र मर्मतसम्भार क्रियाकलापको संलग्न भौतिक पूर्वाधारको स्वामित्वमा वित्तिय पक्ष व्यापक मात्रामा निर्भर रहन्छ । जहाँ भौतिक पूर्वाधार नगर निकायहरु वा निजी क्षेत्र संस्थाहरुको स्वामित्वमा हुन्छ (उदाहरण पानी वा विद्युत कम्पनीहरु), तिनीहरु सम्पूर्ण संचालन र मर्मतसम्भार, तथा वित्तियपक्षको लागि जिम्मेवार हुन्छन्, भने समुदायले स्वामित्व ग्रहण गरेकोमा यसको लागि समुदाय जिम्मेवार हुन्छन् । यसो भएतापनि , जहाँ स्वामित्व स्पष्ट छ, उपलब्ध वित्तिय तहहरुले जिम्मेवार साझेदारले पूर्ण संचालन र मर्मतसम्भारको आवश्यकता निर्वाह गर्न नसकेको र अन्य साझेदारहरुको संलग्नता आवश्यकता रहेको देखाउन सक्छन् । उदाहरणको लागि, जहाँ सवै आवश्यकताहरु पुरा गर्न नगरपालिकाको मर्मतसम्भार बजेटहरु अपुग हुनसक्छ, सोचिएको लागतहरु पुरा गर्न योगदानको रुपमा समुदायसँगको साझेदारी आवश्यक हुन जान्छ ।

उपलव्ध रहेका वित्त पर्याप्त छ कि छैन भनी निर्धारण गर्न विभिन्न प्रकारको मर्मतसम्भार समेत गरी, निर्मित वा सुधारिएको भौतिक पूर्वाधारको उचित संचालन र मर्मतसम्भारको बजेट अनुमान गरिएको हुनुपर्दछ । जहाँ यो अपुग छ, अन्य वित्तिय स्रोतहरु पहिचान गरिनुपर्दछ वा शुरु वित्त स्रोतलाई सुधार गर्नुपर्दछ ।

निर्मित वा सुधारिएको भौतिक पूर्वाधारको उचित संचालन र मर्मतसम्भारको लागतहरु उपभोक्ता शुल्कहरु वा धेरै साधारण बजेटहरु वा कोष संकलन क्रियाकलापहरुबाट गर्न सकिन्छ । अघिल्ला उदाहरणहरु घर-घरबाट फोहर संकलनको लागि शुल्कको संकलन र सम्वन्धित उपभोक्ताहरुबाट विद्युत वा खानेपानी विलहरुको भुक्तानी हुन्, र साथै बजारहरु (स्टल शुल्कहरु) जस्ता व्यवसायीरुपका भौतिक पूर्वाधारबाट शुल्क संकलन पनि पर्दछ । उपलव्ध गरिएको सेवाहरुमा गरीवहरुको पनि पहुँच होस् भनी सुनिश्चित गर्नको लागि उपभोक्ता शुल्कहरु कम राख्नु पर्ने भएतापनि, सोचिएको संचालन र मर्मतसम्भार लागतहरु व्यहोर्नको लागि तिनीहरु पर्याप्त हुनपर्दछ र साथै सेवाको निरन्तरता र दिगोपनको निश्चितता रहन्छ । उपभोक्ता शुल्कहरुको संकलन नगर निकाय वा समुदाय वा अझै संचालन र मर्मतसम्भारका लागि जिम्मेवार निजी क्षेत्रका उद्योगबाट गर्न सकिन्छ ।

यद्यपी, उपभोक्ता शुल्कहरु सधैं उचित वा रुचाइएको हुँदैन, किनभने व्यक्तिगत उपभोक्ता र सम्वन्धित भौतिक पूर्वाधारबीच स्पष्ट सम्वन्ध सधै नहुन सक्छ । विशेषगरी धेरै "खुला" र गैर-व्यापारिक प्रकृतिको भौतिक पूर्वाधारको लागि, उपभोक्ता शुल्कहरुको तय र संकलन जटिल वा आर्थिकरुपमा अलाभदायि हुन्छ (उदाहरणको लागि, सार्वजनिक बैठकको लाीग सामुदायिक भवनको प्रयोग वा थोरै ट्राफिक भएको सडकमा चुँगीकरको प्रयोग) । त्यस्ता प्रकारका भौतिक पूर्वाधारको लागि, अन्य सामान्य बजेटहरु वा कोष संकलन क्रियाकलापहरु धेरै उचित हुन्छ । उदाहरणको लागि, विद्यालय वा नगर सडकहरुको मर्मतसम्भारको लागि, नगरपालिकासँग सामान्यतया मर्मतसम्भार बजेट हुन्छ जुन नगर करहरुबाट प्राप्त भएको वा राष्ट्रिय बजेटहरुबाट हस्तान्तरित भएको हुन्छ । जहाँ यो अपर्याप्त हुन्छ वा जहाँ समुदायको स्वामित्वमा रहेको भौतिक पूर्वाधार सम्वन्धित छन्, उदाहरणको लागि, प्रत्येक घरबाट निश्चित नगद योगदानहरु लिइ वा चिट्ठा वा महोत्सव जस्ता कोष संकलन क्रियाकलापहरु आयोजना गरेर, समुदायले वित्त संकलनको लागि अन्य तरिका अपनाउनुपर्दछ ।

जहाँ अपर्याप्त वित्त संकलन हुन्छ, "स्वेच्छिक" योगदानहरु पनि प्रयोग गर्न सकिन्छ, जुन सामान्यतया गैर पारिश्रमिक श्रम योगदानको रुपमा लिइन्छ । जहाँ त्यस्ता "स्वेच्छिक" योगदानहरु प्रयोग गरिन्छ, भौतिक पूर्वाधारका लाभग्राहीहरु माझ वा सम्पूर्ण समुदायमाझ योगदानहरु र कार्यको भार बराबर र लोकतान्त्रिक तरिकाले बाँडियो भनी सुनिश्चित गर्नु महत्वपूर्ण हुन्छ, भौतिक पूर्वाधारको आवश्यकता धेरै हुने (थोरै अन्य विकल्पहरु हुने)हुनाले वा तिनीहरुसँग धेरै समय उपलव्ध हुने (न्यून वा बेरोजगारीको तह उच्च हुने) हुनाले गरीवहरुले औसतभन्दा धेरै योगदान दिनुपर्ने अवस्था हटाउनु पर्ने हुन्छ । धनी घरपरिवारले नगद योगदानहरु दिने विकल्प हुनसक्छ जुनबाट आवश्यक संसाधनहरु र विशेषकृत सेवाहरु खरिद गर्न साथै आवश्यक थप श्रमको लागि भुक्तानी गर्न सकिन्छ । यद्यपी, स्वेच्छिक योगदानहरु, विशेषगरी श्रम योगदानहरु व्यवस्था गर्न र सही समयमा तिनीहरुको उपलव्धता सुनिश्चित गर्न कठिन हुन्छ (जव मर्मतसम्भार आवश्यक हुन्छ) र सम्पन्न गर्नुपर्ने कार्य अपर्याप्त भएमा, जटिल हुनसक्छ (उदाहरणको लागि, उच्च श्रमको मागको मौसमहरु) । त्यसकारण नगद योगदानहरुलाई उचित मानिन्छ र आवश्यक श्रमको करारमा प्रयोग गर्न सकिन्छ ।[२७]

[२७] नगद योगदानहरु प्रदान गर्नको लागि गरीव घरपरिवारहरुको क्षमतालाई सुनिश्चित गर्न, संचालन र मर्मत क्रियाकलापहरुको कार्यान्वयनमा तिनीहरुको रोजगारीलाई प्रवर्धन गर्न सकिन्छ, जसले गर्दा तिनीहरुले आवश्यक योगदानको लागि पुग्ने आय कमाउन सक्छन् र गैर पारिश्रमिक योगदानको विकल्प बन्छ ।

संचालन र मर्मतसम्भार क्रियाकलापहरुको समयोचित र नियमित सम्पादनको लागि क्रियाकलापहरु आवश्यक र अत्यावश्यक विषय हुनुपूर्व नै, अग्रिमरुपमा पर्याप्त वित्त हुनु आवश्यक छ । विशेषगरी, क्षतिहरुको मात्रा (साथै आवश्यक मर्मतको लागत र गुणस्तर, भरपर्दोपन र सेवाहरुको तहको प्रभाव)लाई सिमित पार्दै, ह्रासको प्रारम्भिक चरणमा नै मर्मत क्रियाकलापहरु सम्पन्न गर्नुपर्ने हुन्छ । त्यसकारण, सम्भव भएसम्म, नियमित बजेटहरु वा अपूर्वानुमान स्वेच्छिक योगदानहरु, विशेषगरी उदार भई दिइने भन्दा नगदमा निश्चित योगदानहरुलाई रुचाइन्छ ।

### संचालन र मर्मतसम्भारको व्यवस्थापन

क्रियाकलापहरुको योजना, कार्यान्वयनको लागि आवश्यक वितरण र करार, साथै कार्यको सुपरिवेक्षण र निरिक्षण समेत गरी, संचालन र मर्मतसम्भार क्रियाकलापहरुको व्यवस्थापनको जिम्मेवारी रकम स्रोतसँग घनिष्ठरुपमा जोडिएको हुन्छ । संचालन र मर्मतसम्भार रकमको लागि जिम्मेवार साझेदारहरु सामान्यतया व्यवस्थापनको लागि पनि जिम्मेवार हुन्छन् । जो संचालन र मर्मतसम्भारको व्यवस्थापनका लागि अन्तिममा जिम्मेवार भएपनि, अझै संलग्नता संचालन र मर्मतसम्भारको  लागि पहिचान गरिएको आवश्यकताको बारेमा जिम्मेवार साझेदारलाई सुचित गर्नेमा मात्र सिमित भएपनि, समुदाय संलग्न हुनुपर्दछ ।

सुविधाहरुले आवश्यक सेवाहरु प्रदान गर्न नसक्ने भएपछिमात्र कार्य गर्ने भन्दा, संचालन र मर्मतसम्भार व्यवस्थापनको लागि जिम्मेवार साझेदार पर्याप्त मात्रामा प्रत्युत्तरदायी र आवश्यकता अनुसार कार्य गर्न क्षमता भएको हुनुपर्दछ ।  केही स्थितिहरुमा, त्यसकारण, व्यवस्थापनको (केही भाग)लागि जिम्मेवारी अन्य साझेदारलाई हस्तान्तरण गर्नु उचित हुन्छ (सम्भवतः वित्तसँग सम्वन्धित)। केही स्थितिहरुमा, यसभित्र समुदायलाई दैनिक संचालनको व्यवस्थापन र सरल प्रकारको मर्मतसम्भारको हस्तान्तरण पर्दछ, उदाहरणको लागि, नियमित मर्मतसम्भारको लागि समुदायलाई जिम्मेवार बनाइन्छ र आवधिक मर्मतसम्भारको जिम्मेवारी नगरपालिकामा रहन्छ । यो स्पष्ट छ कि उल्टो पनि सम्भव छ, जहाँ समुदायको स्वामित्वमा रहेको भौतिक पूर्वाधारहरुको लागि वित्त र व्यवस्थापन जिम्मेवारीको भाग समुदायबाट नगरपालिकामा हस्तान्तरण गर्न सकिन्छ , विशेषगरी जहाँ विशेषकृत र महँगा आदानहरुको आवश्यकता पर्दछ जुन समुदायले उपलव्ध गराउन सक्दैन । यो ध्यानमा राख्नुपर्दछ कि समुदायलाई व्यवस्थापन जिम्मेवारीहरुको हस्तान्तरण भनेको निश्चित संचालन र मर्मतसम्भार क्रियाकलापहरु सम्पन्न गर्न समुदायलाई करार गर्नुसँग समान छैन । अघिल्लोमा समुदाय पछिल्लो विकल्पमा जस्तै मात्र कार्यान्वयनको लागि नभई, योजना, वितरण, करार, सुपरिवेक्षण र निरिक्षणको लागि जिम्मेवार हुन्छ

भौतिक पूर्वाधारको व्यवस्थापनमा निम्न कुराहरु आवश्यक पर्दछः

- आवश्यक संचालन र मर्मतसम्भारको क्रियाकलापहरुको सूची तयार गर्ने
- विभिन्न संचालन र मर्मतसम्भार क्रियाकलापहरुको लागि योजना र बजेट तयारी गर्ने
- योजनाको कार्यान्वयनको लागि आवश्यक रकम संकलन गर्ने (उपभोक्ता शुल्कहरु, नियमित बजेटहरु, वित्त संकलन गर्ने क्रियाकलापहरु, समुदाय योगदान, आदि)
- अवस्था र उचित संचालनको सम्वन्धमा भौतिक पूर्वाधारको नियमित निरिक्षण
- संचालन र मर्मतसम्भार क्रियाकलापहरुको कार्यान्वयनको लागि सामान र संसाधनहरुको वितरण र व्यक्तिहरु वा ठेकेदारहरुसँग करार
- सम्पन्न क्रियाकलापहरुको निरिक्षण
- सम्पन्न क्रियाकलापहरुको लागि भुक्तानी

## संचालन र मर्मतसम्भारको कार्यान्वयन

संचालन र मर्मतसम्भार क्रियाकलापहरुको कार्यान्वयन सामुदायिक पूर्वाधारहरु विकास परियोजनाको कार्यान्वयन समान छ । वास्तविक कार्यान्वयनको लागि संसाधनहरु, औजारहरु र उपकरणहरुको वितरण, साथै अदक्ष र दक्ष श्रमको करार र सम्भवत विशेषकृत सेवाहरुको आवश्यकता पर्दछन् । वित्त र व्यवस्थापन प्रवन्धहरुमा निर्भर रही, कार्यान्वयनको लागि आवश्यक वितरण र करारको जिम्मेवारी नगर निकायहरु, निजी क्षेत्र संस्था वा समुदाय आफैमा रहन्छ ।

संचालन र मर्मतसम्भार क्रियाकलापहरुको जटिलतामा आधारित भई, ति क्रियाकलापहरुको कार्यान्वयन समुदाय समुहको करार मार्फत अथवा साना वा ठूला खालका ठेकेदारहरुको करार मार्फतबाट, स्थानिय कामदारहरु भाँडामा लिई र आवश्यक संसाधनहरु वितरण गरी प्रत्यक्षरुपमा सम्पन्न गरिन्छ । छनौटको तरिका संचालन र मर्मतसम्भार क्रियाकलापहरुको प्रकृति र परिमाणमा निर्भर रहन्छ ।

समुदायबाट समुदायका (सदस्यहरु) वा साना खालका ठेकेदारहरुको संलग्नता धेरै महत्व राख्दछ किनभने तिनीहरु पहिले नै सामुदायिक पूर्वाधारहरु विकास परियोजनाको कार्यान्वयनमा संलग्न भइसकेको हुन्छन् तथा सीपहरु र अनुभव हासिल गरिसकेका हुन्छन् र संचालन र मर्मतसम्भार क्रियाकलापहरुको कार्यान्वयनको लागि आवश्यक सामान्य निर्माण तरिकाहरुसँग परिचित भइसकेका हुन्छन् । अधिकांश संचालन र मर्मतसम्भार क्रियाकलापहरु प्राविधिक हुँदैन, व्यवस्थापन र वित्तमा वास्तविक चुनौति भएका हुन्छन् ।

नियमित वा निरन्तर संचालन र मर्मतसम्भार क्रियाकलापहरुको लागि, समुदाय समुह वा साना खालका ठेकेदारहरुलाई दिर्घकालिन करार दिनु उचित हुन्छ जसले गर्दा क्रियाकलापहरुको समायोचित कार्यान्वयन व्यवस्था गर्न जिम्मेवार हुन्छन् । कम बारम्बार हुने क्रियाकलापहरुको लागि, समुदाय श्रम र विशेषाकृत सेवाहरु आवश्यकता अनुसार करार गर्न सकिन्छ ।

## संचालन र मर्मतसम्भार प्रवन्धहरु

विभिन्न संचालन र मर्मतसम्भार क्रियाकलापहरुको प्राविधिक जटिलता र आर्थिक, विभिन्न साझेदारहरुको व्यवस्थापन र कार्यान्वयन क्षमताहरुमामा आधारित भई, विभिन्न प्रवन्धहरु सिर्जित भौतिक पूर्वाधारको विभिन्न संचालन र मर्मतसम्भार वा सामुदायिक पूर्वाधारहरु विकास परियोजनाअन्तर्गत अभिबृद्धिको लागि स्थान दिन सकिन्छ । भरपर्दो संचालन र मर्मतसम्भारको लागि सर्वोत्तम तरीका निर्धारण गर्नको लागि भौतिक पूर्वाधारको स्वामित्व, वित्तिय स्रोत र व्यवस्थापन क्षमता सबैले भुमिका निर्वाह गर्दछ ।

त्यस्ता क्रियाकलापहरुमा यथासम्भव समुदायको प्रत्यक्ष संलग्नता गराउन सुझाव दिइएको छ, विशेषगरी जहाँ क्रियाकलापहरु धेरै जटिल छैनन् र समुदायको र विशेषगरी समुदायमा आधारित संस्थाको क्षमताहरु पर्याप्त भएको पाइन्छ । आवश्यक वित्तिय तहहरु र उपलब्ध वित्तिय स्रोतहरु र बजेटमा निर्भर रही, समुदायमा आधारित संस्थालाई ति क्रियाकलापहरुको वित्त हस्तान्तरण गर्न सकिन्छ वा समुदायमा आधारित संस्थालाई आवश्यक वित्त संकलन गर्न जिम्मेवार बनाउन सकिन्छ

निर्णय गरिएको वित्त र व्यवस्थापन प्रवन्धहरु जे भएपनि, संचालन र मर्मतसम्भार क्रियाकलापहरुको कार्यान्वयनमा समुदायका सदस्यहरु र समुदायमा आधारित संस्थाको संलग्नतालाई जोडदाररुपमा सुझाव गरिएको छ । सम्वन्धित भौतिक पूर्वाधार विकासमा तिनीहरुको संलग्नता भन्नाले तिनीहरुले संचालन र मर्मतसम्भारको लागि आवश्यक सीपहरु र अनुभवहरु हासिल गरिसकेको र सामान्यतया क्रियाकलापहरु मर्मतसम्भार क्रियाकलापहरुको लागि प्रयोग गर्ने औजारहरु समुदायमा रहने भन्ने बुझाउँछ । सम्वन्धित भौतिक पूर्वाधारबाट तिनीहरुको प्रत्यक्ष लाभ भन्नाले निजी कम्पनी वा नगरपालिकाको भन्दा धेरै उचित संचालन र मर्मतसम्भारमा तिनीहरुको निहित हित हुन्छ, जसले सामान्यतया राम्रो कार्यसम्पादन ल्याउँछ भन्ने बुझिन्छ ।

संचालन र मर्मतसम्भारको लागि प्रवन्धहरु प्रारम्भिक चरणमा समुदायसँग छलफल गरिनुपर्दछ, र सम्झौता मार्फत औपचारिक बनाइनुपर्दछ । यथेष्ट संचालन र मर्मतसम्भारको आवश्यकता पर्ने जटिल परियोजनाहरुको लागि, परियोजना तयारीको बेलामा यसलाई समेट्न सुझाव दिइएको छ, विशेषगरी आवश्यक डिजाइन विकल्पहरु संचालन र मर्मतसम्भार क्रियाकलापहरुबाट प्रभावित हुनसक्छ (उदाहरणको लागि ग्राभेल सडकलाई कालोपत्रे सडकको भन्दा धेरै मर्मतसम्भार चाहिन्छ भने समुदायबाट नै ग्राभेल सडकको मर्मतसम्भार सजिलै सम्पन्न गर्न सकिन्छ) । कुनै एक स्थितिमा, संचालन र मर्मतसम्भारको क्रियाकलापको प्रवन्धहरु परियोजनाको कार्यान्वयन

समाप्ती पूर्व नै, सहमतिको औपचारिकता समेत गरी, छलफल र सहमत गरिएको हुनुपर्दछ । समुदाय भन्दा अन्य साझेदारहरुको कुनै जिम्मेवारीहरु (नगर निकायहरु, निजी क्षेत्र संस्थाहरु, आदि) सहमतिमा उल्लेख गरिएको पनि हुनुपर्दछ ।

विशेषगरी संचालन र मर्मतसम्भारको क्रियाकलपाहरुको वित्तको बारेमा प्रारम्भिक चरणमा नै छलफल हुनुपर्दछ, जहाँ आवश्यक वजेटको आकार थाहा भएको हुन्छ । दुवै नगर निकायहरु र निजी क्षेत्र संस्थाहरुबाट (जहाँ तिनीहरु संलग्न छन्) साथै समुदायहरु आफै (उपभोक्ता शुल्क, समुदायको योगदानहरु, वित्त जम्मा गर्ने क्रियाकलापहरु आदि)बाट वित्तको संभावित स्रोतहरु छलफल गरिनुपर्दछ । पर्याप्त वित्तको समायोचित संकलन सुनिश्चित गर्ने तरिकाहरु छलफल गरिनुपर्दछ र सहमतिमा पुग्नुपर्दछ, जहाँ सवै साझेदारहरुले वित्तिय सहायता योगदान गर्नु करारको भाग बनाउनु पर्दछ ।

संचालन र मर्मतसम्भारको क्रियाकलापहरुको व्यवस्थापन र कार्यान्वयनमा तालिम आवश्यक हुनसक्छ र परियोजनाको सम्पूर्ण क्षमता अभिवृद्धि रणनितिको भागमा समावेश गरिनुपर्दछ । केवल निर्माणमा सहभागिता सिर्जित सम्पत्तिको सफल संचालन र मर्मतसम्भार सुनिश्चित गर्न अपर्याप्त हुन्छ ।

सर्वोत्तम संचालन र मर्मतसम्भार प्रवन्धहरु निर्धारण गर्दा, वित्तिय सहायता, व्यवस्थापन र कार्यान्वयन प्रवन्धहरु समेत गरी, विभिन्न भौतिक पूर्वाधारहरुको विशेष विषयहरु ध्यानमा राख्नुपर्दछ, जुन अनुसुची ११ मा उल्लेख गरिएको छ ।



















# परिशिष्ट

# परिशिष्ट १ नेपालमा नमूना परियोजनाहरु


सन् २००९ ताका आई. एल. ओ. ले चार परिक्षण योजनाहरु ल्याएको थियो । यी परिक्षण योजनाहरु धनुषा जिल्लाको जनकपुर नगरपालिका वार्ड न. १४ मा लागु गरिएको थियो । जसमा तिन टोलहरु रजउल, मुजेलिया र सोहनी छानिएको थियो । यस मध्य पनि मुजेलिया लाई अरु दुई सहायक टोलमा बिभाजन गरिएको थियो । किन भने यसभित्रको शहरी केन्द्र र समुदाय राजमार्ग दुरिको हिसाबले अनि जातजाति तथा पृष्टभुमि तर एकै समस्या का हिसाबले यिनिहरु फरक थिए । यसको सामान्य व्याख्या तल गरिएको छ ।



चित्र १ : धनुषा जिल्लाको अवस्थिति



चित्र २ : जनकपुर नगरपालिकाको अवस्थिति




चित्र ३ : वडा नं. १४ जनकपुर नगरपालिका

रजउल

जनकपुर नगरपालिकाको वार्ड न. १४ को सबैभन्दा नजिकको टोल हो रजउल । समुदाय संगको छलफलमा यहाँको मुख्य समस्या भनेको बिशेष गरि दुई क्षेत्रमा ढलनिकास र शहरी आवतजावत पाइयो । यसको लागि त्यहाँ ढल लाईन र ग्राभेल सडक निर्माण गर्ने निणर्य गरियो ।

| | |
|---|---|
| बिस्तृत योजना : | ५०० मि ढल निर्माण (ईटा र कंक्रिट)<br>४ नयाँ कलभर्ट स्थापना<br>कलर्भटको लागि ९ जोडा हेडवालको निर्माण<br>४७३ मि लम्बाई ३ मि चौडा ग्राभेल सडक निर्माण |
| योजना मुल्य : | रु १,२८९,०८२ |
| अनुमानित रोजगारी : | ९७७ कार्यदिन अदक्ष कामदार<br>१९५ कार्यदिन दक्ष कामदार |

मुजेलिया १

मुजेलिया १ मुजेलिया टोलको राजमार्ग नजिक भएको शहरी भाग हो । रजउलको जस्तै यसको पनि मुख्य समस्या ढल निकास हो तर यसको अधिकांश सडक ईटा पेभिङ्ग भएकोले केहि ठाउमा सडक सुधार अन्तर्गत उचाई बढाउने र ढल निर्माण गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| बिस्तृत योजना : | ५९० मि ढल निर्माण (ईटा र कंक्रिट)<br>२ नयाँ कलभर्ट स्थापना<br>कलर्भटको लागि ९ जोडा हेडवालको निर्माण<br>५० मि लम्बाईमा सडक उचाई बढाउने |
| योजना मुल्य : | रु १,२८३,३६८ |
| अनुमानित रोजगारी : | ८८२ कार्यदिन अदक्ष कामदार<br>२४८ कार्यदिन दक्ष कामदार |

मुजेलिया २

मुजेलिया २ मुजेलिया टोलको राजमार्गबाट टाढा भएको ग्रामिण भाग हो । यो एकदमै पिछडिएको भाग हो । केहि छलफलपछि यहाँको मुख्य समस्याको रुपमा शहर केन्द्र सम्म सडक आवतजावत भएकोले यसैलाई आधार मानि पर्याप्त ढल निर्माण र ग्राभेल सडक निर्माण गर्ने निर्णय गरियो ।

बिस्तृत योजना : ५७० मि लम्बाई सडक ग्राभेल (३ मि चौडा)
३ नयाँ कलभर्ट स्थापना ७१४ मि लम्बाई मा कच्ची ढल निर्माण (योजनाबाट पछि हटाईएको, किनकी पछि नगरपालिकाको सहयोगमा काम गरिएको)

| | |
|---|---|
| योजना मुल्य : | रु ३५९,६७५ |
| अनुमानित रोजगारी : | ५१० कार्यदिन अदक्ष कामदार |

सोहनी

सोहनी टोल जनकपुर नगरपालिका भन्दा टाढा दलित बस्तीहरुको क्षेत्र हो । उनिहरु त्यहाँ सामाजिक हितको लागि कुनै किसिमको शैक्षिक भवनको निर्माण हुनुपर्ने मा ढुक्क थिए । त्यसैले यस टोलमा पुस्तकालय निर्माणको लागि पहिलेनै जग हालिएको ठाउँमा भवन निर्माण गर्ने निर्णय गरियो ।


| | |
|---|---|
| बिस्तृत योजना : | एकतले सामुदायिक भवन निर्माण (७.४ × ५.६ मि) |
| योजना मुल्य : | रु ५०९,६०२ |
| अनुमानित रोजगारी : | २१४ कार्यदिन अदक्ष कामदार<br>१४८ कार्यदिन दक्ष कामदार |

# परिशिष्ट २ जनकपुर नगरपालिका को गरिबि तथ्यांक

जनकपुर नगरपालिकाले वि.सं. २०६१(इ सं २००५) सालमा तयार पारेको गरिबी तथ्याङ्कहरुको आधारमा निम्न तथ्याङ्कहरु प्रेसित गरिएको छ ।

| वडा नं. | आम्दानी संख्या | < १,००० | < २,००० | < ३,००० | < ५,००० | < ७,५०० | < १०,००० | < २०,००० | < ५०,००० | > ५०,००० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७.७ | १०.१ | २०.० | ३७.१ | ६५.० | ७६.२ | ८९.४ | ९७.० | ९९.७ | ०.३ | १००.० |
| २ | ४.१ | ५.० | ११.५ | २०.९ | ५०.८ | ६८.६ | ८६.५ | ९७.६ | ९९.७ | ०.४ | १००.० |
| ३ | १३.७ | १७.४ | २५.३ | ३७.४ | ५९.५ | ६८.७ | ८१.६ | ९६.० | ९९.९ | ०.३ | १००.० |
| ४ | ७.५ | ८.६ | १३.९ | २३.९ | ५२.८ | ६९.४ | ८६.८ | ९७.६ | ९९.९ | ०.१ | १००.० |
| ५ | ४.४ | ७.३ | १७.५ | ३६.१ | ६६.४ | ७९.२ | ९३.४ | ९८.७ | १००.० | | १००.० |
| ६ | ८.४ | ९.३ | १८.५ | ३५.४ | ६८.२ | ८२.५ | ९३.६ | ९८.२ | ९९.९ | ०.२ | १००.० |
| ७ | १०.० | १०.५ | १६.२ | २६.५ | ६१.० | ७६.१ | ९१.२ | ९८.७ | ९९.९ | ०.२ | १००.० |
| ८ | १३.८ | १६.० | २९.९ | ४२.६ | ६९.४ | ८४.४ | ९५.७ | ९९.५ | १००.० | | १००.० |
| ९ | ७.७ | ९.४ | १५.८ | २३.६ | ४८.० | ६२.८ | ८१.२ | ९४.८ | ९९.३ | ०.६ | १००.० |
| १० | १८.९ | १९.८ | ३२.६ | ४६.४ | ७८.४ | ८७.१ | ९५.० | ९९.६ | १००.० | | १००.० |
| ११ | १.८ | ५.९ | २२.९ | ४२.० | ७५.६ | ८३.२ | ९३.० | ९९.३ | ९९.९ | | १००.० |
| १२ | ३१.५ | ३३.० | ४१.८ | ५८.८ | ९०.८ | ९४.५ | ९७.९ | ९९.३ | ९९.३ | ०.२ | १००.० |
| १३ | ३.९ | ५.५ | १९.६ | ४१.६ | ६९.३ | ८१.२ | ९२.३ | ९९.१ | ९९.८ | ०.१ | १००.० |
| १४ | ८.७ | ९.५ | २८.४ | ५२.४ | ७९.६ | ८७.६ | ९६.० | ९९.७ | १००.० | ०.१ | १००.० |
| १५ | १.३ | ७.० | २५.७ | ४९.७ | ७४.५ | ८७.१ | ९६.६ | ९९.३ | १००.० | | १००.० |
| १६ | ३.७ | ६.२ | २०.३ | ४१.९ | ६७.३ | ८१.३ | ९२.२ | ९८.५ | १००.० | | १००.० |
| जम्मा | ८.७ | १०.५ | २१.५ | ३७.१ | ६५.७ | ७८.५ | ९१.१ | ९८.२ | ९९.८ | ०.२ | १००.० |


आम्दानी समूह अनुरुप घरमूलिको प्रतिशत (स्रोत: जनकपुर गरिबी तथ्याङ्क)




आम्दानी समूह अनुरुप घरमूलिको प्रतिशत (स्रोत: जनकपुर गरिबी तथ्याङ्क)

| वडा नं. | आम्दानी संख्या | < १,००० | < २,००० | < ३,००० | < ५,००० | < ७,५०० | < १०,००० | < २०,००० | < ५०,००० | > ५०,००० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ९१ | ११९ | २३६ | ४३७ | ७६६ | ८९८ | १,०५४ | १,१४३ | १,१७५ | ४ | १,१७९ |
| २ | ४६ | ५६ | १२८ | २३३ | ५६६ | ७६४ | ९६३ | १,०८६ | १,१०९ | ४ | १,११३ |
| ३ | ५२ | ६६ | ९६ | १४२ | २२६ | २६१ | ३१० | ३६५ | ३८० | १ | ३८१ |
| ४ | १४३ | १६४ | २६६ | ४५८ | १,०११ | १,३२९ | १,६६३ | १,८६९ | १,९१३ | २ | १,९१५ |
| ५ | २० | ३३ | ७९ | १६३ | ३०० | ३५८ | ४२२ | ४४६ | ४५२ | | ४५२ |
| ६ | ४९ | ५४ | १०८ | २०७ | ३९९ | ४८३ | ५४८ | ५७५ | ५८५ | १ | ५८६ |
| ७ | ८५ | ८९ | १३७ | २२४ | ५१७ | ६४५ | ७७३ | ८३७ | ८४७ | २ | ८४९ |
| ८ | १६५ | १९१ | ३५७ | ५०९ | ८३० | १,०१० | १,१४५ | १,१९१ | १,१९८ | | १,१९८ |
| ९ | ६३ | ७७ | १२९ | १९३ | ३९२ | ५१३ | ६६३ | ७७४ | ८११ | ५ | ८१६ |
| १० | १०८ | ११३ | १८६ | २६५ | ४४८ | ४९८ | ५४३ | ५६९ | ५७२ | | ५७२ |
| ११ | १२ | ४० | १५६ | २८६ | ५१५ | ५६७ | ६३४ | ६७७ | ६८१ | | ६८१ |
| १२ | २११ | २२१ | २८० | ३९४ | ६०८ | ६३३ | ६५६ | ६६५ | ६६८ | १ | ६६९ |
| १३ | २९ | ४१ | १४५ | ३०७ | ५११ | ५९९ | ६८१ | ७३१ | ७३६ | १ | ७३७ |
| १४ | ११२ | १२२ | ३६६ | ६७५ | १,०२६ | १,१२९ | १,२३७ | १,२८५ | १,२८९ | १ | १,२९० |
| १५ | ७ | ३७ | १३५ | २६१ | ३९१ | ४५७ | ५०७ | ५२१ | ५२५ | | ५२५ |
| १६ | ४६ | ७७ | २५१ | ५१८ | ८३२ | १,००५ | १,१३९ | १,२१७ | १,२३५ | | १,२३५ |
| जम्मा | १,२३९ | १,५०० | ३,०५५ | ५,२७२ | ९,३३८ | ११,१४९ | १२,९३८ | १३,९५१ | १४,१७६ | २२ | १४,१९८ |


आम्दानी समूह अनुरुप घरमूलिको संख्या (स्रोत: जनकपुर गरिबी तथ्याङ्क)




आम्दानी समूह अनुरुप घरमूलिको संख्या (स्रोत: जनकपुर गरिबी तथ्याङ्क)

| वडा नं. | ग्राभेल संख्या/ | शौचालय संख्या | विद्युत संख्या | निजी खानेपानी संख्या | ढल निकास संख्या | पूर्वाधार गरिबी |
|---|---|---|---|---|---|---|
| १ | ५९.४ | २१.८ | २१.८ | २०.५ | ८९.५ | ३७.१ |
| २ | ५७.७ | ४.४ | ५.७ | २.९ | ८१.५ | २३.५ |
| ३ | १३.१ | २२.८ | २३.४ | २३.९ | ९.७ | १९.९ |
| ४ | ६४.७ | ५.६ | ८.१ | ३.६ | ६६.७ | २३.१ |
| ५ | ४४.७ | ९.३ | ६.९ | १३.५ | १५.० | १६.९ |
| ६ | ४५.७ | १७.६ | ११.३ | १६.९ | ९८.५ | ३३.० |
| ७ | ७३.५ | ६.२ | ९.२ | ३.९ | ९६.१ | २९.२ |
| ८ | ५४.८ | १४.५ | ९.४ | ७.१ | ९९.८ | २९.९ |
| ९ | ७०.१ | ५.२ | ७.५ | ६.१ | ९१.४ | २८.५ |
| १० | ५७.५ | ८.७ | ८.९ | १४.३ | ३६.४ | २२.५ |
| ११ | ७७.१ | १२.५ | १६.३ | २४.१ | ८२.७ | ३७.७ |
| १२ | ६०.५ | ३८.७ | ३६.८ | ४०.४ | ९४.० | ५०.७ |
| १३ | ९३.९ | ५६.३ | ३५.० | २७.३ | ९९.९ | ५४.७ |
| १४ | ७३.४ | ४९.२ | ३४.२ | ३७.७ | ९९.९ | ५४.३ |
| १५ | ३५.२ | ५०.१ | ४२.१ | ५०.५ | ९७.३ | ५४.३ |
| १६ | ८५.८ | ४०.३ | ३४.८ | ३२.३ | ९४.३ | ५१.५ |
| जम्मा | ६४.१ | २२.० | १८.८ | १८.५ | ८३.० | ३५.७ |
| भार | ०.१५ | ०.२ | ०.१ | ०.४ | ०.१५ | १.० |

न्यूनतम सेवाहरुबाट पहुँच नभएका घरमूलीहरुको प्रतिशत (स्रोत: जनकपुर गरिबी तथ्याङ्क)




न्यूनतम सेवाहरुबाट पहुँच नभएका घरमूलीहरुको प्रतिशत (स्रोत: जनकपुर गरिबी तथ्याङ्क)

# परिशिष्ट ३ डिजाइन निर्देशिका

यो परिशिष्टको मुख्य उद्देश्य शहरी क्षेत्रहरुका सामुदायिक पुर्वाधारमा रहेका साभ्का किसिमका हस्तक्षेपको बारेमा सामुदायिक सहभागिता र रोजगारी उत्पादनलाई दृष्टि गरि आधारभुत निर्देशनहरु प्रदान गर्नु हो ।

### वाटो, सडक र सहायकमार्ग

यस्ता किसिमका पुर्वाधारको उद्देश्य हाउजिङ्ग, सार्वजनिक भवनहरु, बजारहरु साथै साभ्का सुबिधाका पुर्वाधारहरु जस्तै स्कुल, क्लिनिक, इनार, सार्वजनिक शौचालयमा आवतजावतको सुबिधा प्रदान गर्नु हो । यसका साथै उचित ढल निकास, पुराना ढल मर्मत र हिलो भएका क्षेत्र जुन स्वास्थ्यका हिसाबले महत्वपुर्ण छन् त्यसलाई पनि सुधार गर्नु यसको लक्ष्य हो ।

सडक आवत जावतको चौडा यसमा प्रयोग गरिने साधन अनुसार हुनु पर्दछ । जस्तै ट्रक, कारको लागि बढि चौडा र मोटरसाईकल, साईकल, गाडा, पैदलयात्रीका लागि कम चौडा हुनु पर्दछ । यस्ता फरक सतह फरक मुल्य र मर्मत अनुसार का हुन्छन् । ग्राभेलको काम अक्सर मुल्य उपयोगि समाधान हो र समुदायले उच्चतम रोजगारी सामर्थ्यका साथ सजिलै कार्यन्वयन गर्न सक्छन् । त्यस्तै ढुङ्गा वा ब्लक पेभिङ्ग बढि खर्चिलो हुन्छ भने उपयोगिताको आधारमा माथिको जस्तै हुन्छ र मर्मत खर्च पनि कम लाग्छ । कंक्रिट वा बिटुमेन सतह धेरै खर्चिलो हुन्छ र यसका लागि सिमित रोजगारी र समुदायिक सहभागिता अनि बिशेष ज्ञाता र सामाग्रिको आबश्यकता पर्छ । वरपरका घरहरु लाई असर नपुगे न्युन तहका भागहरु उठाउनु पर्छ । सडक क्षेत्राधिकारको लागि शहरी योजना तथा स्तरहरु पुनराबलोकन गर्नु पर्छ । यसरी लागु गरिने स्तर र डिजाईनले सकेसम्म वरपरका घरहरु हटाउने काम रोक्नु पर्छ ।

### ढल निकास

पुर्वाधारको उद्देश्य घर, भवन, आवतजावत गर्ने बाटाहरु बाट निस्कने पानी तथा फोहरमैला निकास गर्नु हो, साथै सम्भावित बाढि, पहिरो घटाउनु हो अनि पानीले गर्दा लाग्न सक्ने रोगहरु कम्ति गर्नु अनि वरपर वा छरछिमेकमा असर नपर्ने गरि पानीको सुरक्षित बहाब गराउनु हो ।

ढलको तह वरपरका सतह वा घरहरु भन्दा माथि हनु पर्छ, जसको कारण पानी कुलोमा बग्नुको सट्टा घरभित्र या अन्यत्र जानु हुन्न । अत्याधिक बालुवा थुप्रने, पानी जम्ने, कुलो खोस्रने बाट जोगाउन ढलको निर्माण पर्याप्त वा अभिछिन्न ढल्काईमा हुन आबश्यक छ । बढि ओरालो भएको क्षेत्रमा पहिरो बाट जोगाउन लाईन भएको ढल वा अरु कुनै संरचना निर्माण गर्नु पर्छ । ढल सकेसम्म सीधा हुन पर्छ । सडक हेरेर ढल निर्माण गर्नु पर्छ, कतै एकतर्फि बनाउने वा चौडा हेरेर मध्य भाग बाट छेदन गर्ने पहिले निर्णय गर्नु आबश्यक हुन्छ ।

ढलको लाईन खन्ने कामले अधिक रोजगारी सृजना गराउछ । लाईन बनाउन ढुङ्गाको समेत इट्टा, कंक्रिट ब्लक, कंक्रिट स्ल्याब, खन्याइको कंक्रिट जस्ता बिभिन्न समान प्रयोग गर्न सकिन्छ । गहिरो ढल दुर्घटना नहोस भन्नका लागि ढाक्नु पर्ने हुन्छ । अत्याधिक खर्च लाग्ने वा घरहरु भएको ठाउँमा पाइपहरु प्रयोग गर्नु पर्छ । ढल निकास गर्ने ठाउँमा पहिरोबाट जोगाउन ग्याबिन बक्स, कलभर्ट पर्खाल वा एप्रोनहरु बनाउनु पर्छ । हिलो थुप्रिन बाट जोगाउन पहिले नै हिलो नियन्त्रक बनाउनु पर्छ ।

### खानेपानी

पुर्वाधारको उद्देश्य समुदायमा उचित मुल्यमा सफा खानयोग्य पानी प्रदान गर्नु हो । बिकल्पहरुमा इनार, बोरहोल, धारा वा पाइप प्रणालीहरु (घरमा या सार्वजनिक) पर्दछन् । घरको लागि पाइप प्रणलीमा १०० देखि १५० लिटर प्रतिदिन प्रतिब्यक्ति पानी चाहिन्छ भने सार्वजनिकमा ४० लिटर प्रतिदिन प्रतिब्यक्ति पानी चाहिन्छ । यस्तो कम्तिमा २०० मिटरको फरकमा र बढिमा १२५ जनालाई सेवा दिने हुनु पर्छ । पानीको श्रोत र लाइन सुरक्षित र पानी बितरण पर्याप्त छ कि छैन भनेर जान्नको लागि मुल्याकंन गर्नु जरुरी छ । पानी फुटेर निकास हुनको लागि र त्यले गर्दा अन्य सार्वजनिक सुबिधाका संरचनालाई असर गर्ने नगर्ने पक्का हुन पनि जरुरी छ । संक्रमण हुन बाट जोगाउन खानेपानी र ढल निकासको लाईन एकै ठाउँमा हुन हुन्न, लिक र बिग्रन नदिन लाईन गहिरोमा राख्नु पर्छ । खन्ने काम र पाईप राख्ने कामले उच्चतम रोजगारी सृजना गर्छ । यसका केहि काममा भने केहि प्राबिधिक ज्ञानको जरुरी हुन सक्छ ।

### सरसफाई

पुर्वाधारको उद्देश्य समुदायमा स्वस्थ तथा साँस्कृतिकरुपमा योग्य शौचालय प्रदान गर्नु तथा मानव निष्कासित फोहर को सहि निकास अनि त्यसबाट हुन सक्ने संक्रमण बाट जोगाउनु हो । जहाँ ढल निकासको सुबिधा छैन त्यहाँ पारिवारिक तथा सार्वजनिक शौचालयको बिकल्प हुन सक्छ । पानिको सुबिधा पर्याप्त भएको ठाउँमा फ्लसिङ्ग प्रणाली र कम भएको ठाउँमा सिधा गहिरो खालको शौचालय राख्न सकिन्छ । दुई खाल्डो भएको शौचालय ले पुर्ण खाल्डो हुनु भन्दा पहिले बन्द गरि खाली वा त्यसमा भएका फोहर हटाउदा स्वास्थ्यको हिसावले कम हानी हुन्छ । फ्लसिङ्ग प्रणालीमा खाल्डो एक साईडमा मात्र राख्दा राम्रो हुन्छ । बाढिको खतरा भएको ठाउँमा शौचालयको तह माथी उठाउनु पर्छ र यो जहिले पनि पानीको मुहान भन्दा कम्तीमा १५ मि टाढा हुनु पर्छ ।

खाडलको लाईन कंकृट रिङ्ग, ईट्टा, ब्लक वा ढुङ्गा, कास्ट इन सिटु कंकृट वा फेरो सिमेन्ट बाट बनाउन सकिन्छ । पिट स्ल्याब चाहि रड कंकृट वा कास्ट गरी बनाइएको स्ल्याब हुन सक्छ । यसको खन्ने कामको रोजगारी सामर्थ्य बढि हुन्छ भने शौचालय निर्माणले स्थानिय दक्ष कामदारहरुको रोजगारीलाई उचित अबसर प्रदान गर्छ । स्थानिय स्तरमा उत्पादन गरिएको सामानहरु प्रयोग गरि अप्रतक्ष्य रोजगारीको सृजना पनि गर्न सकिन्छ ।

### फोहर व्यवस्थापन

फोहर व्यवस्थापनको उद्देश्य समुदायको काम गर्ने वातावरण तथा बस्ने सुबिधामा सुधार ल्याई यसबाट हुन सक्ने स्वास्थ्य र रोगहरुलाई नियन्त्रण गर्नु र ढल व्यवस्थापनको पनि उचित व्यवस्था गर्नु हो । समुदायको तहमा यसको मुख्य काम घरहरुबाट फोहर संकलन गरी त्यसलाई माध्यमिक संग्रह क्षेत्र सम्म ढुवानी गर्नु हो (जहाँ बाट नगरपालिका वा सम्बन्धित निकायले संकलन गर्ने काम गर्छ) । पुर्नचक्रियको लागि उपयोगी फोहर, प्राङ्गारिक पदार्थ र फोहर सखाप गर्ने कामले अतिरिक्त आय तथा रोजगारीको अवसर सृजना गर्छ ।

पुर्वाधारको आवश्यकता साधरणतया माध्यमिक संग्रह स्थानको निर्माणमा भर पर्छ, सामान्यतया पर्खाल र एकतिर खुला भएको बनाउन समुदायलाई सजिलो हुन्छ । तथापी फोहर ब्यावस्थापन स्थल निर्माण र यहाँ सम्मको यातायात ढुवानीले दिर्घकालिन रोजगारीको अवसर सृजना गर्छ । सामान्यतया यो काम भनेको समुदाय वा साना उधमीले समुदायबाट कर संकलन गरी, ठेलागाँडा वा अन्य यातायातको साधन प्रयोग गरी संचालन गर्छन् ।

### (सार्वजनिक) भवनहरु

यस्ता किसिमका भवनहरुको उद्देश्य समुदायलाई सभाहल, सामाजिक क्रियाकलाप, बचत समुह, सामुदायिक भेला, बाढिको बेला बस्ने स्थानका साथसाथै स्कुल या क्लिनिकको रुपमा प्रयोग गर्न दिनु हो । यिनिहरु बाढि नआउने, पहिरोको डर नभएको, समुदायको पहुँचमा भएको र सामुदायिक ठाउँमा निर्माण गर्नु पर्दछ । स्कुल वा क्लिनिक जस्ता भवनहरुको निर्माणमा मौजुदा स्तर वा डिजाईनअनुसार हुनु पर्दछ । यसमा प्रतक्ष्य रोजगारी ठिकै भए पनि अप्रतक्ष्य रोजगारी भने यसमा प्रयोग गरिने समानको आधारमा प्रचुर हुन्छ । संभावित समानमा रड कंकृट, कंकृट ब्लक, माटोको ईट्टा, घामले सुकाइएको माटोको ईट्टा, ढुङ्गा मेसिनरी, टिम्बर वा अन्य धेरै हुन सक्छन् । यस्ता स्थानिय स्तरका समान हरुको प्रयोगले स्थानिय स्तरका कामदारहरुमा छरितो ल्याउछ । यसमा सरसफाई सुबिधा, बिजुली तथा खानेपानीको काम पनि समेट्न सुझाव दिईन्छ ।

# परिशिष्ट ४ नमूना बिल अफ क्वान्टिटीज

| No | Item | QTY | Unit | Particulars | Unit | Persons/ day | No. of days | QTY | Unit cost | Amount | Sub total | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | **Placement of culverts 3m x 45cm** | | | | | | | | | | | |
| | | 4 | units | LABOUR COST | | | | | | | | |
| | | | | Skilled labour | Workdays | 1.00 | 0.50 | 0.50 | 400.00 | 200.00 | | |
| | | | | Unskilled labour | Workdays | 6.00 | 0.50 | 3.00 | 250.00 | 750.00 | 950.00 | |
| | | | | MATERIAL COST | | | | | | | | |
| | | | | Sand | m3 | | | 0.12 | 850.00 | 102.00 | | |
| | | | | Cement | kg | | | 24.00 | 14.00 | 336.00 | | |
| | | | | Hume pipe 45cm x 3m | unit | | | 4.00 | 3,120.00 | 12,480.00 | 12,918.00 | 13,868.00 |
| 2 | **Construction of headwalls** | | | | | | | | | | | |
| | | 9x2 | units | LABOUR COST | | | | | | | | |
| | | | | Skilled labour | Workdays | 1.00 | 5.00 | 5.00 | 400.00 | 2,000.00 | | |
| | | | | Unskilled labour | Workdays | 3.00 | 6.00 | 18.00 | 250.00 | 4,500.00 | 6,500.00 | |
| | | | | MATERIAL COST | | | | | | | | |
| | | | | Sand | m3 | | | 1.91 | 850.00 | 1,623.50 | | |
| | | | | Bricks | unit | | | 2,081.00 | 8.20 | 17,064.20 | | |
| | | | | Cement | kg | | | 473.59 | 14.00 | 6,630.26 | | |
| | | | | Aggregate | m3 | | | 0.36 | 866.67 | 312.00 | 25,629.96 | 32,129.96 |
| 3 | **Construction of lined drains** | | | | | | | | | | | |
| | | | | LABOUR COST | | | | | | | | |
| | 3.1 Excavation | 500 | m | Skilled labour | Workdays | | | - | 400.00 | - | | |
| | | | | Unskilled labour | Workdays | 4.00 | 25.00 | 100.00 | 250.00 | 25,000.00 | | |
| | 3.2 Flat brick soling | 500 | m | Skilled labour | Workdays | 2.00 | 9.00 | 18.00 | 400.00 | 7,200.00 | | |
| | | | | Unskilled labour | Workdays | 4.00 | 9.00 | 36.00 | 250.00 | 9,000.00 | | |
| | 3.3 PCC work | 500 | m | Skilled labour | Workdays | 3.00 | 4.00 | 12.00 | 400.00 | 4,800.00 | | |
| | | | | Unskilled labour | Workdays | 21.00 | 4.00 | 84.00 | 250.00 | 21,000.00 | | |
| | 3.4 Brickwork | 500 | m | Skilled labour | Workdays | 3.00 | 28.00 | 84.00 | 400.00 | 33,600.00 | | |
| | | | | Unskilled labour | Workdays | 12.00 | 28.00 | 336.00 | 250.00 | 84,000.00 | | |
| | 3.5 Plastering | 500 | m | Skilled labour | Workdays | 3.00 | 25.00 | 75.00 | 400.00 | 30,000.00 | | |
| | | | | Unskilled labour | Workdays | 3.00 | 25.00 | 75.00 | 250.00 | 18,750.00 | 233,350.00 | |
| | | | | MATERIAL COST | | | | | | | | |
| | 3.1 Excavation | | | | | | | | | - | | |
| | 3.2 Flat brick soling | | | Sand | m3 | | | 24.14 | 850.00 | 20,519.00 | | |
| | | | | Second class bricks | unit | | | 14,280.00 | 5.50 | 78,540.00 | | |
| | 3.3 PCC work | | | Sand | m3 | | | 11.99 | 850.00 | 10,191.50 | | |
| | | | | Cement | kg | | | 5,610.00 | 14.00 | 78,540.00 | | |
| | | | | Aggregate | m3 | | | 22.70 | 866.67 | 19,673.33 | | |
| | 3.4 Brickwork | | | Bricks | unit | | | 45,315.00 | 8.20 | 371,583.00 | | |
| | | | | Cement | kg | | | 8,550.00 | 14.00 | 119,700.00 | | |
| | | | | Sand | m3 | | | 29.93 | 850.00 | 25,440.50 | | |
| | 3.5 Plastering | | | Sand | m3 | | | 9.34 | 850.00 | 7,939.00 | | |
| | | | | Cement | kg | | | 2,323.20 | 14.00 | 32,524.80 | 764,651.13 | 998,001.13 |
| 4 | **Levelling and gravelling of roads** | | | | | | | | | | | |
| | | 473 | m | LABOUR COST | | | | | | | | |
| | | | | Skilled labour | Workdays | | | | | | | |
| | | | | Unskilled labour | Workdays | 13.00 | 25.00 | 325.00 | 250.00 | 81,250.00 | 81,250.00 | |
| | | | | MATERIAL COST | | | | | | | | |
| | | | | Gravel | m3 | | | 156.00 | 866.67 | 135,200.00 | 135,200.00 | 216,450.00 |
| | | | | | | | | | | | | |
| | Total material costs | | | | | | | | | | 938,399.09 | |
| | Total labour costs | | | | | | | | | | 322,050.00 | |
| | **TOTAL DIRECT COSTS** | | | | | | | | | | | **1,260,449.09** |
| 5 | **Additional costs** | | | | | | | | | | | |
| | 5.1 Foreman (skilled labour) | | | | Workdays | | | | 400.00 | - | | |
| | 5.2 Tools (3% of labour costs) | | | | Lumpsum | | | | | 9,007.35 | | |
| | 5.3 First aid kit | | | | | | | | | 2,000.00 | | |
| | 5.4 Insurance fund/contingency (1.5%) | | | | | | | | | 17,625.56 | 28,632.91 | 28,632.91 |
| | **TOTAL PROJECT COSTS** | | | | | | | | | | | **1,289,082** |

## परिशिष्ट ५ करार लिखत उदाहरण

# करार

*शहरी बाटो रजउल टोल को सिधा निकास निर्माण र ग्राभेलीङ सम्बन्धको*

धनुषा जिल्ला जनकपूर नगरपालिका स्थीत रजउल टोलको ढल निकास र प्रवाह सम्बन्धमा आवश्यक हस्तक्षेप गर्नुपर्ने कुरालाई यो लिखतले व्याख्या गर्दछ । यसमा सुधार सम्बन्धी कार्यहरु अगाडि बढाउने कार्य रजउल समुदायले सामुदायिक सम्फौता बमोजिम समुदायमा आधारित संस्था श्री रजउल समाज सेवा समिति (CBO) ले समुदायको प्रतिनिधि गर्दै एक पक्ष भएको र अन्तराष्ट्रिय श्रम संगठन (ILO) द्वितीय पक्ष भै कार्य गर्ने छ । वित्तको व्यवस्थापन, आवश्यक समाग्रीको खरिद, आवश्यक श्रम (दक्ष र अदक्ष) सम्फौता, र व्यवस्थापनको परिचालन समुदायमा आधारित संगठनले गर्दछ भने सो सम्बन्धमा प्रविधिक सहयोग अन्तराष्ट्रिय श्रम संगठनले गर्ने छ । खास गरी यो लिखतले समुदाय र यसले प्रतिनिधित्व गर्ने समुदायमा आधारित संस्थाको अधिकार र कर्तव्यको व्याख्या गर्दछ ।

### TASKS

तयार पारिएको प्रस्तावमा आधारित रहेर स आ स (समुदायमा आधारित संस्था) को निम्न उल्लेखित कार्य गर्ने कर्तव्य हुनेछ ।

१. अनुसुची ग मा व्याख्या गरे अनुरुपको ५००( पाच सय) मिटर ढल निकास पाइपको निर्माणको लागि गिट्टी एवं इट्टाको प्रयोग एवं अनुसूचि ख वमोजिम परिमाणहरुको विलमा प्रयोग हुने आदनहरु समेतको प्रयोग गरि डकर्मी द्वारा वनाइनु पर्ने हून्छ । विभिन्न ढल निकासको निर्माण गरिनुपर्ने स्थानका सम्वन्धमा अनुसुचि क को परियोजना नक्सामा दिइएको छ ।

२. ढल निकासलाई पार गर्न (Cross) को निम्ती ३ मिटर लामो ४५ से मि चौडा भएको चार वटा कलर्भट को व्यवस्थापन गरी पहिले नै अवस्थीत रहेका कलर्भटलाई मध्य नजर गदै विभिन्न ढल निकास लाईन विचको सर्म्पक कायम गरि निर्माण गर्नु पर्ने हुन्छ । कलभर्टको स्थान अनुसुचि क को परियोजना नक्सामा दिइएको छ । साथै आवश्यक आदनहरुको( (Input) जानकारी अनुसूचि ख को परिमाणहरुको विलमा दिइएको छ ।

३. नया र पुरानो कलभर्ट गरि नौ जोडी हेडवाल (Headwalls) हरुको निर्माणको लागि गिट्टी एवं इट्टाको प्रयोग गरि अनुसूचि ग मा उपलव्ध गराइएको डिजाइन अनुरुप एव. अनुसूचि ख वमोजिमको परिमाणहरुको विलमा भएका आदनहरु समेतको आधारमा डकर्मी द्वारा वनाइनु पर्ने हून्छ । नया र पुरानो कलभर्टहरुको स्थान अनुसुचि क को परियोजना नक्सामा दिइएको छ । साथै आवश्यक आदनहरुको (Input) जानकारी अनुसूचि ख को परिमाणहरुको विलमा दिइएको छ ।

४. ४७३ मिटरको शहरी सडकको निर्माण एवं सो का लागि १० cm मोटाई र ३ मिटर चौडाई को आकारमा ग्राभेल गर्ने । ग्राभेल गर्ने सडकको स्थान अनुसुचि क को परियोजना नक्सामा दिइएको छ । साथै आवश्यक आदनहरुको( (Input) जानकारी अनुसूचि ख को परिमाणहरुको विलमा दिइएको छ ।

कार्यसम्पादनसगँ प्रत्यक्ष सम्वन्धीत कार्य वाहेक, स.आ.स. ले कार्यको सही एवं अद्यावधिक लेखा सम्बन्धी कार्यका साथै सम्पूर्ण प्राप्ति एवं भुक्तानी, आम्दानी, खर्च एवं वाँकी विवरण राख्नु पर्ने हुन्छ । स.आ.स.ले रोजगारी सिर्जना गरेको सम्पूर्ण अभिलेख राख्दै पुरुष र महिला साथै दक्ष र अदक्ष श्रमिकको अभिलेख समेत राख्नु पर्ने हुन्छ । उल्लेखित कार्यमा प्रयोग गरिएको साधनहरुको अभिलेख राख्दै परिमाणहरुको विल र प्रयोग गरिएको सामानहरु बिचको स्तर तुलना गर्ने । वित्तिय कारोवारको अभिलेख राख्नुको साथै तय गरिएका कार्य गरिने दिनहरु र प्रयोग गरिएका सामाग्रीरुको अभिलेख राख्नाकालागि स.अ.स लाई परियोजना पुस्तक प्रदान गरिने छ ।

### रकम उपलब्ध गराउने र भुक्तानी गर्ने

यो परियोजना वापतको करार सम्झौता रकम बाह्र लाख एघार हजार नौ सय बइसट्ठी रहेको छ (१२,११,९६२) । अनुसुची ख मा उल्लेखित परिमाणहरुको विल अनुसारको परियोजना रकम आइ एल ओ (ILO) द्वारा प्रदान गरिनेछ । रकमको पहिलो भुक्तानी करार सम्झौतामा हस्ताक्षर गर्दाको वखत प्रदान गरिने छ । उपयुक्त कार्य प्रगति हेरेर अन्तरिम भुक्तानी गरिनेछ र अन्तिम भुक्तानी सम्पूर्ण कार्य समाप्ती भई, भर्पाई प्राप्त गरेपछि गरिनेछ । कार्य प्रगतिको समिक्षा आइ एल ओ (ILO) को इन्जिनियरद्धारा गरिने छ ।

क) पहिलो किस्ता वापतको रुपैया रु ३,००,२३०(तिन लाख दुईसय तिस) करार सम्झौतामा हस्ताक्षर गर्दाको वखत भुक्तानी गरिने छ । सो रकम सामाग्री खरिद, प्राथमिक उपचारका सामान खरिद एवं आवश्यक शुरु कार्य गर्न सामाग्रीहरुको खरिदका साथै श्रम सम्झौताको शुरुवातका लागि समेत हुने छ ।

ख) दोस्रो किस्ता वापतको रु ७,९०,५३५(सात लाख नब्बे हजार पाचसय पैतिस रुपैया)को भुक्तानी आइ.एल.ओ (ILO) का इन्जिनियरको सिफारिसमा पहिलो किस्ताको ६५% खर्च भई, लिखित अनुरोध सहित खर्चको विवरण पेश गरेमा र समाप्त भएको कामको मुल्यांकन गरि प्रदान गरिने छ

ग) अन्तिम किस्ता वापतको रु १,२१,१९७ (एक लाख एक्काइस हजार एक सय सन्तानब्बे रुपैया) आइ.एल.ओ (ILO) को इन्जीनियरद्धारा अन्तिम कार्यको कार्य सम्पादन प्रमाणित गरी अगाडीको समय देखी कुनै भुत्तानी बाँकी रहेकोमा लिखित अनुरोध सहित खर्चको विवरण पेश गरेमा र समाप्त भएको कामको मुल्यांकन गरि प्रदान गरिने छ ।

जनकपुर जिल्लामा रहेको नेपाल राष्ट्रिय वाणिज्य बैंकको भानु चोक शाखामा रहेको श्री रजउल समाज सेवा समितिको नाममा भुक्तानी गरिने छ । स.आ.स परियोजनाको रकमको पूर्ण सदुपयोग गरिएको नगरिएको कुराको मुल्यांकन सार्वजनिक लेखापरिक्षणद्धारा गरिने छ जसमा स.आ.स ले तुलनात्मक रुपमा परिमाणहरुको विल एवं कार्ययोजना अनुरुप रकमको उपयोग एवं त्यसवाट हासिल उपलव्धी पेश गर्नु पर्ने हुन्छ ।

दुवै भुक्तानी एवं सार्वजनिक लेखापरीक्षणका निम्ति स.आ.सले सही एवं अद्यावधिक लेखा सम्बन्धी कार्यका साथै सम्पूर्ण प्राप्ति एवं भुक्तानी, आम्दानी , सम्पूर्ण खरिद र अन्य खर्च एवं वाकी विवरण राख्नु पर्ने हुन्छ

### श्रम र रोजगार

यस परियोजना अन्तर्गत १५०५ कार्य दिन निकालीने छ । जस मध्ये १२७६ कार्य दिन अदक्ष श्रमीकका लागि र २२९ कार्य दिन दक्ष श्रमीकका लागि हुनेछ । स आ सले परियोजनाको शुरुवातमा आइ एल ओ (ILO) सँगको समन्वयमा श्रमीकको छनौट सम्वन्धमा उपयुक्त प्रकृयाको विकास गर्ने छ । यस कममा महिला र दलित जो वेरोजगार छन तिनिहरुलाई रोजगारी उपलब्ध गराउन विशेष ध्यान दिईनेछ । अन्य शर्तहरु पनि परिभाषित गरिनेछ । अनुसुची ख को परिमाणहरुको वीलमा उल्लेख भए अनुसार दक्ष र अदक्ष श्रमीकहरुलाई जिल्लाको न्युनतम दैनिक ज्याला दर दिइने छ ।

### खरिद

माथि उल्लेख गरिए अनुसारको कार्य सम्पादन गर्न निर्माण समाग्रीको खरिद, उपकरण र प्राथमिक उपचारका सामानको खरिद गर्ने स आ स (CBO) जिम्मेवार हुने छ । विभिन्न सामानहरु, आवश्यक रकम साथै प्रत्येक युनिट वापतको खर्च यसै शर्तहरुको अनुसुची ख को परिमाणहरको विलमा भनिएको छ ।

कार्य सम्पादनको लागि पुरा श्रम शुल्कको ३% श्रम शुल्क हाते औजारको खरिदका लागि प्रयोग गरिने छ । (अनुसुची ख) यि रकम स आ स ले आवश्यक ठानेमा .ति सामाग्री. खरिद गर्नका लागि आइ एल ओ (ILO) को इन्जिनियरको समन्वयमा गरिने छ ।

परियोजनाको शुरुमा स आ स ले प्राथमिक उपचारका सामाग्री खरिद गर्न छ र त्यसलाई कार्य क्षेत्रमा कार्य गर्दा हुनसक्ने चोटपटक को उपचारको लागि प्रयोग गरिनेछ ।

प्रत्येक खरिद कार्यका लागि ३ वटा कोटेशनको आवश्यक पर्ने छ । जस मध्ये सवभन्दा सस्तो विडर वालासँग खरिद गरिने छ । वस्तुको साटफेर गरि उक्त वस्तु वापत महगो खर्च व्योहर्नु भन्दा खरिद गर्दा वस्तु वा सामानको गुणस्तर चेक गर्नु र उपयुक्त गुणस्तरका वस्तु खरिद गर्नु उपयुक्त हुन्छ । प्रत्येक खरिदलाई परियोजना पुस्तकमा विल विजका साथ प्रविष्टि गर्नुपर्ने हुन्छ र अन्तमा आइ एल ओ (ILO) ले सो को सोधभर्ना गर्ने छ ।

### विमा /संयोगीक कोष रकम

परियोजनाको कुल रकम १.५% बजेट विमा/संयोगिक कोष रकमको रुपमा छुट्याइने छ । (अनुसुची ख) यो रकम परियोजनासँग सम्बन्धित घटनाको शोध भर्नाका लागि प्रयोग गरिने छ । यदि परियोजनाको अन्तसम्ममा पर्याप्त रकम वाकि रहेमा सो रकम पनि अदृश्य खर्च र परियोजना संचाालन हुदाँ हुने खर्च वृदि का लागि प्रयोग गरिने छ । तर यस्तो रकम प्रयोग गर्नु भन्दा पहिले आइ एल ओ (ILO) को पूर्व स्किृति लिनु आवश्यक छ ।

### कार्य समयावधि


यो करार May 1st 2009 वाट शुरु भई December 31st 2009 सम्मको हुने छ । परियोजनाले संचालन गर्ने कार्य योजना सहित विभिन्न किृयाकलापहरु गरिने समयहरु अनुसुची घ को शर्तहरुमा (TOR) मा प्राप्त गर्न सकिने छ ।

### अनुसुचीहरु


शर्तहरु (ToR) हरु यस प्रकार छन् ।

| | | | |
|---|---|---|---|
| अनुसुची | क | – | परियोजनाको नक्शाा |
| अनुसुची | ख | – | परिमाणहरुका विल |
| अनुसुची | ग | – | डिजाईन |
| अनुसुची | घ | – | कार्य योजना |


## परिशिष्ट ६ परियोजना नक्साको नमूना



## परिशिष्ट ७ नमूना कार्ययोजना



# परिशिष्ट ८ डिजाइन नक्साको नमूना



# परिशिष्ट ९ करार संशोधनको नमूना

**अन्तराष्टिय श्रम संगठन (ILO)**
**र**
**श्री रजउल समाज सेवा समिति**
**वीचको करार संशोधन**

यो आइ.एल.ओ (ILO) र श्री रजउल समाज सेवा समितिवाट सन् २९ अप्रिल २००९ मा हस्ताक्षरीत सम्भौताको अभिन्न अगंको रुपमा मानिने छ । परियोजना शुरु हुनमा ढिलाई भएको कारण र प्राविधिक कारणले गर्दा दुवै पक्षको सहमतिमा करारमा निम्न बमोजिमको प्रशासकिय र प्राविधिकिय परिर्वतन गरिएको छ ।

१. करार समाप्ती हुने अवधी Sep 30th 2009 वाट December 31st 2009 मा परिर्वतन गरिएको छ । यससँग मेल खाने गरि कार्य योजनालाई पनि अनुसुची १ मा देखाइए अनुसार परिर्वतन गरिएको छ ।

२. भुक्तानीको परिर्वतन गरि ३ वटा भुक्तानी गरिएको छ । निमार्णका सामग्री खरिद गर्नका लागि तथा परियोजना संचालन ढिलो नहोस भन्नका लागि दोस्रो र तेस्रो भुक्तानीलाई एउटै भुक्तानीमा गाभ्दै अन्तिम भुक्तानीको १०% घटाइएको छ तर करारको रकम भने परिर्वतन गरिएको छैन ।
   क) पहिलो किस्ता वापतको रुपैया रु ३,००,२३० (तिन लाख दुईसय तिस) करार सम्भौतामा हस्ताक्षर गर्दाको वखत भुक्तानी गरिने छ । सो रकम सामाग्री खरिद, प्राथमिक उपचारका सामान खरिद एवं आवश्यक शुरु कार्य गर्न सामाग्रीहरुको खरिदका साथै श्रम सम्भौताको शुरुवातका लागि समेत हुने छ ।
   ख) दोस्रो किस्ता वापतको रु ७,९०,५३५ (सात लाख नव्बे हजार पाचसय पैतिस रुपैया)को भुक्तानी आइ.एल.ओ (ILO) का इन्जिनियरको सिफारिसमा पहिलो किस्ताको ६५% खर्च भई, लिखित अनुरोध सहित खर्चको विवरण पेश गरेमा र समाप्त भएको कामको मुल्यांकन गरि प्रदान गरिने छ
   ग) अन्तिम किस्ता वापतको रु १,२१,१९७ (एक लाख एक्काइस हजार एक सय सन्तानब्बे रुपैया) आइ.एल.ओ (ILO) को इन्जीनियरद्धारा अन्तिम कार्यको कार्य सम्पादन प्रमाणित गरी अगाडीको समय देखी कुनै भुत्तानी बाँकी रहेकोमा लिखित अनुरोध सहित खर्चको विवरण पेश गरेमा र समाप्त भएको कामको मुल्यांकन गरि प्रदान गरिने छ ।

३. आइ.एल.ओले पूर्ण कालिन सुपर भाइजर परियोजना स्थलमा उपलब्ध गराइको कारणवाट नाइके (foreman) सग गरिने करार लाई झिकिएको छ । यो पदको लागतलाइ ढल निर्माणको लागतमा समायोजन गरिने छ ।

४. बर्षातको समयमा कार्य सुचारु गर्नाका लागि ढल लाइनको डिजाइमा परिवर्तन गरि खन्ने, पुर्ने र वालुवा राख्ने गर्नुका सटटा इटटा विच्छाइने छ । निर्माण गरिने ढलको लम्बाई ५१२ मिटर वाट घटाइ ५१० मिटर कायम गरिएको छ । यो ढल निमार्णको लागि विमा/ संयोगीक कोष रकम थोरै मात्रमा घटाइएको छ । सो घटाइएको भाग पुनारावलोकन गरिएको परियोजनाको नक्सा जुन यस संशोधनको अनुसुची २ मा राखीएको छ ।

५. नम्वर ३ र ४ मा उल्लेख गरिए अनुसार प्राविधिक डिजाइन परिर्वतन अनुसार खर्चको परिर्वतनहरु संशोधित परिमाणहरुको वील अनुसार , यसैको संशोधित अनुसुची ३ मा उल्लेख गरिएको छ ।

६. सेवा करारमा र यस संशोधनमा उल्लेख भए अनुसार परियोजना समाप्ती भएपछि बाँकी रहेको परियोजनाको रकम आइ.एल.ओ ले पूर्व स्वीकृति दिएमा ढलको लम्वाई बढाउनको निम्ती प्रयोग गरिने छ ।

अन्य शर्तहरु करारमा उल्लेख गरिए अनुसार कायम रहने छ ।

| | |
|---|---|
| आइ.एल.ओ का तर्फवाट | ठेकेदारको तर्फबाट |
| संचालक | अध्यक्ष |
| मिति : | मिति : |

# परिशिष्ट १० नमूना अनूगमन स्प्रेडसिट

## WORKPLAN AND PHYSICAL PROGRESS

Updated on 25 September 2009

**RAJAUL**

Construction of lined drains and gravelling of urban roads

Contractor: **Shree Rajaul Samaj Sewa Samiti**

| Item | Unit | | Quantity | 2009 May 1st | May 2nd | Jun 1st | Jun 2nd | Jul 1st | Jul 2nd | Aug 1st | Aug 2nd | Sep 1st | Sep 2nd | Oct 1st | Oct 2nd | Nov 1st | Nov 2nd | Dec 1st | Dec 2nd | Complet % | Budget | Skilled labour | Unskilled labour | Weighted completion % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **1- Construction of lined drains** | | | | | | | | | | | | | | | | | | | | | | | | |
| 1.1- Excavation of drains | m | Plan | 500 | | | | | | | | | 100 | 100 | 150 | 100 | 50 | | | | 37% | 18,500.00 | - | 100.00 | 34.8% |
| | | Actual | 183 | | | | | | | | | 183 | | | | | | | | | | | | |
| 1.2- Flat brick soling | m | Plan | 500 | | | | | | | | | 70 | 100 | 150 | 100 | 80 | | | | 35% | 111,659.00 | 18.00 | 36.00 | |
| | | Actual | 174 | | | | | | | | | 174 | | | | | | | | | | | | |
| 1.3- PCC works | m | Plan | 500 | | | | | | | | | 50 | 100 | 150 | 100 | 100 | | | | 35% | 127,904.83 | 12.00 | 84.00 | |
| | | Actual | 174 | | | | | | | | | 174 | | | | | | | | | | | | |
| 1.4- Brick works | m | Plan | 500 | | | | | | | | | | 100 | 150 | 100 | 120 | 30 | | | 35% | 606,603.50 | 84.00 | 336.00 | |
| | | Actual | 174 | | | | | | | | | 174 | | | | | | | | | | | | |
| 1.5- Plastering | m | Plan | 500 | | | | | | | | | | 50 | 150 | 100 | 150 | 50 | | | 35% | 79,088.80 | 75.00 | 75.00 | |
| | | Actual | 174 | | | | | | | | | 174 | | | | | | | | | | | | |
| **2- Placement of culverts 3m x 45cm** | | | | | | | | | | | | | | | | | | | | | | | | |
| 2.1- Installation of pipes | no | Plan | 4 | | | | | | | | | | 2 | 2 | | | | | | 0% | 13,638.00 | 0.50 | 3.00 | 0.0% |
| | | Actual | 0 | | | | | | | | | | | | | | | | | | | | | |
| **3- Construction of headwalls** | | | | | | | | | | | | | | | | | | | | | | | | |
| 3.1- Construction of culvert headwalls | no | Plan | 9 | | | | | | | | | | | 4 | 5 | | | | | 0% | 30,609.96 | 5.00 | 18.00 | 0.0% |
| | | Actual | 0 | | | | | | | | | | | | | | | | | | | | | |
| **4- Levelling and gravelling of roads** | | | | | | | | | | | | | | | | | | | | | | | | |
| 4.1- Sub-grade preparation | m | Plan | 473 | | | | | | | | | | | | 223 | 250 | | | | 0% | 195,325.00 | - | 325.00 | 0.0% |
| | | Actual | 0 | | | | | | | | | | | | | | | | | | | | | |
| 4.2- Gravel surfacing | m | Plan | 473 | | | | | | | | | | | | | | 223 | 250 | | 0% | | | | |
| | | Actual | 0 | | | | | | | | | | | | | | | | | | | | | |
| **5- Additional costs** | | | | | | | | | | | | | | | | | | | | | | | | |
| 5.1 Tools, first aid kit, insurance fund | NPR | Plan | 28,633 | | | | | | | | | | | | | | | | | 0% | 28,632.91 | - | - | 0% |
| | | Actual | 0 | | | | | | | | | | | | | | | | | | | | | |
| **Workdays generated** | | | | | | | | | | | | | | | | | | | | | | | | |
| Skilled | wd | Plan | 195 | | | | | | | | | | | | | | | | | 28% | | | | |
| | | Actual | 54 | | | | | | | | | 54 | | | | | | | | | | | | |
| Unskilled | wd | Plan | 977 | | | | | | | | | | | | | | | | | 24% | | | | |
| | | Actual | 231 | | | | | | | | | 231 | | | | | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| Total contract sum | 1,211,962.00 | Total payments received | 300,230.00 | | | Expected | Actual | Total planned |
| Received amount (%) | 24.8% | Expected expenditure | 328,760.13 | | Skilled labour | 65.77 | 54.00 | 194.50 |
| Completion (%) | 27.1% | Actual expenditure | 229,788.00 | 10-Sep | Unskilled labour | 221.39 | 231.00 | 977.00 |

# परिशिष्ट ११ संचालन र मर्मतको निर्देशीकाहरु

यो परिशिष्टको मुख्य उद्देश्य शहरी क्षेत्रहरुका सामुदायिक पुर्वाधारमा रहेका साझा किसिमका हस्तक्षेपको संचालन र मर्मतको बारेमा कोष संयन्त्र र सामुदायिक संचालनका लागि सामर्थ्य लाई दृष्टि गरि आधारभुत निर्देशनहरु प्रदान गर्नु हो ।

## सडक, वाटो र साहायक वाटो

यसको सबैभन्दा महत्वपुर्ण मर्मत क्रियाकलापमा ढल वा पुलपुलेसाका फोहरहरु सफा गरि सडकबाट पानी बग्न नदिई ढलबाट बगाउनु हो । यि कामहरु सामान्य रुपमा समुदायका मानिसहरुले आफु संग भएका हाते सामाग्रीहरु प्रयोग गरेर गर्न सक्छन् (वा निर्माण कार्यबाट बाँकी समानहरु पनि यसमा प्रयोग गर्न सकिन्छ) । अरु मर्मत क्रियाकलापहरुमा सडक सतह मर्मत (खाल्डाखुल्डी, पहिरो) तथा सडक संरचनाका कामहरु पर्दछन् । कच्ची, ग्राभेल, ढुङ्गा पेभिङ्ग वा कंकृट सडक सतहको ममिलामा एकखालको सानो तालिम दिई समुदायका मानिसहरुबाट पनि यो काम गर्न सकिन्छ, यधपी केहि सामाग्री भने जरुरत पर्छ (ग्राभेल, ढुङ्गा, सिमेन्ट, बालुवा, गिटी) । यि समानहरु स्थानियरुपमा वा नगरपालिका बाट उपलब्ध हुन सक्छन् । बिटुमेन सतही सडकहरुको सन्दर्भमा लाग्ने सामाग्रीहरु तुरुन्त उपलब्ध नहुन सक्छन्, जसको लागि बिशेष उपकरणहरुको आवश्यकता पर्छ, जसले सामुदायिक सहभागितामा केहि असर पु-याउन सक्छ । सडक संरचनाको मर्मतको लागि केहि सामाग्रीहरुको जरुरत पर्छ (ग्याबिन तार, सिमेन्ट आदि) ।

यस्ता कामको मर्मतको लागि भुक्तानी आधारमा स्वयंसेबकहरुको साटो सामुदायिक समुह तथा साना उधमीहरु सहभागी गराउन सिफारिस गरिन्छ किनकी स्वयंसेबकहरु आवश्यक समयमा उपलब्ध नहुन पनि सक्छन् । यसका लागि रकम नगरपालिका बजेट, सामुदायिक योगदान (बिशेष नगद) तथा अन्य कोष जम्माका कार्यक्रमहरुबाट आउछन् । टोलहरु बिशेष गरि उच्च ट्राफिक भएको ठाउँमा जिम्मेबार हुन्छन् तर जम्मा गरियको रकम लगानी गर्ने रकम संग मेल खानु पर्छ । रोजगारीको सन्दर्भमा यो बर्षभरिनै हुन सक्छ (पुर्ण वा आंशिक) जसमा नाला सफा गर्ने काम देखि मर्मतका कामहरु बर्षा याम अघिपछि र सुख्खा समयमा गर्ने कामहरु पर्दछन् ।

## ढल

राम्रो संग काम गरेको छ कि छैन भनेर यकिन गर्न ढलका पुर्वाधारहरु नियमित सफाइ (फोहर व्यवस्थापन, झारपात काट्ने) र आवश्यकता अनुसार मर्मत गर्नुपर्छ बिशेष गरि बर्षायाम ठिक अघि र बर्षायाममा । यस्तो काममा समुदायका मानिस बिशेष गरि निर्माण अबधिमा काम गरेकालाई सहभागी गराउनु उचित हुन्छ । फोहर व्यवस्थापनको कार्यन्वयनले सहि रुपमा नाला पुर्वाधारको मर्मतको आवश्यकतालाई अनुभुत गराउछ ।

मर्मतको कामको गठन सामुदायिक समुह तथा साना उधमी लाई आवश्यता हेरी (सामान्यतया केहि समय बर्षयाम अघि या पछि ) प्रयोग गर्न सकिन्छ । त्यस्तै एड-हक आधारमा मजदुरहरुको समुह बनाउन पनि सकिन्छ । स्वयंसेवक हरु प्रयोग गर्न सकिने भएता पनि समयमा मर्मत गर्नको लागि भुक्तानीको आधारमा मजदुरहरु नै प्रयोग गर्न सल्लाह दिईन्छ ।

## खानेपानी

यसमा सामान्यतया निरन्तर क्रियाकलापका कामहरु बिशेष गरि खानेपानीको सहज आपुर्ति र समुदायबाट दस्तुर संकलन गर्ने जस्ता कामको आवश्यकता पर्दछ । खानेपानीको स्वामित्वको आधारमा यो काम नगरपालिका, खानेपानी कम्पनी, समुदाय वा साना उधमीले यसको संचालन र दायित्व बहन गर्छन् । सार्वजनिक इनार, बोरहोल वा धाराहरुको हकमा उपभोक्ता बाट रकम संकलन गर्नेकाम झन्झटिलो हुन्छ र यसको अनुगमनको लागि बिशेष संयन्त्र बनाउन पर्ने हुन्छ । त्यसैले यस्ताखालका सार्वजनिक पानीको आपुर्तिमा संयन्त्र सहि तथा सर्वमुखीखालको बलाउन कडा सिफारिस गरिन्छ, जसले समुदाय वा साना उधमीले गर्ने मर्मतमा अहम् भुमिका खेल्दछ । जहाँ नगरपालिकाले यस्तो खालको जिम्मा लिन्छ त्यहाँ रकमको हिनामिना हुन नदिन समुदायमा संयन्त्र खडा गरी बैकल्पिक कोष खडा गर्नु पर्छ । केरह हद सम्म स्वयंसेवक मजदुरको योगदान रहने भएपनि मर्मतको लागि समान खरिदमा भने नगद योगदानको आवश्यकता पर्दछ ।

### सरसफाई

खाल्डोवाला शौचालयको हकमा नियमित खाल्डो सफा गर्ने बाहेक मर्मत क्रियाकलापहरु कम्ती हुन्छन् । जहाँ दुई खाल्डो भएको शौचालय बनाईन्छ त्यहाँ पुर्णरुपमा खाल्डा बन्द गर्दा एक त मजदुरको मर्मत गर्दा सहभागी कम लाग्छ भने दिर्घकालिन रुपमा स्वस्थकरपनि हुन्छ (दिशा निस्कासन लाई पनि सहि रुपले प्रयोग गर्न सिकाउछ) ।

यस्ता काम बिधमान उधमीले गर्न सक्छन्, र यसको लागि उसलाई पर्याप्त समुदायको साथमा अन्य मर्मतका काम भने उपलब्ध हुनु पर्छ । दिशा बिसर्जनको लागि पनि सहि स्थलको यकिन हुनु पर्छ । साना मर्मतको काम समुदायलेनै जिम्मा लिने वा उधमीलाई नै अन्य काम संगै जिम्मा दिन सकिन्छ ।

### फोहोर व्यवस्थापन

यसको लागि उधमी आधारित प्रणाली अपनाउन सल्लाह गरिन्छ, जसमा कोष समुदायको दस्तुर[२८] संकलन बाट गरिन्छ । यस्ता उधमीले हरघरहरुबाट फोहर संकलन गरी माध्यमिक स्थल सम्म पु-याउदा समुदायका हरेक मानिसलाई रकम संकलनमा दायित्व बोध गराउछ । यसरी रकम संकलन गर्दा बढि असुल्न हुदैन र फोहर व्यबस्थापनमा उनिहरुको योगदान हुन जरुरी छ भनेर देखाउन सक्नु पर्छ । सार्वजनिक ठाउँमा फोहर व्यवस्थापनको जिम्मा पनि उक्त उधमीलाई नै दिनु पर्छ र यसको लागि आवश्यक रकम समुदायबमट उठाइएको दस्तुरबाट दिन सक्ने हुनु पर्छ । समुदायको सभ्य जिवनस्तर बाहेक फोहर व्यवस्थापनले सडक मर्मत र फोहरले गर्दा हुने सडक अवरोध हटाई सहि ढल निकासमा पनि राम्रो प्रभाव पार्छ ।

उपभोक्ताबाट यसरी उठाइएको दस्तुरबाट फोहर संकलकको तलब, समान तथा उपकरणको खरिद, मर्मत र पुनर्स्थापना (हातेगाडा, हाते सामाग्री, सुरक्षात्मक साधन) र उद्यमीको फाईदा सबै समेट्न सक्ने खालको हुनुपर्छ । फोहर पुनर्चक्रिय बिधि[२९]बाट अतिरिक्त आर्जन र रोजगारी उत्पादन बढाउन सकिन्छ । फोहर संकलक द्वारा सुरक्षा र स्वास्थ्यको यकिन गराउन तथा फोहर पुनर्चकको दायित्वबोध हुन जरुरी छ । यसमा काम गर्ने घण्टा, भार, सवारी दुर्घटना, दुर्गन्ध, मेसीनबाट हुने हल्ला, झमेलाका चिजहरुका बारेमा पनि उसले ध्यान दिन जरुरी छ ।

### सार्वजनिक भवन

सार्वजनिक भवनहरुको लागि खानेपानी तथा बिजुलीको भुक्तानी लगाएत यसको मर्मत (काठ या पर्खालको रंगरोगन, झ्याल, ढोका, छाना आदिको मर्मत) को यकिन हुन जरुरी छ । यसको लागि उचित कोषको व्यवस्था हुन पर्छ जसमा या त समुदायको योगदान वा कोष संकलनको लागि गरिने कार्यक्रम पर्दछ । भाडामा दिई कोष खडा गर्नु पनि यसको एउटा राम्रो तरिका हो । स्कुल वा क्लिनिकको सन्दर्भमा मर्मतको लागि उपलब्ध हुने रकम नगरपालिका वा संबन्धित निकायबाट नै संकलन हुन्छ । समयमा मर्मतको लागि चाहिने कोष पर्याप्त मात्रामा पहिलेनै उठ्न जरुरी छ । मर्मतका कामहरु सामान्यतया आवश्यकता हेरि बर्षको एक पटक या उचित समयाबधिमा गरिन्छ । यो काम ठेकेदार वा  समुदायका दक्ष मजदुरले पनि गर्न सक्छन् ।

---

[२८] यो पनि हेर्नुहोस् : "Start your waste collection service", आई एल ओ, २००२ (www.ilo.org/eiip).

[२९] उपयोगी प्रकाशन भनेको "Start Your Waste Recycling Business - Training Package", हो, आई एल ओ, अक्टोबर २००७ (www.ilo.org/eiip).

# अन्तर्राष्ट्रिय श्रम संगठन

## शहरी क्षेत्रहरुमा सामुदायिक पूर्वाधार विकास
## शहरी क्षेत्रहरुमा न्यून आय अभिवृद्धिका निम्ति रोजगारीको श्रृजना

संसारमा गरिवी दिन प्रतिदिन शहरीकरण हुदै गइरहेको छ । यसको मुख्य कारणको रुपमा संसारभरिको जनसख्या शहरी क्षेत्रमा वृद्धी हुदै जानु, प्राकृतीक कारण शहरी जनसख्या बढनु र ग्रामीण क्षेत्रहरुबाट विस्तारै बिस्तारै शहर बजारमा अन्तरागमन हुनु हो । (खासगरी ग्रामीण गरिबहरु) यस्ता शहरी गरिबहरु न्यून आयमा बाच्न वाध्य छन् र यिनहरु बेरोजगार रहेका कारणवाट न्यूनतम सुविधाहरुमा समेत यिनका पहुच धैरै नगन्य मात्रामा छ । सन् २०३० सम्ममा एशियाको जनसंख्याको आधी भन्दा बढि शहरी हुन्छन् (बिश्व जनसंख्याको ३०% वा २ अर्ब ७० करोड), र यसको करिब २५% शहरी जनता गरीब हुन्छन् (६७ करोड ५० लाख जनसंख्या एशियामा मात्र छ) । यस्ता शहरी गरिब निम्न स्तर भएका, पुर्वाधारमा आधारभुत सुबिधाको पहुँच नभएको, निम्न स्तर वा रोजगारीको व्यवस्था नभएको हुन्छ । त्यहाँ त्यसकारण आपतकालिन तथा द्रुत प्रगतीको जरुरी छ जसले पुर्वाधारमा आधारभुत सुबिधाको पहुँच नभएको, निम्न स्तर वा रोजगारीको व्यवस्था नभएका ठाउँमा छिटो संबोधन होस् ।

यो पुस्तकले नेपालका शहरी क्षेत्रमा शहरी क्षेत्रमा सामुदायी संरचनाको विकासको रुपरेखाको कसरी परिचालन गर्न सकिन्छ र शहरी क्षेत्रमा बसोबास गर्ने न्यून आय भएकाको जिवनस्तर उकास्न कसरी नया रोजगारी उत्पन्न गर्न सकिन्छ भने जानकारी दिन्छ । शहरी विकास र गरिवीको प्रारम्भीक र आंकडा को संक्षिप्त परिचय पश्चात यस पुस्तकले रोजगारी र आय आर्जनका लागि सामुदायीक करार (सम्झौता) कसरी गर्ने भन्ने जानकारी उपलब्ध गराउछ । यसका साथै आधारभूत न्युनतम सुविधामा कसरी यि न्युनआय भएका मानिसहरुको पहुच लाई विकास गर्न सकिन्छ भन्ने समेत जानकारी दिन्छ । सामुदायिक संरचना विकासका निम्ती कस्ता कदमहरु चालिएका छन् र कस्ता समस्या र समाधानहरु छन भन्ने कुराहरु बाट शुरु गरिएको ४ मुख्य नमूना परियोजनाहरुवाट प्राप्त अनुभवहरुलाई विस्तुत रुपमा राखीएको छ ।





